# काठमाडौं ढल्कोस्थित लुँती अजिमाको सांस्कृतिक अध्ययन

त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत् नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत

शोधपत्र


**शोधार्थी :**

**महेश सापकोटा**

त्रि.वि.वि नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग कीर्तिपुर

रोल नम्बर : ०५/०७५

त्रि.वि.दर्ता नं : ७-१-२२-१००८-२०००


**२०७९**

# सिफारिस पत्र

शोधार्थी महेश सापकोटाद्वारा स्नातकोत्तर तहको उपाधि प्राप्तिका निमित्त **'काठमाडौं ढल्कोस्थित लुँती अजिमाको सांस्कृतिक अध्ययन'** शीर्षकमा प्रस्तुत शोधप्रबन्ध मेरो सुपरीवेक्षणमा पूरा गरिएको हो । यस शोधप्रबन्धमा इन्द्रायणी मन्दिरसँग सम्बन्धित भौतिक तथा अभौतिक संस्कृतिको बारेमा सूक्ष्म किसिमले अध्ययन गरिएको छ । शोधकर्ताले गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । स्नातकोत्तरस्तरीय शोधका दृष्टिले यो शोधप्रबन्ध स्वीकार्य देखिएकाले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.........................................

**सह. प्रा.डा. सन्ध्या खनाल पराजुली**

**शोधनिर्देशक**

मिति : २०७९/०८/१३

## प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि '**काठमाडौं ढल्कोस्थित लुँती अजिमाको सांस्कृतिक अध्ययन**' शीर्षकको शोधप्रबन्ध सह प्रा.डा. सन्ध्या खनाल पराजुलीको शोध निर्देशनमा तयार पारिएको हो । यो शोधप्रबन्ध मेरो मौलिक लेखन भएको र कुनैपनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु ।

मिति : २०७९ साउन २२

....................

**महेश सापकोटा**

**शोधार्थी**

# कृतज्ञता ज्ञापन

आफू कार्यरत संस्कृति तथा पुरातत्व अध्ययन केन्द्रबाट स्थलगत अन्वेषणको क्रममा इन्द्रायणी (लुँती अजिमा) आसपास पुग्दा म लगायत अध्ययन केन्द्रका साथीहरूसँग यो क्षेत्रको अध्ययन हुन बाँकी विषयका बारेमा छलफल भएको थियो । काठमाडौंको केन्द्रमा रहेर पनि प्रशस्त खोजी हुन बाँकी रहेको यो क्षेत्रलाई शोधको विषय बनाउन सहयोग गर्ने संस्कृति तथा पुरातत्व अध्ययन केन्द्र र यसका सदस्यहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधकार्य मैले त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागकी सहप्राध्यापक डा. सन्ध्या खनाल पराजुलीको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । काठमाडौं ढल्कोस्थित लुँति अजिमाको सांस्कृतिक अध्ययन शीर्षकको शोध तयार पार्नेक्रममा हौसला, सल्लाह र सुझाव दिनुहुने डा. खनालसहित सम्पूर्ण आदरणीय गुरुहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यस शोधकार्यसँग सम्बन्धित विषयमा प्रत्यक्ष रूपमा सहयोग, सल्लाह एवं सुझाव दिनुहुने विभागकी पूर्व विभागीय प्रमुख प्रा.डा. वीणा पौड्याल, पूर्व विभागीय प्रमुख प्रा.डा. मदन कुमार रिमाल, तथ्यांक संकलनको क्रममा अध्ययन क्षेत्रमै पुगेर सहयोग गर्नुहुने सहप्राध्यापक डा. महेशकुमार आचार्य, उपप्रा.डा. टिना मानन्धर र उपप्राध्यापक अभिजित थापाप्रति पनि म अनुगृहित छु ।

मेरो यो शोधकार्यसँग सम्बन्धित विषयमा सल्लाह, सुझाव र परामर्श दिनुहुने विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडा, सहप्रा.डा. पुनम राज्यलक्ष्मी राणा, उपप्रा. डा. निर्मला पोखरेल, उपप्रा.डा. पशुपति न्यौपानेलगायतमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, मलाई सुरुदेखि अध्ययन अध्यापनमा सधैंभरि उत्प्रेरणा दिइरहनुहुने पूजनीय पिता चिरञ्जीवी सापकोटा, ममतामयी माता वसन्ती सापकोटाप्रति म अनुगृहित छु । स्नातकोत्तर तहको अध्ययन र शोध कार्यमा सधैंभरि उत्प्रेरणा भर्दै आएकी मेरी धर्मपत्नी भगवती खनालप्रति पनि आभार व्यक्त गर्न चाहन्छु । यस शोधकार्यका लागि प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्णमा एकमुष्ठ धन्यवाद व्यक्त गर्न चाहन्छु ।

शोधार्थी

महेश सापकोटा

# शोधसार

काठमाडौं ढल्कोस्थित लुँति अजिमाको सांस्कृतिक अध्ययन शीर्षकको यो शोधप्रवन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत् नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा स्नाकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिका निमित्त प्रस्तुत गरिएको हो । इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा के के हुन् ? इन्द्रायणी मन्दिर क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदासँग सम्बन्धित पक्षहरू केके हुन् र आधुनिकीकरणले यस मन्दिरसँग सम्बन्धित भौतिक तथा अभौतिक पक्षमा कस्तो असर पारेको छ ? भन्ने सन्दर्भ यस अध्ययनका समस्या हुन् । इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाका बारेमा खोजी तथा अध्ययन गर्नु, इन्द्रायणी मन्दिर क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी विविध पक्षको अन्वेषण गर्नु र इन्द्रायणी मन्दिर क्षेत्रका सांस्कृतिक सम्पदा व्यवस्थापनको अवस्था पहिचान गरी त्यसका उपायहरू शोधखोज गर्नु जस्ता विशिष्ट उद्देश्य यो अध्ययनले निर्धारण तथा परिपूर्ति गरेको हो ।

विषयवस्तुका दृष्टिले यस अध्ययनको मुख्य क्षेत्र इन्द्रायणी मन्दिरको सांस्कृतिक पक्षको विश्लेषण गर्नु हो । भूगोलका आधारमा यो अध्ययन प्रदेश नं. ३ को काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १७ मा रहेको लुँती अजिमा पनि भनिने इन्द्रायणी मन्दिरमा केन्द्रित रहेको छ । यो अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै किसिमका तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएका छन् । प्राथमिक तथ्याङ्क स्थलगत सर्वेक्षण र द्वितीयक तथ्याङ्क पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएको हो । प्राथमिक तथ्याङ्क एवम् सूचना सङ्कलनका निमित्त अन्तर्वार्ता, अवलोकन, सामूहिक छलफल, अभिलेख सङ्कलन र अध्ययन आदि जस्ता विधिहरूको आवश्यकताअनुसार प्रयोग भएका छन् । यस शोधमा गुणात्मक विधिको प्रयोग गरिएको छ । विश्लेषणात्मक, वर्णनात्मक एवम् अन्वेषणात्मक अनुसन्धानको सैद्धान्तिक ढाँचामा यो शोधपत्र अनुबन्धित गरिएको छ ।

प्रस्तुत शोध तयार पार्ने कममा यसअघि अध्ययन हुन बाँकी रहेको काठमाडौंको लुँती अजिमाको सांस्कृतिक पक्षबारे जानकारी संकलन भएको छ । इन्द्रायणी अर्थात् लुँती अजिमालाई भक्तजनहरूले एउटा शक्तिपीठको रूपमा पूजा गर्ने गरेको जानकारी पाइएको छ । इन्द्रायणी अष्टमातृकामध्येकी एक मातृका पनि हुन् । उनलाई मातृकाको स्वरूपमा पनि पूजा गर्ने चलन रहेको तथ्य शोधको कममा प्राप्त भएको छ । यस मन्दिरमा नेवारी सम्प्रदायभन्दा बाहिरका

भक्तजनहरू पनि कहिलेकाहीँ दर्शनको लागि आउने भए तापनि यो मन्दिर स्थानीय महर्जन, मानन्धर, देउला, खड्गी, शाही आदिका इष्टदेवी रहेको तथ्य पनि जानकारीमा आएको छ । यी देवीलाई स्थानीयले लुँती अजिमाको रूपमा र बाहिरबाट आएका भक्तजनहरूले मनकामना देवीको रूपमा पूजा गर्ने गरेको तथ्य पनि प्राप्त भएको छ। यस मन्दिरको इतिहास, संस्कृति तथा परम्परा केही विशेष खालको छ । हालसम्मका अध्ययनबाट यो मन्दिरको इतिहास १२ औं शताब्दीका राजा गुणकामदेवको समयसम्म पुगेको भएपनि यस शोधको क्रममा यो मन्दिरको ऐतिहासिकता लिच्छविकालसम्म पुग्न सक्ने प्रमाण भेटिएको छ । मन्दिरको पश्चिमतर्फ भेटिएका तीनवटा शिवलिंगको तुलनात्मक अध्ययन गर्दा विद्वानहरूले सो शिवलिंगको समय लिच्छविकालसम्म पुग्न सक्ने धारणा राखेका छन् । अतः यो मन्दिर क्षेत्रको इतिहास लिच्छविकालसम्म पुग्न सक्छ भन्ने यो शोधको मुख्य प्राप्ति रहेको छ। शोधको क्रममा केही सांस्कृतिक पक्षमा आधुनिकताका कारण विचलन आएको समेत भेटिएको छ। मन्दिरमा बाला चतुर्दशीको दिन गरिने यज्ञमा विभिन्न जीवहरूलाई जिउँदै यज्ञकुण्डमा आहुती दिने चलनमा केही भिन्नता आएको भेटिएको छ। समग्रमा शोधार्थीले काठमाडौं उपत्यकामा रहेका शाक्त धर्मसम्बन्धी मन्दिर एवं शक्तिपीठमध्ये यो पीठको संस्कृति एवं परम्परा समेत विशेष रहेको पहिचान गरेको छ । साथै, आधुनिकताले यी संस्कृतिमा पारेको प्रभाव न्यूनीकरण आवश्यक रहेको समेत शोधका क्रममा पत्ता लागेको छ ।

# विषय सूची

क. सिफारिस पत्र
ख. शोधप्रवन्धकको स्वीकृति
ग. प्रतिबद्धतापत्र
घ. शोध विशेषज्ञको सिफारिस
ङ. कृतज्ञता
च. शोधसार
छ. विषय सूची

## अध्याय एक
## शोध परिचय

१.१ पृष्ठभूमि १
१.२ शोध परिचय २
१.३ समस्या कथन ३
१.४ शोधको उद्देश्य ४
१.५ शोधको महत्व ४
१.६ पूर्वसाहित्य समीक्षा ४
१.७ शोध विधि ८
१.७.१ शोध ढाँचा ८
१.७.२ तथ्याङ्क सङ्कलन ८
१.७.३ प्राथमिक स्रोत ९
१.७.३.१ अवलोकन ९
१.७.३.२ अन्तर्वार्ता ९
१.७.३.३ समूहगत छलफल १०
१.७.३.४ अभिलेख अध्ययन १०
१.७.३.५ तस्वीर सङ्कलन १०
१.७.४ द्वितीयक स्रोत ११
१.७.५ तथ्याङ्क विश्लेषण ११
१.७.६ शोधको चरण एवं प्रक्रिया ११
१.७.७ शोधको रूपरेखा १२
१.८ शोध क्षेत्र १२
१.९ शोधको सीमा १३
१.९.१ नसमेटिएको पक्ष १३

## अध्याय दुई
## शाक्त धर्मको परिचय

२.१ धर्मको संक्षिप्त परिचय १४
२.२ शाक्त धर्मको अर्थ १५
२.२.१ शाक्त धर्मको उत्पत्ति र विकास १६

२.२.२ नेपालमा शाक्त धर्मको विकास १९
२.३ मातृकाको परिचय २२
२.४ अजिमा २४
२.५ शक्तिपीठ २५

**अध्याय तीन**
**इन्द्रायणी (लुँती अजिमा) मन्दिरको परिचय**

३.१ ढल्कोको परिचय २७
३.१.२ ढल्कोको नामाकरण २७
३.२ इन्द्रायणीको परिचय २९
३.२.१ काठमाडौं उपत्यकाका इन्द्रायणी मन्दिरहरू ३०
३.३ इन्द्रायणी (लुँती अजिमा) मन्दिरको परिचय ३१
३.३.१ लुँती अजिमा सम्बन्धी किंवदन्ती ३२
३.४ लुँती अजिमाप्रति स्थानीयको धारणा ३३

**अध्याय चार**
**इन्द्रायणी मन्दिरका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा**

४.१ इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा ३४
४.१.१ संस्कृतिसम्बन्धी अवधारणा ३४
४.१.२ संस्कृतिको अर्थ एवं परिभाषा ३४
४.१.३ संस्कृतिको स्वरूप ३५
४.१.४ मूर्त वा भौतिक संस्कृति ३६
४.२ इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा ३७
४.२.१. इन्द्रायणी मन्दिरको वास्तुकला ३७
४.२.२ तोरण ४०
४.२.३ टुँडाल ४१
४.२.४ मन्दिरमा भित्र रहेका मूर्तिहरू ४५
४.२.५ इन्द्रायणी देवीको प्रतिमालक्षण ४६
४.२.६ मन्दिर वरपर रहेका अन्य भौतिक सम्पदाहरू ४९
४.२.७ मुख्य मन्दिर परिसर ५०
४.२.७.१ मोनोलिथिक चैत्य ५०
४.२.७.२ शिवलिङ्ग ५१
४.२.७.३ बज्रधातु चैत्य ५१
४.२.८ मन्दिर परिसरमा रहेको घाट ५१
४.२.९ मन्दिर परिसरमा रहेका अभिलेखहरू ५२
४.३ अमूर्त वा अभौतिक संस्कृतिको आधारणा ५४
४.३.१ अमूर्त संस्कृतिको परिचय ५५
४.३.२ मन्दिरमा गरिने पूजाहरू ५६
४.३.२.१ नित्य पूजा ५६
४.३.२.२ पर्व विशेष पूजा ५७
४.३.३ जात्रा विशेष ५७

४.३.४ लुँती अजिमाको जात्रामा बलीको चलन ५९
४.३.५ मन्दिरसँग जोडिएका अन्य जात्राहरू ६२

## अध्याय पाँच
## संस्कृतिमा आधुनिकीकरणको प्रभाव

५.१ इन्द्रायणी मन्दिरमा प्रचलित संस्कृति र आधुनिकीकरणको प्रभाव ६४
५.२ मन्दिरको वर्तमान अवस्था तथा व्यवस्थापन ६५

## अध्याय छ
## प्राप्ति, छलफल र निष्कर्ष

६.१. मुल प्राप्ति ६६
६.१.१ इन्द्रायणी क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा ६६
६.१.२ इन्द्रायणी क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदा ६७
६.१.३ सांस्कृतिक गतिविधिमा आधुनिकताले पारेको असर ६८
६.२ निष्कर्ष ६८

## अनुसूचीहरु

परिशिष्ट एकः अन्तर्वार्तामा सहभागी स्थानीय तथा विज्ञहरूको नाम र ठेगाना ७०
परिशिष्ट दुईः अन्तर्वार्ताको क्रममा सोधिएका प्रश्नको ढाँचा ७१
परिशिष्ट तीनः चित्र सूची ७२
सन्दर्भ सूची ७९

# अध्याय एक
# शोध परिचय

## १.१ पृष्ठभूमि

नेपाल मन्दिर तथा संस्कृतिका कारण विश्वमा परिचित छ। यहाँ हिमालको काखदेखि पहाडको थुम्को तथा तराईको समथर भूभागमा कुनै न कुनै देवदेवीको भौतिक वा अभौतिक मन्दिर भेटिन्छ। यहाँको परम्परा, संस्कृति तथा सम्पदाहरूले संसारमा सामु अलग पहिचान बनाएको छ। अझ काठमाडौंलाई देउतैदेउता र मन्दिरैमन्दिरको शहर भनेर चिनिन्छ। विभिन्न धार्मिक ग्रन्थहरू, जस्तै पुराण उपनिषद् आदि अध्ययन गर्ने हो भने काठमाडौंलाई पवित्र स्थल, देवताले वास गरेको ठाउँ, पवित्र नदीको क्षेत्र आदिको रूपमा वर्णन गरिएको पाइन्छ। यहाँ हरेक टोल, बस्तीदेखि अनकन्टार स्थलसम्म मूर्त तथा अमूर्त रूपमा विभिन्न देवी देवताहरूका मन्दिरहरू अवस्थित छन्। इतिहासको विभिन्न कालखण्डमा विभिन्न राजा, महाराजा तथा सामन्तहरूले धर्म-संस्कृति आदिको नाममा होस् वा आफ्नो समृद्धि प्रकट गर्न होस्, विभिन्न स्थानमा अनेकौं देवीदेवताको मन्दिरहरू स्थापना गरे। ती मन्दिरहरू आजको दिनमा राष्ट्रकै गौरवको रूपमा खडा भएको छ। नेपालको इतिहास तथा संस्कृतिलाई गहन अध्ययन गर्ने हो भने कुनै न कुनै रूपमा यिनै धार्मिक स्थल तथा मन्दिरहरू जोडिने गरेको पाइन्छ। यिनै मन्दिरहरू इतिहासका विभिन्न कालखण्डमा प्रचलनमा रहेका धर्म, कला र संस्कृतिको बारेमा अध्ययन, अनुसन्धान गर्नको लागि कोशेढुंगा सावित भएका छन्। सो समयको वास्तुकला, मूर्तिकला तथा शहर बसाउनको लागि प्रयोग भएका कतिपय प्रविधिहरू हालका दिनसम्म पनि रहस्यको गर्भमै छ।

नेपालको इतिहासलाई केलाएर हेर्ने हो भने त्यतिबेलाका राजा-महाराजाहरूले हिन्दू तथा बौद्ध धर्मलाई प्राथमिकता दिएको प्रशस्त प्रमाणहरू देखिएका छन्। चाँगुनारायणमा फेला परेको पाँचौं शताब्दीको अभिलेख लगायत प्रमाणित इतिहास फेला परेको समयदेखि मल्ल हुँदै शाहकालसम्म प्रायः सबै राजाहरूले हिन्दू तथा बैद्ध धर्मलाई समान प्राथमिकता दिएको त्यतिबेलाका अभिलेखीय प्रमाणहरूले देखाउँछन्। इतिहासको कालखण्डमा कुनै राजा वैष्णव धर्मसँग आबद्ध रहेको पाइएको छ भने कुनै राजा शैव धर्मका अनुयायी थिए। राजाहरूले जुन सम्प्रदाय अँगाले पनि सबैले शक्ति (देवी)लाई भने विशेष महत्व दिएको पाइएको छ (न्यौपाने, वि.सं.२०७३-०६-०१)। हालसम्म काठमाडौं उपत्यकामा भेटिएकामध्ये सबैभन्दा पुरानो

मानिएको (च्यासलहिटीको गजलक्ष्मी) मूर्ति होस या मालिगाउँमा भेटिएका मातृकाका मूर्तिहरू वा कीर्तिपुरको वागभैरव मन्दिर परिसरमा भेटिएको मातृकाको मूर्ति नै किन नहुन्, यी सबै कुनै न कुनै रूपले शाक्त धर्मसँग जोडिएका छन् । तत्कालीन समयमा बनेका विभिन्न देवीका मन्दिर तथा मूर्तिहरूबाट उक्त समयमा देवी उपासनालाई विशेष महत्व दिइन्थ्यो भन्ने प्रष्ट हुन्छ । प्रायः हरेक गाउँ, टोल तथा बस्तीमा भगवती, दुर्गा, मातृका, पीठ वा शक्तिको रूपमा कुनै न कुनै देवीको मन्दिर वा मूर्तिलाई रक्षकको रूपमा राखिने चलन रहेको छ । नदीको दोभान, किनार, बस्ती प्रवेशद्वार, पहाडको टुप्पो आदिमा हालसम्म पनि देवीको थान रहेको छ । काठमाडौंको ढल्कोमा अवस्थित विष्णुमती नदीको किनारमा रहेको इन्द्रायणी मन्दिर पनि माथि उल्लेखित विशेषतामा आधारित भएर निर्माण गरिएको छ ।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १७ को ढल्कोमा अवस्थित इन्द्रायणी मन्दिरलाई स्थानीय भाषामा लुँती अजिमा पनि भनिन्छ । कतिपय विद्वानहरूल बाह्रौं शताब्दीका राजा गुणकामदेवले काठमाडौं शहरको सुरक्षाको लागि स्थापना गरिएका अष्ट मातृकामध्ये ढल्को स्थित इन्द्रायणीलाई पनि एक मानेका छन् । यस मन्दिरलाई छेवैबाट बगेकी विष्णुमती नदीको सभ्यतासँग जोडेर पनि हेर्ने गरिएको छ । यस स्थानमा नदीको वारि र पारि गरी तीनवटा प्राचीन समयका देवीमन्दिर हुनुले पनि तत्कालीन समयमा यस क्षेत्र धार्मिक दृष्टिले विशेष भएको मान्न सकिन्छ । यस नदी क्षेत्रमा स्थानीयले जन्मदेखि मृत्युपर्यन्तका अनेकौं संस्कार गर्ने गरेको पाइन्छ तर इन्द्रायणी (लुँती अजिमा) मन्दिरमा भने अन्तिम संस्कार मात्रै गर्ने गरेको पाइन्छ । ढल्कोस्थित इन्द्रायणी मन्दिर सो क्षेत्रका स्थानीयको ईष्टदेवीको रूपमा परम्परादेखि नै पूजा हुँदै आएको स्थानीयहरू बताउँछन् । स्वर्गको राजा इन्द्रको शक्ति इन्द्रायणी, ऐन्द्री वा इन्द्राणीको रूपमा मानिएको यस मन्दिरमा पहिले निस्कल रूपको एक प्रस्तर शिलालाई मात्र पूजा गरिन्थ्यो । पछि निष्कल मूर्तिलाई ढाकेर प्रस्तरको सकल मूर्ति बनाएर केहि समय अघिसम्म पूजा गरिन्थ्यो भने हाल सोही प्रस्तर मूर्तिलाई पुर्ण रूपले ढाकेर धातुको मूर्ति बनाइ पूजा गर्न थालिएको स्थानीयहरू बताउँछन् । यस मन्दिरमा बिशेष गरी मंसिर कृष्ण चतुर्दशी अर्थात बाला चतुर्दशीको दिनमा तान्त्रिक विधिबाट, हरेक महिनाको कृष्ण चतुर्दशीको दिन र बडा दशैंको अष्टमीमा विशेष पूजा गरिन्छ ।

## १.२ शोध परिचय

शक्ति, देवी वा नारी स्वरूपको उपासना गर्ने हिन्दू धर्मको एउटा सम्प्रदाय शाक्त हो । "शक्ति" शब्द संस्कृत भाषाको शक शब्दमा क्तिन् प्रत्यय मिलेर बनेको मानिएको छ ।

जसको अर्थ सामर्थ्य युक्त हुनु हो (सुदर्शन अर्याल, व्यक्तिगत अन्तर्वार्ताः वि. सं. २०७९-५-१०) । जुन धर्ममा देवी वा मातृशक्तिलाई सर्वोच्च वा संसारमा एक मात्र शक्ति मानेर उपासना गरिन्छ, त्यो सम्प्रदाय नै शाक्त सम्प्रदाय हो । यो सम्प्रदायका उपासकहरूले शक्तिलाई सृष्टि, विनासकारिणी, अविकारीको रूपमा मान्छन् । सनातन धर्मको इतिहासलाई अध्ययन गर्ने हो भने हरेक देवको मन्दिरमा कुनै न कुनै रूपमा शाक्त, शक्ति वा देवी जोडिएको पाइन्छ । इतिहासमा शक्ति उपासनाका प्रमाणहरू पाइनुले शाक्त सम्प्रदायको सुरुवात अती प्राचीन समयदेखि नै भएको विश्वास गर्न सकिन्छ । शाक्त सम्प्रदायमा विभिन्न देवीलाई एकल युगल वा समूहगत रूपमा, सौम्य वा रौद्र स्वरूपमा, मन्त्र तथा तन्त्र साधनाबाट पूजा उपासना गर्ने चलन रहेको पाइन्छ । सप्त वा अष्टमातृका, नवदुर्गा, दशमहाविद्या आदि देवीको समूहगत स्वरूपहरू हुन् । यी सबै समुहगत स्वरूपमा देवीको प्रतिमालक्षणको आधारमा मन्त्र वा तन्त्र द्वारा पूजा गर्ने प्रचलन रहेको छ । यसैअन्तर्गत् मातृका समूहमा पर्ने देवीहरूमध्ये इन्द्रायणी देवी पनि एक हुन् । काठमाडौंको ढल्कोस्थित इन्द्रायणीलाई स्थानीय भाषामा लुँती अजिमा भनिन्छ । स्थानिय भाषामा *लुँ* भनेको सुन र *ती* भनेको झोल भन्ने अर्थ लाग्छ । नामको बारेमा विस्तृत जानकारी दोस्रो अध्यायमा दिइएको छ । यस शोधपत्र यही लुँती अजिमा वा इन्द्रायणी मन्दिरमा केन्द्रित रही तयार पारिएको छ ।

## १.३ समस्या कथन

काठमाडौं महानगरपालिकाको वडा नं. १७ पुरानो ढल्कोमा अवस्थित विष्णुमती नदीको किनारमा रहेको इन्द्रायणी मन्दिर ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण स्थल हो । यहाँ धर्म, संस्कृति र संस्कारसँग सम्बन्धित अनेक किसिमका गतिविधिहरू गरिन्छन् । इन्दायणी मन्दिरको पुरातात्विक, धार्मिक, सास्कृतिक तथा ऐतिहासिक महत्वका बारेमा अहिलेसम्म पर्याप्त अध्ययन हुन सकेको छैन । केही विज्ञहरूले यस मन्दिरको बारेमा सामान्य जानकारी दिएको पाइए तापनि विस्तृत अध्ययनको अभावमा यस सम्पदा ओझेलमा परेको छ । त्यसैले यस सम्पदाको बारेमा थप अध्ययन अनुसन्धान गर्नको निमित्त यो शोधपत्र तयार पारिएको हो । यस शोधका समस्यालाई निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छ ।

क. इन्द्रायणी मन्दिरको मूर्त सांस्कृतिक पक्षको अध्ययन नहुनु ।

ख. इन्द्रायणी मन्दिरसँग जोडिएको अमूर्त सांस्कृतिक पक्षको पर्याप्त अध्ययन नहुनु ।

ग. आधुनिकीकरणले यस मन्दिरसँग सम्बन्धित भौतिक तथा अभौतिक पक्षमा पारेको असरको अध्ययन नहुनु ।

## १.४ शोधको उद्देश्य

काठमाडौंको केन्द्रमा रहेको यस मन्दिरको दर्शन गर्न टाढाटाढाबाट दर्शनार्थीहरू आउने गरेका छन् । संस्कृति तथा परम्पराको विशेषता भनेको एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जानु हो । तर यस मन्दिरको परम्परागत संस्कृति तथा परम्पराको बारेमा यस क्षेत्रका सरोकारवाला निकायसमेत अनभिज्ञ रहेको पाइएको छ । यस मन्दिरको बारेमा जेजति लेख रचनाहरू प्रकाशित भएका छन्, ती पनि खोज अनुसन्धानका लागि पर्याप्त छैनन् । सोही अपर्याप्ततालाई पूरा गर्ने उद्देश्यले यो शोधपत्र तयार पारिएको हो । बुँदागत रूपमा यस शोध तयार पार्नुका उद्देश्यहरू निम्न रहेका छन् ।

क. इन्द्रायणी मन्दिरको मूर्त सांस्कृतिक पक्षको अध्ययन गर्नु ।

ख. इन्द्रायणी मन्दिरसँग जोडिएको अमूर्त सांस्कृतिक पक्षको अध्ययन गर्नु ।

ग. आधुनिकीकरणले यस मन्दिरसँग सम्बन्धित भौतिक तथा अभौतिक पक्षमा पारेको असरको बारेमा अध्ययन गर्नु ।

## १.५ शोधको महत्व

काठमाडौं उपत्यकामा रहेका देवी मन्दिरहरूको छुट्टाछुट्टै विशेषता र महत्व रहेका छन् । तिनै मन्दिरहरूको बीचमा बेग्लै पहिचान स्थापित गरेको इन्द्रायणी मन्दिरको बारेमा हालसम्म विस्तृत जानकारी प्राप्त हुनेगरी अध्ययन अनुसन्धान हुन सकेको छैन । नेपालमा प्राचीन कालदेखि नै अन्य धर्मलाई जस्तै शाक्त धर्मलाई महत्वपूर्ण स्थान दिइएको पाइन्छ । काठमाडौं लगायत देशको विभिन्न स्थानमा पाइएका देवी तथा मातृकाका मूर्तिहरूले यसलाई पुष्टि गरेको छ । तर यति हुँदाहुँदै पनि मातृकाको रूपमा रहेको इन्द्रायणी मन्दिरको बारेमा यस क्षेत्र वरपर बस्ने स्थानीय लगायत उपत्यकावासी नै अनविज्ञ देखिन्छन् । यस शोधले यस क्षेत्रको प्राचीनता, कला, वास्तुकला, संस्कृति आदिलाई उजागर गर्ने प्रयास गरेकोले यो शोध सांस्कृतिक अध्ययनमा संलग्न अध्येता, सांस्कृतिका विद्यार्थी, इन्द्रायणी मन्दिरको व्यवस्थापन, पुजारी एवं भक्तजनहरूको लागि समेत महत्वपूर्ण छ ।

## १.६ पूर्वसाहित्य समीक्षा

पूर्वसाहित्य समीक्षाको क्रममा शोधार्थीले गरेको अध्ययनलाई विभिन्न शीर्षकमा विभाजन गरेर यहाँ उल्लेख गरिएको छ । यस अध्ययनको क्रममा वैदिक साहित्य, आधुनिक साहित्य, विभिन्न अनुसन्धान प्रतिवेदन आदिको अध्ययन गरिएको छ । संविधान, ऐन, कानुन,

नियमावली र कार्यविधिहरू, विभिन्न सरकारी निकायले तयार पारेको पाठ्यक्रम लागू गर्नुपर्ने जस्ता अनेकौं नीतिगत विषयहरू छन् । यस अध्ययनमा यी नीतिगत पक्षलाई समेत समीक्षा गरिएको छ । विषयगत समीक्षामा यस विषयमा प्रकाशित पुस्तक, शोधपत्र, अनुसन्धान प्रतिवेदन आदिको अध्ययन गरिएको छ ।

ढल्कोस्थित इन्द्रायणीको बारेमा जानकारी गराउने केही पुस्तक तथा लेखहरूको समेत अध्ययन गरिएको छ । यस मन्दिरको मूर्त तथा अमूर्त संस्कृतिको बारेमा पूरा जानकारी दिने कुनै सामग्री प्राप्त नभए पनि यस अध्ययनमा सहयोगी पुस्तक तथा आलेखहरूलाई पूर्वसाहित्यको रूपमा अध्ययन गरिएको छ । यस्ता साहित्यहरूमध्ये कुनैमा शाक्त धर्मको बारेमा उल्लेख रहेको छ भने कुनैमा मातृका लगायत देवीहरूको बारेमा उल्लेख छ । पूर्व साहित्य समीक्षामा निम्न पुस्तकहरूलाई समेटिएको छ ।

**Bangdel, Lain S (1982)** *The Early Sculptures of Nepal*: Vikash Publishing House. नेपालमा प्राचीनकालदेखि नै विभिन्न देवदेवीका मूर्ति बनाउने प्रचलन रहेको थियो । काठमाडौंको विभिन्न स्थानमा अधिकांश मूर्तिहरूको अध्ययन गरी तिनको विश्लेषण यस पुस्तकमा गरिएको छ । पाटन च्यासलहिटीको गजलक्ष्मी वा अन्य विभिन्न स्थानमा पाइएका मूर्तिहरू शाक्त धर्मसँग सम्बन्धित रहेका छन् । काठमाडौं उपत्यकामा पाइएका प्राचीनकालका धेरैजसो मातृकाका मूर्तिहरूको बयान यस पुस्तकमा गरिएको छ । जसले गर्दा नेपालमा प्राचीनकालमा प्रचलित कला तथा धर्मको बारेमा अध्ययन गर्नका लागि यो पुस्तक महत्वपूर्ण स्रोत सामग्री सावित भएको छ । यस शोधको विषय इन्द्रायणी देवी (मातृकामध्येको एक) को मूर्ति प्राचीनकालमा नै पाइएको हुनाले पुस्तकलाई यस शोधको पूर्व साहित्य समीक्षामा राखिएको छ ।

**बज्राचार्य, धनबज्र (वि.सं. २०५३)** *लिच्छविकालको अभिलेख* कीर्तिपुरः नेपाल एसियाली अनुसन्धान केन्द्र । नेपालमा तत्कालीन समयमा पाइएको झण्डै २०० वटा लिच्छविकालीन अभिलेखहरूलाई उतारेर तिनको व्याख्या गरिएको छ । तत्कालीन सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक अवस्थाको बारेमा चर्चा गरिएको यस पुस्तकमा लिच्छविकालमा शाक्त धर्मलाई दिएको महत्वको बारेमा उल्लेख गरिएको छ । यस पुस्तकमा इन्द्रायणी मन्दिरबारे केही पनि उल्लेख नभए तापनि प्राचीन समयमा नेपालमा शाक्त धर्म सम्बन्धी कस्तो धारणा थियो भन्ने कुरालाई भने यस पुस्तकले स्पष्ट पारेको छ ।

लिच्छविकालमा धेरै राजाहरूले विभिन्न स्थानमा अनेक धार्मिक कार्यहरू गरेका थिए । यही कालखण्डको विभिन्न समयमा लेखिएका विभिन्न अभिलेखहरूले उक्त समयमा शाक्त धर्मलाई पनि महत्वपूर्ण स्थान दिएको थियो भन्ने मान्न सकिन्छ । पलाञ्चोक भगवती, सिकुबहीको उमामहेश्वरको मूर्तिको पादपीठ आदिमा पाइएका अभिलेखहरूबाट नेपालमा लिच्छविकालमा शाक्त धर्म फस्टाइसकेको थियो भन्ने स्पष्ट हुन्छ ।

**डा. क्षेत्री, गणेश प्रसाद; प्रा. डा. खतिवडा, सोम प्रसाद (वि. सं. २०५४)** *हिन्दू समाज र धर्म,* विराटनगरः शिवा प्रकाशन । यो पुस्तकमा हिन्दू समाजमा धर्मको किसिम र त्यससँग जोडिएको फरक फरक सम्प्रदायको बारेमा जानकारी दिइएको छ । यस पुस्तकमा इन्द्रायणीको बारेमा विस्तृत उल्लेख नभए तापनि मातृकाको बारेमा भने यहाँ चर्चा गरिएको छ ।

नेपाल लगायत भारतवर्षमा हिन्दू धर्मले प्राचीनकालदेखि नै जरो गाडेको विभिन्न ग्रन्थहरूबाट थाहा पाउन सकिन्छ । हिन्दू धर्मअन्तर्गत् पर्ने शाक्त धर्मको उत्पत्ति तथा विकासक्रमको बारेमा यहाँ व्याख्या गरिएको छ । यो सम्प्रदायले गर्ने पूजा विधि, उपासना लगायत शक्तिको एकल, युगल तथा सामूहिक स्वरूपको बारेमा चाहिने आधारभूत जानकारीलाई लेखकद्वयले यहाँ समेटेका छन् ।

**जोशी, हरिराम (वि सं. २०६०)** *नेपालका चार्डपर्व,* ललितपुरः जोशी रिसर्च सेन्टर । नेपालमा हरेक दिनजसो कुनै न कुनै चाडपर्वहरू मनाउने गरिएको पाइन्छ । यस पुस्तकमा नेपालमा मनाइने अधिकांश चाडपर्वलाई समेटिएको छ । जसअन्तर्गत् इन्द्रायणी मन्दिरमा मनाइने पर्वको बारेमा पनि उल्लेख भएको छ । नेपाललाई देउतै देउता र मन्दिरै मन्दिरको घर भनेर चिनिन्छ । यहाँ हरेक दिन कुनै न कुनै सांस्कृतिक क्रियाकलापहरू भइरहेका हुन्छन् । सो क्रियाकलापहरूलाई लिपिबद्ध गराउनको लागि यस पुस्तकमा केही चाडपर्वको बारेमा उल्लेख भएको छ । वर्षमा एकपटक बाला चतुर्दशीमा हुने इन्द्रायणी देवीको जात्रा, त्यसको किंवदन्ती र सो जात्रामा गरिने विभिन्न क्रियाकलापहरूलाई यस पुस्तकले प्रष्ट बनाएको छ ।

**अमात्य, साफल्य (वि. सं. २०६०)** *पानी र संस्कृति,* काठमाडौंः नेपाल खानेपानी संस्थान । यस पुस्तकमा लेखकले इन्द्रायणी मन्दिरको बारेमा उल्लेख नगरे पनि पानी र संस्कृति बीचको सम्बन्धलाई प्रस्तुत गरेका छन् । विश्वका प्रायः सबै सभ्यताले पानीसँग सम्बन्ध राखेको छ । सभ्यताले संस्कृतिलाई जन्माउने भएको ले पानी र संस्कृतिबीच

अन्तरसम्बन्ध रहेको छ । जुनसुकै सांस्कृतिक कार्य गर्दा पनि काहीँ न काहीँ पानीको भूमिका रहेको हुन्छ । पानीलाई संस्कृतिसँग जोड्ने प्रमुख तत्वहरूको बारेमा यहाँ चर्चा गरिएको छ ।

**कोइराला, कुलचन्द्र (वि.सं. २०६५)** *शाक्त सम्प्रदाय र शक्तिपीठ,* काठमाडौंः कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान । नेपालमा शाक्त सम्प्रदाय र धर्ममा शक्तिपीठको महत्वको वर्णन यस पुस्तकमा पाइन्छ। यस शोधको शीर्षक इन्द्रायणीको बारेमा पनि यस पुस्तकमा छोटकरीमा उल्लेख भएको छ। नेपाललाई हिन्दू धर्म अनुसरण गर्नेहरूको तीर्थको रूपमा विभिन्न ग्रन्थहरूले चर्चा गरेको छ। यही धर्मअन्तर्गत् रहेको शाक्त मान्नेहरूका लागि पनि यहाँ विभिन्न स्थानमा देवालयहरू रहेका छन् । विभिन्न ग्रन्थका अनुसार नेपालमा परापूर्व कालदेखि नै विभिन्न देवीहरू शक्तिपीठको रूपमा रहेका छन् । यी पीठहरूलाई स्थान, परिवेश, भूगोल, संस्कृति आदिका आधारमा विभिन्न नाम दिइएको छ। यसै परिवेशको आधारमा ढल्कोस्थित इन्द्रायणी देवीको पनि स्थापना भएको मानिएको छ ।

**क्षेत्री, गणेश; रायमाझी, रामचन्द्र (वि.सं. २०७६)** *नेपाली कला, वास्तुकला र प्रतिमालक्षण,* काठमाडौंः एसिया पब्लिकेसन । पुस्तकमा यस शोधको शीर्षक रहेको इन्द्रायणी (लुँती अजिमा)को बारेमा उल्लेख गरिएको छैन । तर इन्द्रायणी देवीको प्रतिमालक्षण तथा नेपालमा सुरुवात भएको तलेशैलीको मन्दिरको वास्तुकला आदिको बारेमा यहाँ जानकारी दिइएको छ ।

नेपालमा विभिन्न कालखण्डमा विभिन्न कला, वास्तुकला आदिको विकास भएका छन् । प्रमाणित इतिहासभन्दा पहिलेको मिति तय गरिएको मूर्ति, विभिन्न कालखण्डमा विकास भएका तथा अन्य स्थानबाट ल्याइएका कलाको बारेमा यस पुस्तकमा विस्तृत रूपमा चर्चा गरिएको छ । त्यस्तै, नेपालमा प्रचलनमा रहेका विभिन्न वास्तुकलाको बारेमा यहाँ उल्लेख गरिएको छ । विभिन्न देवदेवीहरूको प्रतिमालक्षणको पनि उल्लेख यस पुस्तकबाट प्रप्त गर्न सकिन्छ ।

**श्रेष्ठ, कल्पना (वि. सं. २०७८)** *काठमाडौँ उपत्यकाको सांस्कृतिक परम्परा,* काठमाडौंः पल्लव प्रकाशन प्रा. लि. । काठमाडौं उपत्यकामा मनाइने अधिकांश सांस्कृतिक परम्पराको बारेमा यस पुस्तकमा उल्लेख गरिएको छ। इन्द्रायणी मन्दिरसँग सम्बन्धित बाला चतुर्दशीको यहाँ चर्चा नगरे पनि हिन्दू धर्ममा हुने अनेकौं संस्कार तथा काठमाडौं उपत्यकामा हुने सांस्कृतिक कियमकलापहरूको बारेमा यहाँ उल्लेख गरिएको छ । काठमाडौं उपत्यकालाई

सांस्कृतिक नगरीको रूपमा पनि चिनिन्छ । यहाँ हुने अनेकौं सांस्कृतिक क्रियाकलापमध्ये अष्टमातृका नाच पनि एक हो । यस नाचलाई यहाँ हुने प्रमुख सांस्कृतिक नाचहरूमध्येको एक मानिएको छ । इन्द्रायणी देवी यसै अष्टमातृका समूहमा पर्ने भएकोले यस पुस्तकमा उल्लेख भएको विशेषता यस शोधको लागि महत्वपूर्ण स्रोत बनेको छ ।

## १.७ शोध विधि

काठमाडौंको ढल्कोस्थित इन्द्रायणी मन्दिरसँग सम्बन्धित पूर्वप्रकाशित कृतिहरूको अध्ययन गरेपछि स्थलगत भ्रमण गरी सम्बन्धित प्रमाणहरू सङ्कलन गर्न सहज र सम्भव भयो । यस शोधमा प्राथमिक तथ्यांक संकलनको लागि सम्बन्धित स्थानको अध्ययन, अन्तर्वार्ता लगायत विधिको प्रयोग गरिएको छ । स्थलगत भ्रमणका क्रममा उक्त स्थानमा हुने जात्रा पर्वहरूको अवलोकन गरिएको छ । यस क्रममा नित्य तथा नैमित्तिक पूजासँगै यससँग सम्बन्धित जात्रा आदिलाई स्वानुभवमार्फत् तथ्यांक संकलन गरिएको छ । यी बाहेक इन्द्रायणीप्रतिको जनधारणा, लोक विश्वास, किंवदन्ती तथा यस मन्दिर क्षेत्रमा रहेका विभिन्न मूर्ति, कला तथा मन्दिरको वास्तुकला लगायत मन्दिरसँग सम्बन्धित मूर्त तथा अमूर्त संस्कृतिको बारेमा सम्बन्धित क्षेत्रका विद्वान तथा जानकारहरूसँग अन्तर्वार्ता लिएर पनि तथ्यांक संकलन गरिएको छ । यसका अतिरिक्त पुजारी, गुठियार, स्थानीय व्यक्ति लगायत बुद्धिजीवीहरूसँग पनि अन्तर्वार्ता लिइएको छ । द्वितीय स्रोत अन्तर्गत् विभिन्न प्रकाशित तथा अप्रकाशित पुस्तक, शोधपत्र, पत्रपत्रिका, लेख लगायतलाई समेटिएको छ ।

### १.७.१ शोध ढाँचा

यस शोधपत्र अन्वेषणमा आधारित रही तयार पारिएको छ । यस अध्ययनमा इन्द्रायणी मन्दिरको मूर्त तथा अमूर्त संस्कृतिसँग जोडिएका विषयहरूलाई गुणात्मक, विश्लेषणात्मक तथा विवरणात्मक रूपमा व्याख्या गरिएको छ । यस शोधमा सङ्ख्यात्मकभन्दा गुणात्मक सूचनालाई प्रयोगमा ल्याइएको छ ।

### १.७.२ तथ्याङ्क सङ्कलन

कुनैपनि अध्ययन अनुसन्धानका लागि तथ्याङ्क अति महत्वपूर्ण मानिन्छ । तथ्याङ्कको अभावमा कुनैपनि अनुसन्धान पूरा हुन सक्दैन । समस्याको वैज्ञानिक र समुचित समाधानको लागि यस शोधमा गुणात्मक तथ्यांकको प्रयोग गरिएको छ । यसैगरी यो शोध गुणात्मक

प्रकृतिकै रहेको छ । तथ्याङ्क संकलनका लागि उद्देश्यमूलक नमुना छनौट विधि अपनाइएको छ । यस शोधका लागि प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्यांक सङ्कलन गरी विश्लेषण गरिएको छ ।

## १.७.३ प्राथमिक स्रोत

यस अनुसन्धानको लागि सर्वैभन्दा पहिले सम्बन्धित क्षेत्रको स्थलगत अध्ययन गरिएको छ । यस क्रममा त्यहाँ रहेका मूर्तिकला तथा वास्तुकलाको अन्वेषण गरी तथ्याङ्क संकलन गरिएको छ । यस मन्दिर परिसरमा रहेका अभिलेखहरूको विवरण संकलन गरिएको छ । स्थानीय वृद्धिजीवी, सम्बन्धित विषयका जानकारहरू, पुजारी, गुठीसँग सम्वन्धित गुठीयारहरूसँग भेटवार्ता, अन्तर्वार्ता, शोधपुछ, छलफल साथै सम्बन्धित विषयवस्तुको तस्वीर, रेकर्ड गर्ने कार्य गरिएको छ । यस शोधमा प्राथमिक स्रोतलाई नै अनुसन्धानको मुख्य आधार मानिएको छ, । यस स्रोतअन्तर्गत् विभिन्न पद्धतिहरू प्रयोग गरिएका छन् ।

### १.७.३.१ अवलोकन

यो अध्ययन विधि हेरेर र अनुभूति गरेर समेत तथ्याङ्क सङ्कलनगर्ने पद्धति भएकोले यसलाई महत्वपूर्ण पद्धति वा उपकरण मानिएको छ । यसबाट सम्बन्धित क्षेत्रको भौतिक तथा अभौतिक संस्कृतिको बारेमा अध्ययन हुने भएकाले प्रस्तुत शोधकार्यका लागि शोधकर्ताको प्रत्यक्ष अवलोकन तथा अध्ययन नै अनुसन्धानका निमित्त सामग्री सङ्कलन गर्ने मुख्य आधार भएको छ । सम्बन्धित क्षेत्रमा प्रचलनमा रहेका जात्रा तथा चाडपर्वलाई शोधार्थीले प्रत्यक्ष अनुभव गरेर त्यसैको आधारमा तथ्यांक प्रस्तुत गरिएको छ । यस स्थानका मन्दिर, मूर्ति, चैत्य, मन्दिरको वास्तुशैली, घाट आदिको स्थलगत अवलोकन गरिएको छ । त्यहाँ प्राप्त अभिलेखहरू संकलन गरिएको छ । मूर्त सांस्कृतिक सम्पदाको बारेमा पनि स्थलगत अवलोकन गरी विज्ञहरूको सहयोगमा विश्लेषण गरिएको छ भने अमूर्त संस्कृतिको पनि अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ ।

### १.७.३.२ अन्तर्वार्ता

प्रस्तुत अनुसन्धानमा प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्ने विभिन्न विधिहरूमध्ये अन्तर्वार्ता पनि एक विधि हो । आमुन्ने सामुन्ने भएर एकले प्रश्न गर्ने र अर्कोले उत्तर दिने विधि भएकोले यसलाई आन्तरिक विचार, धारणा सोच, चिन्तन र चाहना गहिराइसम्म पुगेर

अध्ययन गर्न सकिने माध्यम मानिन्छ । मानिसको भित्री मनसाय बुझ्ने सशक्त माध्यम पनि अन्तर्वार्ता नै हो । व्यक्तिगत अन्तर्वार्ताबाट कतिपय प्रकाशमा नआएका नयाँ तथ्याहरू पनि प्राप्त गर्न सकिन्छ । अन्य पद्धति र उपकरणबाट छानिएका र सङ्कलन गरिएका तथ्य सही भएनभएको परीक्षण गर्न पनि यसले सहयोग गर्दछ । इन्द्रायणी मन्दिरमा सम्पन्न गरिने नित्य तथा नैमित्यिक पूजापद्धति, संस्कृति,  स्थानीय जात्रा, चाडपर्व सम्बन्धमा सम्बन्धित क्षेत्रका विज्ञ तथा जानकार व्यक्तिहरू गुठियार, पूजारी *द्यो: पाला*सँग आदिसँग प्रत्यक्ष कुराकानी गरी स्रोत सामग्री सङ्कलन गरिएको छ ।

### १.७.३.३ समूहगत छलफल

ढल्को इन्द्रायणीमा वसोवास गर्ने विशेषगरि बुढापाकाहरू, स्थानीय निकायका प्रमुख, कर्मचारी, विद्यालयका शिक्षकहरू, कलेजका प्राध्यापकहरू, स्थानीय क्लवहरू, संघसंस्थाहरूको प्रतिनिधिहरू लगायत समाजका गन्यमान्य तथा जानकार व्यक्तिहरूको समूह बनाई आवश्यक सूचना सङ्कलन गरिएको हो । काठमाडौं कहानगरपालिका वडा नं. १७ मा इन्द्रायणी पीठ अवस्थित छ । यस छलफलको लागि इन्द्रायणीको जात्राकै लिन लगायत अन्य दिनहरूमा पनि गरिएको छ । सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने क्रममा इन्द्रायणी ऐतिहासिकता, भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदा जस्ता विविध पक्षलाई महत्व दिइएको थियो ।

### १.७.३.४ अभिलेख अध्ययन

प्रस्तुत अध्ययनका निमित्त स्रोत सामग्री सङ्कलन गर्ने क्रममा स्थानीय क्षेत्रमा प्राप्त अभिलेख पनि सङ्कलन गरिएको छ । प्राथमिक तथा ऐतिहासिक तथ्याङ्क तथा प्रमाणका लागि अभिलेख महत्वपूर्ण सामग्री मानिएको छ । यस शोधको क्रममा मुख्य क्षेत्र रहेको इन्द्रायणी मन्दिरमा रहेका अभिलेखहरूको अध्ययनको गरि तिनीहरूको नेपालीमा भावार्थानुवाद गरिएको छ । अभिलेखहरूका तस्वीरहरू परिशिष्टमा प्रस्तुत छन् । यी मध्ये कतिपय अभिलेखहरू प्रकाशित भइसकेका छन् । अप्रकाशित अभिलेखलाई जानकारसँग परामर्श गरि, आवश्यक तथ्य संकलन गरिएको छ ।

### १.७.३.५ तस्वीर सङ्कलन

अध्ययन अवलोकनका क्रममा इन्द्रायणी र त्यसका वरिपरि भएका सबै मठमन्दिरहरू, मूर्तिहरू, त्यहाँ सम्पन्न गरिने महत्वपूर्ण पर्व र पूजाका केही पक्षहरूको चित्र सङ्कलन गरिएको

छ । ती सवैलाई चित्र फलक अन्तर्गत राखिएको छ । अध्ययन स्थलमा गई आवश्यक फोटोग्राफीहरू सङ्कलन गरिएको छ ।

### १.७.४ द्वितीयक स्रोत


यस अतर्गत इन्द्रायणी मन्दिर, शाक्त धर्म, मातृका आदिसँग सम्वन्धित पुस्तक, अप्रकासित लेखहरू, पुराण तथा ग्रन्थ आदिको अध्ययन गरिएको छ। यीनै स्रोत सामाग्रीहरूलाई द्वितीयक स्रोतको रूपमा लिइएको छ ।

### १.७.५ तथ्याङ्क विश्लेषण

यस शोधमा सङ्कलन गरिएका तथ्याङ्कहरूको गुण तथा विशेषताको आधारमा आवश्कता अनुरूप विभिन्न वर्गामा वर्गिकरण गरिएको छ । त्यसपछि अनुक्रमको आधारमा परिच्छेद, शीर्षक तथा उपशीर्षकमा विभाजन गरि विवरण तयार पारिएको छ । यस शोधमा विभिन्न किसिमको तथ्यहरूलाईसम्पादन गर्ने गरि विवरणात्मक तथा विश्लेषणत्मक पद्धतिबाट विश्लेषण गरिएको छ ।

### १.७.६ शोधको चरण एवं प्रक्रिया

यस शोधको मुख्य क्षेत्र इन्द्रायणी (लुँती अजिमा) को संस्कृति, परम्परा र त्यहाँ मानिने संस्कार लगायतका विभिन्न पक्षमा केन्द्रित रहेर आधुनिक समाजमा उक्त मन्दिरमा के कस्ता संस्कृति तथा परम्पाहरू विद्यमान रहेका छन् भन्ने विषयको खोज गर्नु हो । यसको लागि शोधको निम्न चरण एवं प्रक्रिया पूरा गरिएको छ ।




### १.७.७ शोधको रूपरेखा

यस शोधको पहिलो अध्यायमा शोधको परिचय खण्ड राखिएको छ । जसमा शोधको समस्या, शोधको उद्देश्य, शोध विधि लगायतका उपशीर्षकहरू राखिएका छन् । त्यस्तै, शोधको दोस्रो अध्यायमा शाक्त धर्मको परिचय खण्ड राखिएको छ । जसमा शाक्त धर्मको परिचय, नेपालमा यसको उत्पत्ति विभिन्न समयमा भएका विकास र विद्यमान अवस्थाको बारेमा चर्चा गरिएको छ । यो शोधको तेस्रो अध्यायमा इन्द्रायणी (लुँती अजिमा) मन्दिरको परिचयबारे उल्लेख गरिएको छ । यसमा इन्द्रायणी देवीको परिचयबारे उल्लेख गर्दै शोध क्षेत्रको परिचय उल्लेख गरिएको छ । शोधको चौथो अध्याय इन्द्रायणी मन्दिरको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदामा केन्द्रित रहेको छ । जसमा मन्दिरको वास्तुकला, ललितकला, मूर्ति लगायत मन्दिर वरिपरिका भौतिक संरचना, मन्दिरप्रतिको आस्था, विश्वास, नित्य तथा नैमित्यिक पूजा, जात्रा

पर्व आदिको चर्चा गरिएको छ। शोधको अध्याय पाँचमा मन्दिरको परम्परागत पूजा शैली एवं भौतिक संरचनाको व्याख्या गर्दै यसमा आधुनिकताले पारेको असरबारे चर्चा गरिएको छ। शोधको छैठौं तथा अन्तिम अध्यायमा मूल प्राप्ति, निष्कर्ष र सुझाव समेटिएको छ।

## १.८ शोध क्षेत्र

यस अध्ययनको मुख्य क्षेत्र इन्द्रायणी मन्दिरको प्राचीनता, उत्पत्ति, इतिहास, मूर्त तथा अमूर्त सम्पदा, धार्मिक मूल्य तथा मान्यता, नित्य तथा नैमित्यिक पूजा, त्यहाँ हुने जात्रा लगाएत मन्दिरको संरचना, मन्दिर परिसरमा रहेको अभिलेख, मन्दिर भित्र तथा वरिपरि रहेका मूर्तिहरू, मन्दिरसँग सम्बन्धित घाट जस्ता धरोहरहरूलाई विश्लेषण गर्नु हो। आधुनिकताले मन्दिरका मूर्त तथा अमूर्त सम्पदामा पारेको असरलाई पनि समेटिएको छ। भूगोलको आधारमा यस अध्ययनलाई काठमाडौं महानगरपालिका वडा नं. १७ मा अवस्थित इन्द्रयणी (लुँती आीजमा) मान्दिरमा मात्र केन्द्रित गरिएको छ।

## १.९ शोधको सीमा

शोधपत्रको मूल विषय नै इन्द्रायणी (लुँती अजिमा) को मूर्त र अमूर्त सम्पदाको अध्ययन रहेको हुँदा यो अनुसन्धान भौतिक रूपमा लुँती अजिमा मन्दिर परिसरमा मात्र सीमित रहेको छ। परिसरभित्र रहेको मन्दिर, मूर्ति, घाट, पाटी जस्ता भौतिक वस्तुहरूलाई यस शोधपत्रले समेटेको छ। साथै, यस मन्दिरसँग जोडिएको अमूर्त पक्षहरू जस्तै जात्रा, पर्व, नित्य तथा नैमित्तिक पूजामा शोधपत्र तयार पार्दाको समयमा पर्ने क्रियाकलापमाहरूमा भौतिक रूपमा उपस्थित भइ र अन्य दिनका हकमा स्थानीय तथा जानकारहरूसँग भेट गरी उहाँहरूले उपलब्ध गराउनुभएको विवरणको आधारमा तयार पारिएको छ। विषयका आधारमा इन्द्रायणी मन्दिरमा गरिने पूजामेला जात्रा परम्परागत सांस्कृतिक पक्ष र इन्द्रायणी मन्दिरको वास्तुकलालाई केन्द्रित गरिएको छ। यस शोध कार्यमा नसमेटिएका पक्ष निम्न छन् :

### १.९.१ नसमेटिएको पक्ष

क. मन्दिर परिसरमा भएको लिपिको उद्गमको बारेमा यस अध्ययनमा समेटिएको छैन।

ख. पुरातात्विक उत्खनन् जस्ता कार्यहरू यस शोधमा समावेश गरिएको छैन।

ग. पर्यटन विषयलाई यस शोधमा समावेश गरिएको छैन।

# अध्याय दुई
# शाक्त धर्मको परिचय

## २.१ धर्मको संक्षिप्त परिचय

संस्कृतको धर्म शब्द धृ धारणे धातुबाट बनेको हो । यसको अर्थ धारण गर्न योग्य भन्ने हुन्छ । अर्थात्, जुन विषय हामीले धारण गर्न योग्य हुन्छ, त्यसैलाई धर्म भनेर चिनिन्छ । धर्मको सिधा अर्थ कर्तव्य भन्ने पनि हुन्छ । त्यसैले धर्म शब्दले विभिन्न अर्थ बोकेको हुन्छ । पूर्वीय संस्कृतिमा धर्मलाई मानव जातिलाई निश्तिच नियममा बाँध्ने सूत्रको रूपमा पनि प्रयोग गर्ने गरिएको छ । मानव इतिहासलाई नियाल्ने हो भने धर्मको सुरुवात ढुङ्गे युगमा नै भइसकेको देखिन्छ । विश्वको विभिन्न गुफाहरूमा पाइएको चित्र वा आकृतिहरूको आधारमा विभिन्न विद्वानहरूले आदिमकालमा धर्मको सुरुवात भइसकेको तथ्यलाई स्वीकारेका छन् । उक्त समयमा कुन धर्म कसरी मानिन्थ्यो भन्ने प्रश्नको ठेट जवाफ हालसम्म खोजीकै बिषय भए तापनि त्यतिबेलाका मानिसहरू प्रकृति पूजक थिए कि भन्ने अनुमान धेरै विद्वानहरूले गरेका छन् । विश्वका आदिम सभ्यताहरूमा पनि लिंग पूजाको प्रचलन रहेको तथ्यले पनि मानव सभ्यताको सुरुवातसँगै सृष्टि, स्थिति र संहारकर्ताको रूपमा कुनै अमूक शक्तिलाई पूजा गर्ने चलन रहेको देखिन्छ । नाइल नदी, मेसोपोटामिया, बेबलीोन सिन्धुघाटी आदि सभ्यता अलग अलग ठाउँमा विकास भए तापनि यी सबैले धर्मलाई अंगीकार गरेका थिए (कोइराला, वि.सं २०६५ पृ. ३५) । हाल धर्म मान्ने प्रवृत्तिमा धेरै विकास भइसकेको छ । पहिलेपहिले निष्कल र निराकार देवदेवीको पूजा हुने गरेकोमा अहिले सकल र साकार देवदेवीको पूजा हुने गरेको छ । धर्मको विकास हुँदै जाँदा एउटै धर्मभित्र पनि विभिन्न सम्प्रदायमा विभाजित भएर धार्मिक कृत्यहरू गर्ने गरिएको पाइन्छ ।

वैदिककाल सुरु हुंदासम्म धर्मले हरेक व्यक्ति, समाज तथा समुदायमा जरो गाडिसकेको थिया । ऋग्वेदको विभिन्न सुक्तहरूमा अनेक प्रकारले देवदेवीको स्तुति गरिएको छ (लुइटेल र दाहाल, वि. सं. २०७४ पृ. २६) । उक्त समयमा हुने प्राकृतिक घटना तथा परिघटनाको कारणले गर्दा उत्पन्न भएको डर वा त्रासले गर्दा देवताहरूको परि-कल्पना गरिएको हुनुपर्छ ( क्षेत्री र खतिवडा, वि.सं.२०५४ पृ. ४ ) । मानव सभ्यताको सुरुवाती समयमा आउने जस्तासुकै प्राकृतिक प्रकोपहरू पनि दैवी शक्तिलाई खुसी नबनाउँदाको परिणाम हो भन्ने बुझाइ हुको

विकास भएको थियो । जसका कारण हरेक प्राकृतिक प्रकोपबाट बच्नको लागि छुट्टाछुट्टै देवदेवीको उपासना गर्ने चलन रहेको देखिन्छ (क्षेत्री र खतिवडा, वि.सं.२०५४ पृ. ४) ।

वेद, उपनिषद्, काव्य, पुराण आदि सबै ग्रन्थहरू धर्मकै चर्चा गर्न लेखिएका हुन् । तर, यी सबैको अर्को विशेषता भनेको सबैले मानिसलाई सत्कर्म गर्न प्ररित गरेको छ । प्राग्ऐतिहासिक कालदेखि हालसम्म आइपुग्दा हरेक कालखण्डमा धर्मले अलग किसिमको पहिचान तथा स्थान पाएको छ । धर्म गर्ने तरिका, आत्मसाथ गर्ने शैली, यहाँसम्म कि धर्मको केन्द्र पनि परिवर्तन भयो होला । यही परिवर्तनले गर्दा बहुदेवतावाद तथा एकदेवतावाद आदिका सिद्धान्तहरू प्रतिपादन भए । त्यसबाट पनि अझ विकसित हुँदै देव तथा देवी मान्नेहरू अस्तित्वमा आए । देवदेवताहरूलाई पनि एकबाट अनेकसम्म पुऱ्याइयो । अवतारवादको सिद्धान्तहरूले जन्म लियो । तिनै सिद्धान्तहरूका आधारमा देवदेवतालाई अवस्था, समय, आसन वा मुद्राको आधारमा अलग अलग नाम दिइयो । तिनै नाम तथा दर्शन मान्नेहरूले अलग किसिमको सिद्धन्त तथा शैलीलाई आत्मसाथ गरे जसलाई सम्प्रदाय भनियो । यिनै सम्प्रदायहरूले धर्मलाई फैलाउँदै  लगेको अनुमान विद्वानहरूको छ । तिनै सम्प्रदायमध्येको एक हो, शाक्त सम्प्रदाय ।

## २.२ शाक्त धर्मको अर्थ

शक्ति, देवी वा नारीलाई पूजा वा उपासना गरिने धर्म नै शाक्त धर्म हो । “शक्ति” शब्द संस्कृत भाषाको शक् धातुबाट बनेको मानिएको छ । जसको अर्थ सामर्थ्ययुक्त हुनु हो (झा, १९८७, पृ.३७३) । देवी वा मातृशक्तिलाई विश्व ब्रह्माण्डको एकमात्र परम कारण मान्दै उनलाई नित्य, शाश्वत तत्वका रूपमा उपासना गर्ने धार्मिक सम्प्रदाय नै शाक्त सम्प्रदाय हो (पोखरेल वि. सं. २०७७, पृ. ९६-९७ ) । भारतवर्षमा शक्तिलाई देवीको रूपमा मान्ने चलन छ । हिन्दू धर्मअन्तर्गत् नै पर्ने यो सम्प्रदायले विशेषगरी देवी वा नारीलाई मात्र मान्ने गर्दछ । यिनै देवी सबै प्राणीहरूमा कार्य उत्पादन शक्ति, चेतना, भोकतिर्खा, निद्रा माया आदि विभिन्न रूपले रहेको हुन्छ भन्ने शाक्त धर्मावलम्बीहरूको धारण छ (Shastri, B.S. 2028 p. 113) । हिन्दू धर्ममा अनेक देवताहरूका साथसाथै तिनको देवीलाई शक्तिको रूपमा मानिएको छ । शक्ति सर्वत्र व्याप्त छिन् र शक्तिविना कुनैपनि देवले केही गर्न सक्दैनन् भन्ने धारणाबाटै मुख्य देवताहरूका आ-आफ्ना शक्तिको कल्पना गरिएको हो (नकर्मी, १९८४, पृ. ५२) । शक्तिलाई तन्त्र तथा मन्त्र दुवै विधिबाट पूजा गरिन्छ । ऐतिहासिक दस्तावेजहरूमा नर तथा पशुबलीको चर्चा भएको यस धर्ममा हाल भने बली दिइने स्थानहरूमा पशुबलीद्वारा मात्र पूजा गर्ने चलन

रहेको छ । प्रायः सबै बली दिइने मन्दिरहरूमा तान्त्रिक विधिबाट पूजा गर्ने गरिन्छ भने बली नदिइने मन्दिरहरूमा सौम्य विधिबाट मात्र पूजा गरिन्छ (Aryan, 1980 p 14) । भारत लगायत नेपालमा शक्तिलाई एकल, युगल तथा समूहमा स्तुति गर्ने प्रचलन रहेको छ । सप्तमातृका, अष्टमातृका, नवदुर्गा, दशमहाविद्या तथा योगिनी जस्ता समूहमा पूजा गर्ने गरिन्छ । जसमा क्रमशः सात, आठ, नौ, दश र चौसठ्ठी देवीहरूलाई राखिन्छ । एउटै देवी वा शक्तिको रूप, परिवेश वा आयुध आदिको आधारमा नाम फरक फरक हुने गर्दछ । सोही नामको आधारमा पूजा तथा उपासना गर्ने तरिका पनि फरक हुने गर्दछ ।

## २.२.१ शाक्त धर्मको उत्पत्ति र विकास

शक्तिलाई इष्टदेवी वा सर्वपरी मानेर पूजा गर्ने सम्प्रदाय नै शाक्त सम्प्रदाय हो । प्राचीन भारतीय देव समूहमा देवताहरूका साथै देवीहरूलाई पनि महत्वपूर्ण स्थान दिई पूजा उपासना गर्ने गरिएको छ । वैष्णव तथा शैव धर्म जस्तै शाक्त धर्म पनि अत्यन्त लोकप्रिय रहेको छ । दुर्गा, काली, भवानी, चामुण्डा, रुद्रायणी, लक्ष्मी, सरस्वती आदि जस्ता नामहरू शाक्त धर्ममा परिचित नामहरू हुन् । दुर्गाको आदिशक्तिलाई स्वीकार गरी उनैद्वारा ब्रह्माण्डको सृष्टि, पालन तथा संहार हुन्छ भन्ने मान्यता शाक्त धर्ममा रहेको छ (लुइटेल र दाहाल, वि. सं. २०७४ पृ. २०७) ।

शाक्त धर्मको शैवसँग घनिष्ठ सम्बन्ध रहेको छ । शिवकी पत्नी पार्वती (उमा)लाई जगजननी भनिन्छ । शैव मतको समान शाक्त मतको प्राचीनतामा पनि प्रागऐतिहासिक युगसम्म जान सकिन्छ (न्यौपाने, वि. सं २०७३ ) । सिन्धु सभ्यतामा मातृशक्तिको उपासना व्यापक रूपमा प्रचलित थियो । उत्खनन्को क्रममा यहाँ देवीका मूर्तिहरू पाइएका छन् । वैदिक साहित्यमा अदिति, उषा, सरस्वती, श्री, लक्ष्मी आदि जस्ता देवीहरूको विस्तृत उल्लेख पाइन्छ । ऋग्वेदको दशौँ मण्डलमा देवीसुक्त रहेको छ । जसमा वाक्शक्तिको उपासना गरिएको छ । सोही मण्डलमा भनिएको छ '*म समस्त जगतकी आदिश्वरी हुँ, आफ्नो भक्तलाई धन प्राप्त गराउने, ब्रह्मालाई आफूसँग अभिन्न मान्ने तथा देउतामा म नै प्रधान हुँ । म सबै भूतहरूमा स्थित छु । विभिन्न स्थानमा रहेका देवगणहरूले जेजे कार्य गर्छन्, ती सबै मेरै लागि गर्छन्* ( लुइटेल र दाहाल वि.सं. २०७४ पृ. ५४) । यसैगरी अदितिको पनि माताको रूपमा धेरै ऋचाहरूमा वर्णन गरिएको पाइन्छ । उनी माता, पिता तथा पुत्र सबै हुन् । सबै देवगण, पञ्चगण, भूत तथा भविष्य अदिति हुन् । सरस्वतीलाई ऋग्वेदमा सौभाग्यदायिनी भनी स्तुति

गरिएको छ । अथर्ववेदमा पृथ्वीलाई आमा मानी उनको सन्तानलाई धन, वचन र असल आचरण प्रदान गर्नका लागि स्तुति गरिएको छ । माथि उल्लेखित वाक्यहरूले वैदिक युगमा ऋषिहरूले शक्तिलाई विशेष महत्व दिई स्वीकारेका थिए भन्ने कुरालाई स्पष्ट पार्छ । शक्ति उपासनाको सुरुवातको लागि वैदिक वा अवैदिक दुवैको उत्तिकै भूमिका रहेको छ ।

हिन्दूहरूको पवित्र ग्रन्थ रामायणमा सीतालाई धर्तीबाट उत्पन्न भएको र धर्तीमै समाहित भएको भनी व्याख्या गरिएको छ। हिन्दू ग्रन्थहरूमा धर्ती वा पृथ्वीलाई मातृशक्ति वा आमाको रूपमा व्याख्या गर्ने गरिएको छ । त्यस्तै, सोही ग्रन्थमा हनुमानले पनि लंकामा सीतालाई भेट्दा माता वा देवी मानी स्तुति गरेको चर्चा गरिएको छ (पोद्दार, वि.सं. २०६६ पृ. १३४१) ।

महाभारत तथा पुराणहरूमा देवी महात्म्यको विस्तृत विवरण प्राप्त गर्न सकिन्छ । महाभारतको समयसम्म शाक्त सम्प्रदायले समाजमा ठोस आधार प्राप्त गरिसकेको थियो । भीष्म पर्वमा उल्लेख भएअनुसार अर्जुनले युद्धमा विजय प्राप्त गर्नका लागि दुर्गाको स्तुति गरेका थिए । यहाँ उल्लेख भएअनुसार प्रातः कालमा शक्तिको उपासना गर्नाले युद्धमा विजय प्राप्त गर्न सकिन्छ वा उसले लक्ष्मी प्राप्त गर्छ। विराट पर्वमा युधिष्ठिरले देवीलाई विन्धवासिनी, महिसासुरमर्दिनी, यशोधाको गर्भबाट उत्पन्न, नारायणको परम प्रिय तथा कृष्णकी बहिनी भनी स्तुति गरेका छन् । यहाँ उल्लेख भएअनुसार देवीले नंन्दगोपालको कुलमा यशोदाको गर्भबाट जन्म लिएकी थिइन् । कंशद्वारा कन्याको रूपलाई शिलामा हत्या गर्ने क्रममा उनी आकाश मार्गबाट निस्किई विन्ध्या पर्वतमा विराजमान भएकी थिइन् । पुराणहरूमा पनि विन्ध्या पर्वतलाई देवीहरूको निवास स्थान भनी उल्लेख गरिएको छ। मार्कण्डेय पुराणमा देवीहरूको महिमा तथा विस्तृत गुणगानका साथ स्तुति गरिएको छ । देवीलाई सबै प्राणीहरूमा विष्णु-माया, बुद्धि, निद्रा, क्षुधा, छाया, शक्ति, तृष्णा, क्षति, लाज, जाति, शान्ति, श्रद्धा, कान्ति, लक्ष्मी, वृत्ति, स्मृति, दया, तुष्टि, मातृ तथा भ्रान्तिको रूपमा स्थिर बताइ उपासना गरिएको छ । उनलाई स्वर्ग एवं सबै प्रकारको मंगल दिने देवीको रूपमा बताइएको छ । उनको पुष्टि, पालन तथा संहारको शक्तिमता, सनातनी देवी, गुणको आधार तथा गुणमयी भनी स्तुति गरिएको छ। महिसासुरको वध गरेकै हुनाले उनलाई महिसिसुर मर्दिनी नाम दिएको भनिएको छ। मार्कण्डेय पुराणमा दुर्गाको कथा एवं स्तुतिसँग सम्बन्धित दुर्गासप्तसती नामक अंशलाई नवरात्रिको दिनमा पाठ गर्ने गरिएको छ। अन्य कथामा बताएअनुसार जब शुम्भनिशुम्भबाट देवताहरू पीडित हुन थाले तब उनीहरूले हिमालय पर्वतमा गई आराधना गरेका थिए। यसै

आराधनाबाट देवी प्रशन्न भई असुरहरूको नाश गरेकी थिइन् । त्यसपछि उनी अम्बिका, काली, चामुण्डा, कौशिकी आदि नामबाट प्रख्यात भइन् ।

देवीको उपासना तीन रूपमा गरिन्छ । पहिलो शान्त वा सौम्य रूप, दोस्रो उग्र वा प्रचण्ड रूप र तेस्रो कामप्रधान रूप । उपर्युक्त तीनैवटा रूपअन्तर्गत् अनेक देवीहरूको कल्पना गरिएको छ । सामान्यतः देवीलाई सौम्य रूपमा पूजा गरिन्छ । उमा, पार्वती, लक्ष्मी आदि देवीका सौम्य रूपका प्रतीक हुन् । दुर्गा, चण्डी, कपाली, भैरवी, आदि उग्र रूपका प्रतीक हुन् । कालामुख तथा कापालिक सम्प्रदायका मानिसहरू यही उग्र रूपको उपासना गर्दछन् । यसमा देवलिाई प्रसन्न गर्नका निमित्त पशुबली वा सुरा मांस आदिको मुख्य रूपमा प्रयोग गरिन्छ । काम प्रधान रूपमा पनि देवीको उपासना शाक्त सम्प्रदायका मानिसहरूले गर्दछन् । कामरूपका देवीहरू आनन्द भैरवी, त्रिपुरासुन्दरी, ललिता आदि नामहरूबाट चिनिन्छ । देवीको तीनैवटा रूपका मन्दिरहरू भारतवर्ष लगायत विश्वको विभिन्न स्थानमा पाइन्छ ।

शक्तिको उपासना प्रागऐतिहासिक युगदेखि हालसम्म तीब्र गतिमा बढ्दै गएको देखिएको छ । भारतवर्षमा शक्तिपूजा परम्पराको सुरुवातलाई खोज्दै जाने हो भने सिन्धुघाटी सभ्यतासम्म पुगिन्छ । ईसापूर्व २३०० ताकाको सिन्धुघाटीमा पाइएका विभिन्न स्त्रीआकृतिलाई पनि मातृशक्तिको रूपमा व्याख्या गरिएको छ । हडप्पा तथा मोहन्जोदारो उत्खनन्मा पाइएका माटाका चक्रकार फलकहरूलाई प्रजनन् शक्तिको प्रतीक मानिएको छ ।

शक्ति-पूजाको प्रथम ऐतिहासिक तथा पुरातात्विक प्रमाण कुषाण शासक हुविष्कका सिक्काहरूमा अंकित देवीको चित्रबाट प्राप्त हुन्छ । यसअनुसार हेर्ने हो भने ईसाको प्रथम शताब्दीताका देवीको मूर्ति बनिसकेको थाहा हुन्छ । गुप्तकालमा पौराणिक हिन्दू धमको निकै उन्नति भइसकेको थियो । उस समयमा विभिन्न देउताहरूका साथसाथै अनेक देवीहरूको उपासना पनि व्यापक रूपले गरिन्थ्यो ।

त्यस्तै, भारतवर्ष बाहिर विकास भएका सभ्यताहरूमा पनि मातृशक्तिको उपासना हुने गरेको पुरातात्विक प्रमाण पाइएको छ । बलुचिस्थान, इरान, मेसोपोटामिया, सिरिया आदि देशहरूमा उत्खनन्को कममा प्राप्त मातृशक्तिको आकृतिले ती क्षेत्रमा मानव सभ्यताको सुरुवातदेखि नै मातृशक्तिको उपासना हुन्थ्यो भन्ने प्रमाणलाई जोड दिएको छ । यसलाई आधार मान्दा आजभन्दा करिब ५ हजार वर्षपहिलेदेखि नै मातृशक्तिको उपासना गर्ने चलन सुरु भइसकेको थियो भन्ने विद्वानहरूको मतमा सहमत हुन सकिन्छ । भारतवर्षभन्दा बाहिरका

अन्य प्रमाणहरूलाई हेर्ने हो भने मध्ययुरोपमा हड्डी तथा हस्तीदन्तबाट बनेका नारी आकृतिलाई पनि लिन सकिन्छ । जसलाई *Venus of Wilendrof* भनिन्छ । पूर्व पाषाणकालीन मानिएको यी आकृतिहरू त्यतीबेला निर्माणकर्ताले प्रजनन् देवीको रूपमा बनाएको देखिन्छ । पूर्व तथा पश्चिम युरोपका पाषाणकलीन हाड तथा हात्तीदाँतबाट बनेका नारी आकृतिहरूले पनि उक्त समयमा मातृ शक्तिको उपासना गरीन्थ्यो भन्ने कुराको प्रमाण दिएको छ । करिब बीस हजार वर्ष पुरानो मानिएका यी आकृतिहरूले नारी उपासनाको उक्त विकसित रूप मानिएको छ । प्राचीन मिश्रावासीहरूको चिहानमा नारी मूर्तिहरू राखेको भेटिएको छ । जुन उनीहरूले परलोकमा चल्ने जीवनचक्रको लागि राखेका थिए भन्ने भनाइ विज्ञहरूको छ । त्यस्तै, भूमध्य सागरीय क्षेत्र, मेसोपोटामिया, बेबीलोन, युनान, इरान तथा पश्चिम एसियाबाट पनि यस्ता नारी मूर्तिहरू भेटिएका छन् ।

हिन्दू धर्ममा वैदिककालमा सविता, उषा, अदिती, सावित्री वाकदेवी आदिबाट सुरु भएको शक्ति उपासना, निष्कल पीठ हुँदै हालको दिनसम्म आइपुग्दा देवी, भगवती, काली, दुर्गा लगायत विभिन्न रूपमा एकल वा सामूहिक रूपमा पूजा तथा उपासना गर्ने गरिएको छ । अहिले शक्तिलाई सकल, निष्कल, एकल, युगल, सामूहिक विभिन्न रूपमा उपासना गर्ने गरिएको छ ।

## २.२.२ नेपालमा शाक्त धर्मको विकास

नेपालमा शाक्त धर्मको विकासबारे साहित्यिक र पुरातात्विक स्रोतका आधारमा लिच्छविकालभन्दा अगाडिसम्म पुग्न सकिन्छ । ईसापूर्व तेस्रो शताब्दीतिर कपिलवस्तुको तिरौलाकोटमा देवीशक्तिको स्वरूप उत्खनन्मा भेटिएसँगै पुरातात्विक रूपमा ईसापूर्व तेस्रो शताब्दीमा पनि शक्तिको पूजा हुन्थ्यो भन्ने प्रमाण भेटिएको छ ।

विभिन्न साहित्यिक स्रोतका अनुसार नेपालमा शाक्त धर्म अमूर्त स्वरूपको स्तुतिबाट सुरु भएको देखिन्छ । नेपाल महात्म्यमा सतीदेवीको अंगहरू खस्ने क्रममा काठमाडौंको गुह्येश्वरीमा गुह्य पतन भएको कुरा उल्लेख छ । त्यसैले यो ठाउँ शक्तिपीठमध्ये पनि ठूलो र शक्तिशाली शक्तिपीठको रूपमा नेपाल तथा भारतमा समेत प्रसिद्ध छ (रेग्मी, वि.सं.२०५०, पृ. १४५) । वायु पुराणमा नेपाल पीठ शब्दको उल्लेख भएको छ । स्कन्द पुराणले गुह्येश्वरीमा सतिदेवीको गुह्य पतन भएको कुरा उल्लेख गरेको छ । त्यस्तै, शिव पुराणमा 'शिवशक्ति' शब्दको उल्लेख भएको छ । पूर्वीय दर्शनले पनि स्त्रीशक्तिको विशेष महत्व देखाएको छ ।

पूर्वीय दर्शन अन्तर्गत् आस्तिक दर्शनको रूपमा रहेको सांख्य, योग, मीमांसा आदि दर्शनले मानव सृष्टिको उल्लेख गर्दै त्यसमा स्त्री शक्तिको पनि उल्लेख गरेको छ । सांख्य दर्शनमा प्रकृति र पुरुषको समागमबाट ब्रह्माण्डको सृष्टि भएको उल्लेख छ। यस दर्शनमा 'प्रकृति' र ' पुरुष' लाई मुख्य केन्द्रमा राखिएको छ । प्रकृतिलाई नारी शक्ति (जसले सृष्टि गर्छ) को रूपमा व्याख्या गरिएको हुनाले सो दर्शनमा समेत शाक्तको बारेमा चर्चा भएको मान्न सकिन्छ (Maskey, 1986 p. 2) । स्वयम्भु पुराणमा मञ्जुश्रीले आफ्ना शक्ति वरदा र मोक्षदालाई ध्यानोच्च र फूलोच्च गिरिमा स्थापना गरी आफ्नो चन्द्रहास खड्गले कटुवाल दहनेरको डाँडो काटेर नागदहको रूपमा रहेको काठमाडौं उपत्यकाको जल निकास गरी मञ्जुपत्तन नामको बस्ती बसालेको कथा उल्लेख छ (Wright, 1972, p. 78) । स्वयम्भू पुराण, हिमवत् खण्ड पुराण, नेपाल महात्म्य जस्ता पुराणहरूमा कुनै न कुनै रूपमा शाक्त धर्म वा देवीको बारेमा चर्चा गरिएको पाइन्छ। इतिहासविद्हरूका अनुसार यी सबै पुराणहरू गुप्तकाल वा त्यसपछि लेखिएका हुन् । जसको समय ईस्वीको तेस्रो शताब्दी हुन आउँछ । यसको अर्थ नेपालमा ईस्वीको तेस्रो शताब्दीसम्ममा शाक्त धर्म राम्ररी फस्टाइसकेको मान्न सकिन्छ।

पुरातात्विक प्रमाणलाई आधार मान्ने हो भने ईसापूर्व कालमा नै शाक्त धर्मको सुरुवात भइसकेको पाइन्छ। नेपालको बञ्जराईमा उत्खनन्को क्रममा नारीको मुखौटाहरू प्राप्त भएका छन्। यस्ता मुखौटाहरूलाई भूदेवीको मुखौटा मानिएको छ। जसलाई ई. पू. तेस्रो शताब्दीको कला मानिएको छ (Deo, 1964, p. 28) ।

त्यस्तै, कपिलवस्तु उत्खनन्को क्रममा पनि केही नारीमूर्ति तथा मूर्तिका टुक्राहरू फेला परेका छन् । जसलाई पुरातत्वविद्हरूले श्रीदेवीको नाम दिएका छन् । पूर्वमौर्यकालीन समय आकलन गरिएका यी मूर्तिहरूले उक्त समयमा नेपालमा शाक्त धर्म स्थापित भइसकेको प्रमाण दिन्छन् । यसै क्रममा पाटनको च्यासल हिटीमा अवस्थित गजलक्ष्मीको मुर्तिलाई लैनसिंह वाङ्देलले ईस्वीको प्रथम शताब्दीको मानेका छन् (Bangdel, 1982, p. 17) । त्यस्तै वाङ्देलले ईस्वीको दोस्रो शताब्दी मानेका मूर्तिहरूमा हौगलबहालको मातृकाको मूर्ति, चाँगुनारायणको सप्तमातृमाको मूर्ति आदि रहेका छन् । यी मूर्तिहरूलाई आधार मान्ने हो भने काठमाडौंमा पनि ईस्वीको प्रथम शताब्दीदेखि नै देवीको मूर्ति बनाई पूजागर्ने चलनको विकास भइसकेको मान्न सकिन्छ। यी मूर्तिहरूले शाक्त धर्मको मात्र वर्णन नगरी उक्त समयमा नेपालमा नारीको मूल्य तथा मान्यता कस्तो थियो भन्ने कुराको पनि प्रमाण दिएका छन् ।

काठमाडौंमा पनि शाक्त धर्मको ईतिहासलाई अध्ययन गर्दै जाने हो भने अभिलेखीय प्रमाणको आधारमा लिच्छवी राजा मानदेव (पाँचौ शताब्दी) सम्म पुग्न सकिन्छ। संवत् ४२५ को राजा मानदेवको शासनकालमा पलाञ्चोक भगवती मन्दिरमा रहेको अभिलेखमा सम्राट गृहपतिकी पत्नी विजयस्वामिनीले भगवती विजयेश्वरी देवीको प्रतिष्ठा गरेको उल्लेख छ ( वज्राचार्य, वि.सं. २०५३ पृ. ६७) । पाँचौ शताब्दीका राजा मानदेवले आफूले चलाएको सिक्काको अग्रभागमा श्री मानाङ्क र पृष्ठ भागमा श्री भोगीनी उल्लेख गरी उक्त अक्षरको तल्लो भागमा देवीको मूर्ति अङ्कित गराएका थिए (खतिवडा, वि. सं. २०५५ पृ. ५७)।

राजा मानदेवको समयभन्दा अगाडि शाक्त धर्मबारे कुनै अभिलेखीय प्रमाण नभेटिएकाले सोभन्दा पहिलेको धर्मको बारेमा अध्ययन केवल विभिन्न स्थानमा फेला परेका मूर्तिका आधारमा मात्र गर्नुपर्ने बाध्यता रहेको छ।

संवत ४९५ को सिकुबहीको अभिलेखमा वाग्मती र मणिमतीको देभानमा स्थापना गरेको मातृकाको माटोको मूर्ति जीर्ण भएको र जीर्णोद्धार गर्ने सोच हुँदाहुँदै कालगतिले बभ्रुवर्माको मृत्यु भएकोले उनको भतिजले सो इच्छा पूरा गरेको भनी उल्लेख छ (बज्राचार्य वि.सं. २०५३ पृ. २०८) । भाषा वंशावलीमा उल्लेख भएअनुसार बाह्रौं शताब्दीका राजा गुणकामदेवले कान्तिपुर नगरीलाई खड्गको आकारमा बसाएका थिए। सो नगरीको सुरक्षाको निमित्त नगरको वरिपरि मातृकाको मन्दिरको स्थापना गरेका थिए। ती मातृकाहरू निम्नानुसार छन्।

१) कमलादीको रुद्रायणी (पासिको अजिमा)

२)भद्रकालीको ब्रम्हायणी (लुमणी अजिमा / ओचु अजिमा (ओचु =नीलो))

३) काठमाण्डौ टुँडीखेलको कौमारी पीठ (फीवो / फिफु अजिमा)

४) पचली भैरव छेउको वैष्णवी पीठ (पचली अजिमा)

५) विष्णुमती किनार, डल्लु वारीकी वाराही (कंकेश्वरी अजिमा)

६) शोभा भगवती वारी ईन्द्रायणी (लुँती अजिमा)

७) मैपीस्थित चामुण्डा (मैपी अजिमा)

८) नारायणहिटी दरवार परिसरको महालक्ष्मी पीठ (श्री/चन्द्र अजिमा) (शिल्पकार, २०७८, पृ. ८८)।

मध्यकालको इतिहासलाई पल्टाउँदा शाक्त धर्मले राजधर्मकै रूपमा जरा गाडेको देखिन्छ। सिम्रौनगढबाट राजा हरिसिंह देव तथा देवलदेवीले बोकेर ल्याएको तुलजा भवानीलाई पहिले भक्तपुरमा स्थापित गराई राज्य विभाजन पछि उपत्यकाका तीनैवटा राज्यका राजाहरूले (काठमाडौं, ललितपुर, भक्तपुर) ले आफ्नो इष्ट देवीको रूपमा तत्कालिन राजाहरूले स्थापना गरेका थिए। उक्त समयमा बनेका तलेजु भवानीको ठूलाठूला मन्दिरहरू हालसम्म पनि उत्तिकै महत्वका साथ आफ्नो स्थान जमाइरहेको छ। काठमाडौंको १८ औं शताब्दीको मल्ल वंशीय राजा जयप्रकाश मल्लले विश्वकै एकमात्र जीवित देवी "कुमारी" राख्ने चलनको सुरुवात गरेका थिए। शाहकालमा पुरानो चलनलाई निरन्तरता दिई शाक्त मन्दिर तथा मूर्ति राख्ने चलन बढेको देखिन्छ।

नेपालमा शाक्तधर्म काठमाडौंमा मात्र केन्द्रित नभई काठमाडौंभन्दा बाहिर पनि उत्तिकै चर्चित थियो। पलाञ्चोक भगवती, कालीञ्चोक, मनकामना, दक्षिणकाली, गढीमाई, विन्दवासिनी नेपालको विभिन्न स्थानमा रहेका देवीहरूलाई निकै शक्तिशाली तथा मनोकामना पूरा गर्ने देवी मानिएका छन्। काठमाडौं उपत्यकाभन्दा बाहिर अवस्थित मन्दिहरू अहिलेसम्म पनि शक्तिशाली देवीको रूपमा पूजा हुँदै आएका छन्।

## २.३ मातृकाको परिचय

संस्कृत शब्द मातृकाको शाब्दिक अर्थ आमा भन्ने हुन्छ। विभिन्न देवताहरूको शक्तिलाई जगतकी जननी मानी बनाइएको समूह जसमा सात वा आठ देवीहरूलाई राखी पूजा वा उपासना गरिन्छ, उक्त समूहलाई मातृका भनिन्छ। यी सात वा आठ देवीलाई तिनैको देवताको वहान तथा आयुध दिइने चलन छ। पौराणिक साहित्यहरूमा चण्डमुण्ड, रक्तवीज, मधुकैटव जस्ता दैत्यहरूलाई संहार गर्नका लागि विभिन्न देवताहरू जस्तै, ब्रह्मा, विष्णु, महेश्वर, रुद्र आदिको शक्ति मिली ती दैत्यहरूको संहार गरिएको कुरा उल्लेख छ। यसरी दैत्यको संहार गरी जगतलाई मुक्त वा पुनर्जन्म गराएको जननी मानेर उक्त समूहलाई सप्तमातृका वा अष्टमातृका नाम दिई उपासना गर्न थालिएको भनी पौराणिक साहित्यहरूमा उल्लेख छ। मार्कण्डेय पुराणमा उल्लेख भएअनुसार "शुम्भ निशुम्भ नामक अशुरहरूबाट आतंकित भएका देवताहरूले हिमालयमा गएर देवीको स्तुति गरे। गंगामा नुहाउन लागेको

पार्वतीले स्तुतिको विषयमा सोधपुछ गर्दा त्यसै समयमा पार्वतीको शरीरको कोपबाट अम्बिका प्रकट भई देवताहरूसँग आफूलाई उनीहरूले स्तुति गरेकी देवीको रूपमा परिचय गराइन् । पार्वतीको कोषबाट उत्पत्ति भएको हुनाले उनलाई 'कौशिकी' पनि भनियो । उनको उत्पत्ति भएको समयमा पार्वतीको शरीर कालो हुन गएकोले त्यस समयदेखि पार्वतीलाई 'काली' पनि भन्न थालिएको हो । असुरहरूसँग युद्ध गर्दा पार्वतीको निधार रिसले कालो भयो र उनको शरीरबाट कालो वर्णको अर्की देवी प्रकट भईन् । जसले चण्डमुण्ड नामक राक्षसको संहार गरिन् । सोही कारणले उनलाई चामुण्डा नाम राखियो । यसबाहेक सो युद्धमा ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, नरसिंही र एन्द्री जस्ता ७ वटा अन्य शक्ति पनि देवीको शरीरबाट उत्पन्न हुन पुगे (क्षेत्री र खतिवडा, वि.सं.२०५४ पृ. ९८) । मत्स्य पुराणमा शिवले अन्धकासुरसँगको युद्धमा जित्न नसकी मातृकाहरूको उद्भव गराई अन्धकासुरको वध गराएको उल्लेख छ (बराल, २०५० पृ. ४४९) ।

गुप्तकालीन अमर कोषमा '*ब्राह्मी माहेश्वरी चैव कौमारी वैष्णव तथा वाराही च तथिन्द्राणी चामुण्डा सप्तमातर* ' भनी सप्तमातृकाको नाम उल्लेख गरिएको छ । यही सप्तमातृकामा महालक्ष्मी थपेर मातृकाको अर्को सामूहिक रूप अष्टमातृका बनाइएको पाइन्छ (Gurung, (2021-07-05), नेपाल मण्डलका तान्त्रिक सम्पदाका विशेषता) ।

नेपाल र भारतमा मात्र मानिने मातृकाको पूजा अतिप्राचीन समयदेखि चलेको थियो भन्ने कुरालाई यहाँ भेटिएका मातृकाका विभिन्न प्रचीनकालिन मूर्तिहरूले प्रमाणित गरेका छन् । लैनसिंह वाङ्देलद्वारा ईश्वीको पहिलो, दोस्रो वा तेस्रो शताब्दी मानिएका मातृकाका मूर्तिहरू काठमाडौंको विभिन्न स्थानहरूबाट पाइएका छन् । माटो र प्रस्तर गरी दुई किसिमले बनेका मातृकाका मूर्तिहरू काठमाडौं बाहेक नेपालका विभिन्न स्थानबाट पनि पाइएका छन् । पाटन सिकुवहीको अभिलेखमा पनि मातृका कै उल्लेख भएको छ । यी सबै मूर्तिहरू जुन समय वा कालखण्डमा बनाइए, उक्त कालखण्डमा नेपालमा शाक्त लगायत मातृकालाई उच्च स्थानमा राखेर पूजा गर्ने चलन थियो भन्न सक्ने आधार भेटिन्छ ।

शाक्त तन्त्रअनुसार मातृकालाई एकल पूजा गरिँदैन । मातृकाहरूमध्ये जुन देवीको मन्दिर भए तापनि उक्त देवीलाई मुख्य मानेर बाँकी देवीहरूको पनि पूजा एकै साथ गरिन्छ । मातृकाको पूजा गर्दा केवल देवको शक्तिको रूपमा मात्र नभएर भैरवीको रूपमा पनि पूजा गर्ने गरिन्छ । सोही कारणले गर्दा हरेक मातृका वा शक्तिपीठमा भैरव वा भैरवको रूपमा

शिवलिङ्ग राख्ने चलन रहेको छ (नगेन्द्र राजोपाध्याय, व्यक्तिगत अन्तर्वार्ताः वि. सं. २०७९-३-१२) । यस्ता मूर्तिहरू हगोलबहाल, जयवागेश्वरी, बङ्लामुखी, मालीगाउँ, चाँगु, कमलादी, कीतिपुर वागभैरव मन्दिर परिसर आदि स्थानमा पाइएको छ (Bangdel,1982 p 24-27) ।

## २.४ अजिमा

*अजिमा* शब्द नेपाल भाषाको शब्द हो। जसको अर्थ बजै देवता हुन्छ। *अजिमा*सँगै पीठ शब्द जोडिएपछि त्यसमा एउटा सिङ्गो शक्ति परिवारलाई जनाउँछ। अर्थात् शक्तिपीठमा केवल शक्तिको मूर्त वा अमूर्त स्वरूपको मात्र अवस्थिति नभई, शक्तिका साथसाथै गण देवताहरूको पनि उपस्थिति गराइन्छ । *अजिमा*युक्त शक्तिपीठ अर्थात् मातृका (शक्ति) पीठमा आगमिक (तन्त्र) उपासना पद्धतिका विभिन्न मार्ग एवं विधिविधानले आफ्नै पूर्वजका रूपमा सकारेर पूजा गरिन्छ । पीठलाई परिभाषित गर्न गण र शक्तिसहित रहने अनुचरलाई पनि सँगसँगै पूजा गरिन्छ। काठमाडौंको भद्रकाली शक्तिपीठमा भद्रकालीका साथसाथै गणेश, कुमार, कुमारी, मातृका गण, भैरवगण, योगिनीगण, सिंहिनी, व्याघ्रिनी, छ्वासलगायत गणदेवता र तिनका अनुचरलाई पनि सँगै राखिएको छ । उपत्यकाका धेरैजसो शाक्त मन्दिरहरू पीठका रूपमा स्थापित रहेको छ र त्यसको कारण त्यहाँ मूर्त वा अमूर्त स्वरूपमा गणहरू समावेश गरिएको छ। विभिन्न देवीलाई *अजिमा* (बजै देवता) र *आजु द्यः* (बाजे देवता) का रूपमा लिएर शक्तिबाट मातृवात्सल्यताको कामना राखी शक्तिसँग सन्निकट गराइएको छ । कतिपय समुदायले विभिन्न देवदेवीलाई आफ्नो पुर्खाका रूपमा ग्रहण गरेका छन्।

राजा गुणकामदेवले प्राचीन नेपाल (नेपालमण्डल) उपत्यकाको दक्षिणमा रहेको मञ्जुपतन यङ्गाल कोलिग्राम बस्ती र उत्तरको यङ्गु कोलिग्राम बस्ती नामक दुई बस्तीलाई समावेश गरेर त्यसको आसपासको भूमिलाई वाग्मती, इच्छुमती (टुकुचा), विष्णुमती र रुद्रमती (धोबिखोला) नदी किनारमा) कान्तिपुर नगरका रूपमा स्थापना गरे। नगरको चारैतर्फ उच्च तन्त्रोक्त विधिले खड्ग आकारमा अष्टमातृकाका पीठ र अष्टभैरव स्थापना गरेर दुर्ग (नगर सुरक्षा घेरा) निर्माण गरेर उनले शासन व्यवस्था चलाएको तथ्य नेपाल भाषा वंशावलीमा उल्लेख गरिएको छ। काठमाडौँको स्थानीय परम्पराअनुसार स्थापित भएका मातृकालाई *अजिमा* र भैरवलाई *आजु द्यः*का रूपमा पूजा गरिने प्रचलन छ। यसरी खड्गाकार रूपमा स्थापना गरिएका अजिमाले शत्रु राज्यका दुस्मनले आक्रमण गरेमा विपक्षीको शक्तिलाई निस्तेज गरी

नगरको संरक्षण गर्ने र नगरको श्रीवृद्धि गर्न राजालाई आवश्यक सरसल्लाह दिने गर्दथे भन्ने मान्यता रहिआएको छ। हरेक वर्ष यी मातृकाको धुमधामसाथ जात्रा चलाई पञ्चबली समर्पणका साथ विशेष पूजा गरिने प्रचलन चलिआएको छ (आभाष राजोपाध्याय, व्यक्तिगत अन्तर्वार्ता; वि. सं. २०७९-५-१८)।

## २.५ शक्तिपीठ

शक्तिपीठ शब्द शक्ति र पीठ दुई शब्द मिलेर बनेको छ । जसमा शक्तिको अर्थ देवी दुर्गा जसलाई दाक्षायनी वा पार्वतीको रूपमा पूजा गर्ने गरिन्छ । तीनै देवीको आसन वा स्थितिलाई शक्तिपीठ भन्ने गरिएको छ । अमरकोशले शक्तिको अर्थ बल, शौर्य, पराक्रमसँगै स्त्री शक्तिलाई पनि परिभाषित गरेको छ । साथै, आसन वा स्थिति भन्ने अर्थमा पीठको परिभाषा अमरकोषले दिएको छ ।

पुराणहरूका अनुसार सतीको मृत शरीरका विभिन्न भागबाट ५२ शक्तिपीठहरू निर्माण भएको थियो । दक्ष प्रजापतिले कन्खल (हरिद्वार) मा बृहस्पति सर्वनामक यज्ञको रचना गरेको र त्यसैमा सतिदेवीले आत्मदाह गरेको र त्यही मृत शरीर शिवजीले बोकेर हिँड्दा जहाँजहाँ सतिदेवीको अंग पतन भयो, सोही ठाउँमा शक्तिपीठ स्थापना भएको कथा पुराणहरूमा उल्लेख छ ।

शक्ति पीठको चर्चा सबैभन्दा पहिले स्कन्द पुराणमा गरिएको पाइन्छ । सो पुराणको अनुसार जब दक्ष प्रजापतिले आफ्नो यज्ञमा छोरी सतीदेवी र ज्वाइँ महादेवबाहेक सम्पूर्ण देवता गन्धर्व आदिलाई बोलाउँछन्, उक्त समयमा सती अत्यन्त दुःखी भई आफ्ना पितालाई सम्झाउन जान्छिन् । तर त्यहाँ पिता पुत्रीको वार्तालापले सतीदेवी झन् दुःखी भई अग्नीकुण्डमा हामफाली आफ्नो प्राण त्याग्छिन् । महादेवले उक्त घटना थाहा पाई वीरभद्रलाई दक्ष प्रजापतिको शिर छेदन गर्ने आदेश दिई आफू भने जल्दै गरेको सतीदेवीको शव काँधमा बोकी पृ.थ्वीको चक्कर लगाउन निस्कन्छन् । सोही समयमा महादेवको हातबाट सतीदेवीको शव अलग गर्नका लागि देवताहरूको आग्रहमा विष्णुले शवमा औँशा उत्पन्न गराउँछन् । जसले गर्दा सतीदेवीको शव टुकाटुका भई जमिनमा खस्दछ । सोही टुका खसेको स्थानलाई नै पुण्यभूमि वा शक्तिपीठ मानिएको छ । यस स्थानलाई देवीको जुनसुकै नाम दिए तापनि शिव शक्ति स्वरूप वा भैरवभैरवीलाई नै पूजा गरिन्छ । विभिन्न ग्रन्थहरूमा शक्ति पीठहरूका नाम तथा संख्या

फरकफरक रहेका छन् । श्रीमद्देवी भागवतमा शक्तिपीठको संख्या १०८ तोकिएको छ भने तन्त्र चुडामणिमा ५३ वटा तोकिएको छ (पौडयाल, वि. सं. २०६०, पृ. ६०) ।

यस अध्यायमा धर्मको  परिचय लगायत शाक्त धर्मको बारेमा चर्चा गरिएको छ । विश्वमा शाक्त धर्मको सुरूवात देखि नेपालमा शाक्त धर्मको उत्पति, विकास र इतिहासको विभिन्न कालखण्डमा शाक्त धर्मको  अवस्था वारे चर्चा गरिएको छ । यसका साथै शाक्त धर्म अन्तर्गत रहेका मातृका, अजिमा तथा शक्ति पीठको बारेमा यहाँ उल्लेख गरिएको छ ।

# अध्याय तीन

# इन्द्रायणी (लुँती अजिमा) मन्दिरको परिचय

## ३.१ ढल्कोको परिचय

वाग्मती प्रदेश अन्तर्गत् पर्ने काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. १७ मा विष्णुमती नदी किनारमा ढल्को नामक बस्ती रहेको छ। विभिन्न सांस्कृतिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरू समेटेको यस स्थानले सम्पदा क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ। नेवार समुदायको बाहुल्यता रहेको यस क्षेत्र विभिन्न धार्मिक तथा सास्कृतिक सम्पदाले भरिपूर्ण छ । स्थानीयका अनुसार पुरानो तथा नयाँ गरी काठमाडौंमा दुईवटा ढल्को रहेको छ । जसलाई माथिल्लो तथा तल्लो ढल्को भनी चिनिन्छ । स्थानीयका अनुसार हाल दुवै क्षेत्रमा बाक्लो बस्ती भए तापनि केही समय अघिसम्म तल्लो ढल्कोमा खेती मात्रै गरिन्थ्यो। भाषा वंशावली अनुसार यो क्षेत्र राजा गुणकामदेवले स्थापना गरेको खड्गाकार नगरको पश्चिम सीमामा पर्छ (न्यौपाने, वि. सं.२०७३-०६-०१)। गुठी संस्थानमा भेटिएको संम्वत १८८९ सालको लगत अनुसार ढल्को खुसीबु र ढल्को क्षेत्रमा बाढीले दुःख दिएको हुनाले तीन वर्षसम्म कर छुट गरिएको थियो । (गुठी लगत तथा अभिलेख शाखा कार्यालय, भद्रकालीः बटुक १२०)

## ३.१.२ ढल्कोको नामाकरण

हरेक ठाउँ वा स्थानको नामाकरण उक्त स्थानको विशेषताको आधारमा गरिन्छ । 'ढल्को' नामका पछाडि पनि यस्तै विशेषता रहेको अन्तर्वार्ताका क्रममा सम्बन्धित क्षेत्रका जानकारहरूले बताए। उनीहरूका अनुसार पहिले यो ठाउँमा हरेक घरबाट निस्किएको तरल विकार बग्ने ढल थियो। जुन विकारहरूलाई खेती गर्दा मलको रूपमा पनि प्रयोग गरिन्थ्यो। स्थानीय भाषामा यस स्थानलाई '*ढ-क्वोय*' भन्ने गरिन्थ्यो। '*ढ*' भन्नाले ढल वा नाली र '*क्वोय*' भन्नाले बग्ने ठाउँलाई जनाउँछ। यही *ढ-क्वोय*बाट अपभ्रंश भएर ढल्को हुन पुगेको हो (रवि देउला, व्यक्तिगत अन्तर्वार्ता; वि. सं. २०७९-०५-२७)। ढल्कोमध्ये पनि माथिल्लो ढल्को पूर्ण रूपमा प्राचीन कान्तिपुर नगरीभित्र पर्थ्यो जहाँ नेवार समुदायको घना बस्ती थियो भने तल्लो ढल्को प्राचीन कान्तिपुर नगरीको सिमानामा पर्दथ्यो। यहाँ नेवारी वर्णानुक्रम अनुसार

तत्कालीन समयमा तल्लो जात भनेर पहिचान गरिएका खड्गी, साही देउला जस्ता जातका मानिसलाई खेत तथा मन्दिरको रेखदेखको लागि राखिएको हुन्थ्यो भन्ने तर्क स्थानीयको छ ।

ढल्को ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण क्षेत्र हो । केही समय अघिसम्म पनि एकछत्र रूपमा यहाँ नेवार समुदायको मात्र बसोबास थियो । तर हाल विभिन्न स्थानबाट मानिसहरू बसाईं सरेर यो क्षेत्रमा आएका छन् । यद्यपि, अहिले पनि भित्री बस्तीमा नेवार समुदायकै बाहुल्यता रहेको पाइन्छ । उपल्लो ढल्कोमा महर्जन, मानन्धर, बज्राचार्य, कार्मचार्य जस्ता थरधारको बसोबास रहेको छ भने तल्लो ढल्कोमा शाही, खड्गी, देउला जस्ता थरका समुदायको बसोबास रहेको छ । स्थानीयको अनुसार यसरी वस्ती बसाल्नको लागि कुनै समयमा राजा द्वारा नै आदेश जारी भएको थियो । स्थानीय सानुमाया महर्जनका अनुसार उपल्लो ढल्कोमा बस्नेहरूको मुख्य पेशा खेती वा व्यापार थियो भने तल्लो क्षेत्रमा बस्ने वासिन्दालाई खेती तथा मन्दिरको सुरक्षाका साथै देउपालाको जिम्मेवारी दिइएको थियो ( सानुमाया महर्जन, व्यक्तिगत अन्तर्वार्ता; वि. सं. २०७९-३-१८) । केही पुराना दस्तावेजका अनुसार प्रधानमन्त्री जंगबहादुर राणाले इन्द्रायणी मन्दिर वरिपरि विष्णुमती नदीमा बाढी आउँदा जन धनको क्षती हुने भएकाले मानव बस्ती नबसाल्न आदेश जारी गरेको कुरा गुठी संस्थानको लगतमा भेटिन्छ (गुठी लगत तथा अभिलेख शाखा कार्यालय, भद्रकालीः बटुक १२०) ।

नेवार समुदायको बाहुल्यता रहेको यस क्षेत्रमा हरेक महिनामा कुनै न कुनै सांस्कृतिक कियाकलाप भइरहेको हुन्छ । तर नेवार समुदायमा लोकप्रिय पाहाचह्रे (घोडे जात्रा) भने यस क्षेत्रका बासिन्दाले मनाउँदैनन् । किंम्वदन्ती अनुसार जब इन्द्रायणी गरिबीको कारण आफ्नो माइतमा अपहेलीत भइन् त्यसपछी उनको अरू दिदीबहिनीको जात्रा भन्दा चार महिना अगाडी बाला चह्रेः (बाला चतुदर्शी) मनाउने गरिएको स्थानीय श्यामकृष्ण महर्जनले अन्तर्वार्ताका कममा जानकारी दिए ।

ढल्को क्षेत्र धर्म तथा संस्कृतिले ओतप्रोत भएको क्षेत्र हो । यहाँको टोलटोलमा कुनै न कुनै देवदेवीको मन्दिर रहेको पाइन्छ । नेवार समुदायको बाहुल्यता रहेको यस क्षेत्रका बासिन्दाहरू धर्म तथा धार्मिक कियमकलापहरूमा निकै संवेदनशील रहेका छन् । यस वाक्यको पुष्टि सोही स्थानमा हुने गरेका विभिन्न धार्मिक कार्यहरूबाट समेत हुने गरेको छ । इन्द्रायणी मन्दिर पनि यस्तै आस्थाको केन्द्र हो । पुरानो बस्तीको सीमा बाहिर रहेको यस मन्दिरमा

कुनैपनि धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्य गर्नुपरेमा स्थानीयको बाक्लै उपस्थिति हुने गरेको छ । यस मन्दिरमा मानव जीवनको विविध संस्कारहरूमध्ये अन्तिम संस्कार मात्र हुने गरेको छ । तर, कुनै घरमा कुनै नयाँ कार्यको थालनी भए वा नयाँ पुस्ताको आगमन भएमा अजिमाको दर्शन गराउनको लागि यही मन्दिरमा ल्याउने चलन पनि छ । चन्द्रमास पात्रो अनुसार हरेक महिनाको कृष्णपक्षको चतुर्दशीको दिन द्योपालाद्वारा यस मन्दिरको वरिपरि दियो बाल्ने चलन छ ।

## ३.२ इन्द्रायणीको परिचय

इन्द्रायणी देवीको स्थापनाको सम्बन्धमा हालसम्म कुनैपनि अभिलेखीय प्रमाण प्राप्त भएको छैन । इन्द्रायणीको सम्बन्धमा मार्कण्डेय पुराण अनुसार शुम्भ-निशुम्भ बध गर्न पार्वतीका शरीरबाट उत्पन्न भएकी दुर्गा भवानीको सहायतार्थ ब्रह्मा, विष्णु शिव, इन्द्रका शक्तिहरू उनै देवता जस्तै रूप र आयुध भएका, उस्तै वाहनमा चढी चण्डिकाको सहायतार्थ आए भन्ने उल्लेख भएको पाइन्छ (Sastri, 1916 p. 196 )

*वज्रहस्ता तथैवैन्द्री गजरजोपरिस्थिता ।*

*प्राप्ता सहस्रनयना यथा शक्रस्तथैव सा* ॥

अर्थात् वज्र आतमा लिएकी, ऐरावत हात्तीमा चढेकी, हजार आँखा भएकी, जस्तो इन्द्रको रूप छ, त्यस्तै रूपकी शक्ति आइन् (कोइराला, वि.सं.२०६५ पृ. १०३) ।

इन्द्रायणीलाई देवताहरूको राजा इन्द्रको शक्ति मानिन्छ । शिव पुराणमा देवराज इन्द्रका साथसाथै इन्द्रीको पनि बयान गरिएको छ । इन्द्रायणी देवीलाई इन्द्री, माहेन्द्री, इन्द्राणी वा एन्द्रीको रूपमा पनि स्तुति गरिन्छ । इन्द्रायणीलाई मातृका समूहअन्तर्गत् पनि पूजा गर्ने चलन छ । प्राचीन समयमा प्रचलित शाक्त धर्म सम्बन्धी लेख वा फेला परेका मूर्तिका आधारमा इन्द्रायणीलाई सप्तमातृका वा अष्टमातृका अन्तर्गत् पनि मान्ने चलन भेटिन्छ । काठमाडौं उपत्यकाको भक्तपुर क्षेत्रमा यही अष्टमातृकामा त्रिपुररसुन्दरीलाई जोडेर नवदुर्गाको रूपमा तूजा गरिन्छ । इन्द्रायणीलाई एकल, युगल वा सामूहिक रूपमा स्तुति गर्ने गरिन्छ । एकलतर्फ शक्तिपीठको रूपमा, युगलतर्फ देवराज इन्द्रको साथमा उनको शक्तिको रूपमा तथा समूहमा देखाउँदा सप्तमातृका वा अष्टमातृकाको सदस्यको रूपमा स्तुति गर्ने प्रचनल रहेको छ । देवराज इन्द्रलाई सहकालको देवता मानिन्छ भने इन्द्रायणीलाई अनिकाल हरी सहकाललाई

स्थापित गर्ने शक्तिको रूपमा आराधाना गरिन्छ । प्रतिमालक्षणका आधारमा इन्द्रायणीलाई इन्द्रकै आयुध बज्र राखिएको हुन्छ भने वाहनको स्थानमा इन्द्रकै वाहन ऐरावत हात्ती राख्ने चलन छ ।

## ३.२.१ काठमाडौं उपत्यकाका इन्द्रायणी मन्दिरहरू

इन्द्रायणी देवीलाई मातृका समूहको एक सदस्य देवीको रूपमा पूजा गरिन्छ। काठमाडौं उपत्यकामा मातृकाको अवधारणा प्राचीन समयमा नै भइसकेको थियो । जसको चर्चा अघिल्लो अध्यायमा गरिसकिएको छ । काठमाडौं उपत्यका भन्नाले हालका तीनजिल्ला काठमाडौं, भक्तपुर र ललितपुरले चर्चेको जमिनलाई जनाउँछ। जसलाई वाग्मती उपत्यका पनि भनिन्छ । यी स्थानहरूमा प्राचीन समयमा शहर विकास गर्दा तन्त्र विद्यालाई आधार मानेर गरेको पाइन्छ (Gurung, (2021-07-05): नेपाल मण्डलका तान्त्रिक सम्पदाका विशेषता) । यसअन्तर्गत् तीनैवटा शहरमा बस्ती बसाल्नको निमित्त हिन्दू धर्मका अलगअलग प्रतीकहरूको आकारमा विस्तार गरेको पाइन्छ। सोही आकारको सीमा निर्धारण गर्नका लागि अलग अलग स्थानमा मातृकाको स्थापना गरी शहरलाई वरिपरिबाट घेरिएको थियो । तीनवटा शहरलाई निम्नानुसारका फरक प्रतीकको आकारमा विस्तार गरिएको थियो ।

**भक्तपुरः** भक्तपुर शहर प्राचीन समयमा तन्त्रको केन्द्र थियो भन्ने विद्वानहरूको मत छ। प्राचीन समयमा भक्तपुरलाई शंखाकारमा नगरमा विकास गरिएको थियो । राजा आनन्ददेव मल्लले बाह्रौं शताब्दीमा सो शंखको आकार दिनको लागि ठाउँ ठाउँमा अष्टमातृकाको पीठ स्थापना गरिएको छ र केन्द्र बिन्दुमा त्रिपुरासुन्दरी देवीलाई स्थापना गरिएको छ । यसलाई त्रिपुरा 'सुन्दरी' मन्डल नाम दिइएको छ (Kido, 2068, p. 1) । यसै मण्डलको समूहभित्र इन्द्रयणी मन्दिरको समेत स्थापना गरिएको छ। वरिपरि अष्टमातृका र बचिमा त्रिपुरासुन्दरी राखेपछि यी सबैलाई सामुहिक रूपमा नवदुर्गा पनि मान्ने गरिएको छ।

**ठिमीः** भक्तपुर जिल्लाकै अर्को क्षेत्र ठिमीमा पनि इन्द्रायणी देवीको मन्दिर रहेको छ । यस स्थानमा इन्द्रायणी देवीलाई मुर्त स्वरूपमा पूजा गरिन्छ। प्राचीन नगरको तन्त्र विद्या अनुसार स्थापना भएको देवीहरूमा यस मन्दिरको नाम आएको छैन । तर पनि यहाँका स्थानीयहरू भने यो मन्दिर परापूर्व कालदेखि रहिआएको मान्यता राख्छन् ।

**काठमाडौंः** काठमाडौं शहर पनि प्राचीन समयमा तन्त्रको केन्द्रकै रूपमा विकास भएको विद्वानहरूको भनाइ छ। प्राज्ञ डा. जगमान गुरुङ्का अनुसार काठमाडौंलाई खड्गको आकारमा

नगर योजना गरिएको थियो । जसमा खड्गको बिँड पचली भैरवको वैष्णवीको मन्दिरलाई मानिन्छ भने टुप्पोको रूपमा म्हैपी अजिमालाई मानिएको छ । यसैगरी खड्गको आकार दिने क्रममा ढल्कोस्थित विष्णुमतीको किनारमा इन्द्रायणी देवीको स्थापना गरेको मानिएको छ ( Gurung, (2021-07-05): नेपाल मण्डलका तान्त्रिक सम्पदाका विशेषता) ।

**पाटनः** प्राचीन कालमा पाटन नगरको विकास पनि तन्त्र साधना अनुसार गरिएको मत डा. गुरुङ्गको छ । यस नगरलाई स्वस्तिक आकारमा विकास गरिएको थियो । यहाँ पनि स्वस्तिक आकारको बाहिरी घेरामा अष्टमातृका र भित्री घेरामा दस महाविद्याको पीठ स्थापना गरिएको छ । यहीँ अष्टमातृकामध्येको इन्द्रायणीलाई स्थापना गरिएको छ ।

**कीर्तिपुरः** प्राचीन नगरी कीर्तिपुरमा पनि मातृकाको स्थापना गरिएको छ । तर यहाँ इन्द्रायणी देवीलाई नगर रक्षक बनाइ विशेष प्राथमिकता दिइएको छ । यहाँको इन्द्रायणीको जात्रा (बखुँ जात्रा) र ढल्को इन्द्रयणी जात्रा एक आपसमा सम्बधीत भएको मान्यता रहेको छ ।

## ३.३ इन्द्रायणी (लुँती अजिमा) मन्दिरको परिचय

काठमाडौंमा रहेको अनेक शक्तिपीठहरूमध्ये विष्णुमती नदी किनारमा रहेको इन्द्रायणी मन्दिर पनि एक हो । यस देवी तथा मन्दिरको स्थापनाको सम्बन्धमा हालसम्म कुनैपनि ठोस प्रमाण प्राप्त हुन सकेको छैन । इन्द्रायणी देवीको स्थापनाको बारेमा विभिन्न वंशावलीहरू जस्तै भाषा वंशावली, देवमाला वंशावली आदिमा उल्लेख गरिएको पाइन्छ । जसअनुसार बाह्रौं शताब्दीमा राजा गुणकामदेवले नगरको रक्षाका लागि इन्द्रायणी मन्दिरको स्थापना गरेका थिए । यस कुरालाई प्रमाणित गर्नका लागि भने कुनैपनि अभिलेखीय प्रमाण प्राप्त भएको छैन । तर, देवी मन्दिर स्थापना गर्दा बस्ती बाहिर, नदी किनार, एकान्त, श्मशानघाट पारेर स्थापना गर्ने परम्परा अनुसार सबै गुणले युक्त भएको ठाउँमा इन्द्रायणीको स्थापना भएको देखिन्छ ( कोइराला, २०६५ः पृ. १०६)

मन्दिरको गुठीयारमध्ये एक ठकु जुजु (नेवारी समुदाय अन्तर्गतको एउटा जात)का अनुसार यस मन्दिरको स्थापना रत्नेश्वर मल्लद्वारा भएको हो । देवमाला वंशावली अनुसार यस मन्दिरको स्थापना राजा गुणकामदेवलाई स्वप्नमा महालक्ष्मीले आज्ञा दिई गर्न लगाएको हो (नाथ, वि. सं. २०१३ः पृ. ४२) । यी देवीलाई कसैले इन्द्रायणी, कसैले महालक्ष्मी र कसैले मनकामनाको रूपमा पूजा गर्ने गर्दछन् (नकर्मी, १९८४ः पृ. ५२ ) ।

### ३.३.१ लुँती अजिमा सम्बन्धी किंवदन्ती

स्थानीय किंवदन्तीअनुसार इन्द्रायणी (लुँती अजिमा)का ६ दिदीबहिनी छन् । जुन भद्रकाली, टंकेश्वरी, कंकेश्वरी, श्वेतकाली, रक्तकाली र मैतीदेवी हुन् (जोशी, २०६०: पृ. १८६) । वत्सलेश्वरीलाई यी सात दिदीबहिनीकी आमा मानिन्छ । एकपटक वत्सलेश्वरी माईले इन्द्रायणीबाहेक सबै छोरीहरूलाई पाँहाचह्रे (घोडे जात्रा)मा घर बोलाई भोज गरेर मीठामीठा खानेकुराहरू खुवाएर पठाइन् । इन्द्रायणी भने गरिब र धेरै बच्चाहरू भएकी छोरी भएकोले भोलिपल्ट बासी खाना खानमात्र बोलाइन् । आफूलाई अपमान गरेको थाहा पाएपछि इन्द्रायणीलाई साह्रै चित्त दुख्यो र उनी खाना नखाई रुँदै घर फर्किइन् । खाना नखाई फर्किंदा उनी र उनका बच्चाहरू बाटोमा निकै भोकाए । भोका बच्चाहरूको आलाप सुनेर इन्द्रायणी देवीले बाटोमा हिँड्दै गर्दा भेटेको फर्सी टिपेर घर लगिन् । बच्चालाई खुवाउन भनेर फर्सी लगेको भए पनि भोक लाग्यो भनेर धेरै पिर्ने बच्चालाई उनले बाटोमा छाड्दै गइन् । यसरी छाड्दै जाने क्रममा उनले स्वाँछपु गणेशलाई थँहिति र छत्रपतिको बीचमा, भुँडी गणेशलाई धोबीचौरमा छोडेर गइन् । त्यस्तै, एकदमै साना बच्चाहरू ज्वालामाई र मचाखाचालाई भने आफैँसँग लगिन् । अर्की छोरी शोभाभगवतीलाई भने विष्णुमति पारि नै छाडेर उनी घर फर्किइन् । बाटोमा टिपेर ल्याएको फर्सीलाई घरमा पुगेर पकाइन् तर नखाइकन उनी त्यसै निदाइन् । भोलिपल्ट पकाएको फर्सी सुनमा परिणत भइ सुनका झोल पोखिएको अवस्थामा देखियो । त्यसपछि इन्द्रायणी पनि अन्य दिदीबहिनी जस्तै धनी भइन् । धनी भएसँगै उनलाई माइती पक्षले पनि विशेष आदर गर्न थाले । यसरी इन्द्रायणीलाई सुनको झोलको नामबाट लुँती ('लुँ' भनेको सुन र ती भनेको झोल) अजिमा भनेर चिन्न थालियो । त्यसपछी इन्द्रायणीलाई पनि धनी देवीको रूपमा मान्न थालियो । अर्कोवर्षको पाहाः चह्रेमा लुँती अजिमालाई पनि माइतीबाट निम्ता आयो । उक्त निम्ताको जवाफमा उनले त्यो मलाई नभएर मेरो सुनलाई आएको निम्ता हो भनेर माइत गइनन् । त्यही समयदेखि हालसम्म लुँती अजिमाको जात्रा छुट्टै बाला चतुर्दशी (बालाचाह्रे)को दिन गर्ने चलन छ । यस जात्रामा इन्द्रायणीको सन्तान बाहेक उनको कुनै पनि दिदी बहिनीलाई समावेश गरिदैन । इन्द्रायणीका अरु दिदीबहिनी भनिएका शक्तिपीठहरूमा घोडे जात्रा (पाहाःचह्रे)का दिन जात्रा गरिन्छ भने इन्द्रायणीमा चार महिनाअघि बाला चतुर्दशीको दिन जात्रा गर्ने गरिन्छ र त्यस जात्रामा पनि लुँती अजिमालाई समावेश गरिँदैन (जोशी, २०६०: पृ. १८७) ।

## ३.४ लुँती अजिमाप्रति स्थानीयको धारणा

लुँती अजिमा वा इन्द्रायणीको मन्दिर ढल्कोमा बसोबास गर्ने नेवार समुदायको इष्ट देवीको मन्दिरको रूपमा स्थापित छ । जात्रा तथा पर्वमा मात्र नभई नित्य पूजा, नैमित्य पूजा, भजन लगायतको कियाकलापमा भएको स्थानीयको उपस्थितिले मन्दिरप्रतिको धारणालाई प्रष्ट पार्छ । नेवार समुदायमा हुने संस्कारहरूमध्ये मृत्यु संस्कार मात्र गरिने यस मन्दिरमा स्थानीयहरूले लुँती अजिमासँग सम्बन्धित कुनै पनि कार्य गर्नुपरेमा सदैव तत्पर रहेका हुन्छन् । मन्दिरको सरसफाइ, जात्रा व्यवस्थापन भजन, पूजा व्यवस्थापन आदि जस्ता सम्पूर्ण कार्यहरू गर्नुपरेमा स्थानीयहरू निःस्वार्थ भावनाले यहाँ काम गरिरहेको देख्न सकिन्छ । स्थानीयको भनाइ अनुसार हाल मानिसहरू आफ्नै व्यस्तताका कारणले गर्दा यस्ता जात्रापर्वहरूमा पूरा समय उपस्थित हुन सक्दैनन् । तर केही समय अघिसम्म पनि मन्दिरको काम भनेपछि आफ्नो सम्पूर्ण कामहरू छोडेर पनि उपस्थित हुने चलन थियो ।

यस अध्यायमा शोध क्षेत्रको परिचय दिँदै त्यस क्षेत्रको नामाकणको पछाडी रहेको किंवदन्तिलाई समेत उजागर गरिएको छ । इन्द्रायणी देवीको परिचय दिँदै यस शोध क्षेत्र बाहेक काठमाडौं उपत्यकामा भएका इन्द्रायणी देवीका मन्दिरको सूची तयार परिएको छ । ढल्कोमा रहेको इन्द्रायणी मन्दिरको परिचय दिँदै यस मन्दिरको स्थापनासँग सम्बन्धित किम्वदन्तीलाई उल्लेख गरिएको छ । विशेष गरी ढल्कोका बासीन्दाले लुँती अजिमालाई कुन रूपमा मान्छन् र उनीहरूले यस मन्दिरको बारेमा राखेका धारणालाई प्रत्यक्ष कुराकानीको आधारमा प्रकास पारिएको छ ।

# अध्याय चार

# इन्द्रायणी मन्दिरका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा

## ४.१ इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा

यस शोधपत्रको मुख्य समस्या सम्बोधन तथा विशिष्ट प्रमुख उद्देश्य नै संस्कृतिसँग सम्बन्धित रहेको छ । त्यसैले इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा शीर्षकअन्तर्गत् संस्कृतिसम्बन्धी अवधारणा, महत्व एवं उपयोगिता, नेपाली संस्कृतिका केही महत्वपूर्ण पक्षहरू यस अध्ययनको पहिलो उद्देश्य रहेको छ। इन्द्रायणी मन्दिर मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा पक्षको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

### ४.१.१ संस्कृतिसम्बन्धी अवधारणा

संस्कृति मानव जातिद्वारा रचित एक महत्वपूर्ण तत्व हो। संस्कृतिले जीवन र जगतसँग सम्बद्ध भौतिक र अभौतिक पक्षको साझा नामलाई जनाउँदछ । संस्कृतिले मानव लगायत समस्त प्राणीको कल्याण गर्ने साधन, कला, भाव आचार, व्यवहार, चालचलन, स्रोत साधन, हात हतियार, विचार, ज्ञान, विज्ञान, विश्वास, नीति नियम, साधना अनुशासन, पद्धति, मार्गनिर्देशन परम्परा खानपान, रहनसहन, बोलीचाली, भेषभूषा जस्ता विविध पक्ष पर्दछन् । संस्कृति मानव जीवनको कार्य शैलीको सम्पूर्णता हो । यसभित्र संलग्न विभिन्न पक्ष, भौतिक तथा अभौतिक संस्कृतिका एकाईहरूबाट सामाजिक व्यवहार सञ्चालित हुन्छ (राउत, वि. सं. २०७७-०४-१५) ।

### ४.१.२ संस्कृतिको अर्थ एवं परिभाषा

संस्कृति एक व्यक्ति, समाज र पिंडिबाट अर्को व्यक्ति, समाज र पिडिमा निरन्तर हस्तान्तरण हुँदै जाने एउटा प्रणाली हो। वास्तवमा मानव जातिको विकास प्रक्रियामा मानव स्वयंले सिर्जना गरेको भौतिक तथा अभौतिक पक्षहरूको योग नै संस्कृति हो । यो व्यापक रूपमा मानव जीवन शैलीसँग गाँसिएको अवधारणा हो । यसभित्र मूलतः प्रतीक, भाषा, मूल्यमान्यता, भौतिक पक्ष समाहित हुनुपर्दछ। नेपाली भाषाको संस्कृति शब्द संस्कृत भाषाको संस्कार शब्दबाट व्युत्पत्ति भएको मानिन्छ जसको अर्थ विभिन्न किसिमका कर्मकाण्ड एवं विधि विधानद्वारा आत्माको शुद्धिकरण गर्ने भन्ने हुन्छ एउटा व्यक्तिको जन्मदेखिको मृत्युसम्मका

उसलाई चोख्याउने, शुद्ध बनाउने, परिष्कृत र परिमार्जिन गर्ने परिपक्व बनाउने, सामाजिक प्रक्रियामा लैजाने सबै प्रकारका विधि विधान तथा संस्कारगत कर्महरूको एकीकृत स्वरूप नै संस्कृति हो (अमात्य, २०६०, पृ. १) ।

मानव जीवनशैलीको निर्माणमा सामूहिक विश्वास, परम्परागत मान्यता र मूल्यहरूले संस्कारको रूप लिन्छन् । त्यस्ता संस्कारहरू र जीवन पद्धतिको सामूहिक नाम नै संस्कृति हो (बराल, २०५०, पृ. ४०)

माथि उल्लिखित विभिन्न विद्वानहरूले दिएका परिभाषाहरूका आधारमा के भन्न सकिन्छ भने समग्रमा संस्कृतिले मौलिक परम्परा, चाडपर्व, धार्मिक कियमकलाप, भाषा, नृत्य, सङ्गीत, वाद्यवादन कला, वास्तुकला धामीझाँक्री परम्परा, भूतप्रेत, झारफुक चिकित्सा प्रणाली, आवास, खानपिन, गरगहना, पोसाक, परम्परागत प्रथा, प्रथाजनित कानुन, आख्यान, अभिनय, साहित्य, आस्था, व्यवहार, प्रचलित जनश्रुति, किम्बदन्ती, कथा, नाटक, काव्य, इतिहासजस्ता समग्र मूर्त तथा अमूर्त सम्पदालाई बुझाउँछ ।

## ४.१.३ संस्कृतिको स्वरूप

संस्कृति विश्वव्यापी अवधारणा हो । संसारका जुनसुकै स्थानमा जहाँ मानव बस्ती हुन्छ, त्यहाँ संस्कृति हुन्छ । संस्कृतिका केही गुण तथा अंश एक अर्को समुदायमा मिले तापनि स्थान, समय, भूगोल, वातावरण, धर्म तथा समुदायको आर्थिक अवस्थाअनुसार त्यसलाई जीवन्त राख्ने तरिका भने फरक हुन सक्छ । संस्कृति मानव जातिको महत्वपूर्ण आविष्कार हो । संस्कृतिले नै अरु जैविक प्राणी र मानवको बीचमा अन्तर देखाउँछ । मान्छेको समूहमा पनि ठाउँ र परिवेश अनुसार भिन्नभिन्न संस्कृतिको विकास भएको पाइन्छ । दैनिक क्रियाकलाप, भाषा, भेषभुषा, सहनसहन, पूजापाठ आदि सबै सांस्कृतिक कार्यहरू हुन् । यसको आधारमा मान्छेले फरक फरक संस्कृति विकास गरेको हुन्छ । नेपालको परिपेक्षमा हेर्ने हो भने भूगोलका आधारमा पहाड, हिमाल र तराई, प्रादेशीय आधारमा पूर्वीय र पाश्चात्य, जातीय आधारमा क्षेत्री, ब्राह्मण, मगर, तामाङ, थारु, नेवार लगायतमा सांस्कृतिक विभाजन भएको देखिन्छ । यही नै नेपालको सांस्कृतिक विशेषता हो ।

संसारका कतिपय स्थानहरूमा धार्मिक आस्थाको आधारमा पनि विभिन्न संस्कृतिको निर्माण भएको पाइन्छ । जुनसुकै संस्कृतिको पनि साझा विशेषता भनेको यो एउटा पुस्ताबाट अर्कोमा हस्तान्तरण हुनु नै हो । यसलाई अझ विस्तारमा व्याख्या गर्नको निमित्त विज्ञहरूद्वारा

संस्कृतिलाई त्यसको स्वरूपका आधारमा भौतिक अर्थात् मूर्त र अभौतिक अर्थात् अमूर्त गरी दुई भागमा विभाजन गरिएको छ ।

## ४.१.४ मूर्त वा भौतिक संस्कृति

मानव जातिले सिर्जना गरेको एक महत्वपूर्ण कला नै संस्कृति हो । जसलाई मूर्त र अमूर्त गरी दुई भागमा विभाजन गरिएको छ । जसलाई छुन वा देख्न सकिन्छ ती सबै भौतिक वा मूर्त भनी व्याख्या गरिएको छ । मानिसको अनेक क्रियमकलापमा आवश्यक पर्ने सामानदेखि पूजा गर्न जाने मन्दिरसम्मका संस्कृति र सम्पदा मूर्त सम्पदा हुन् । घरको भान्सामा राखिएको भाँडाकुडा, भेषभूषा, मठमन्दिर, विहार, गुम्बा, स्तुप, चित्रकला, कला, वास्तुकला, मूर्ति आदि सबै यही मूर्त संस्कृतिभित्र पर्दछन् ।

मूर्त संस्कृतिको अर्को नाम भौतिक संस्कृति हो । छोटकरीमा भन्नुपर्दा मूर्त संस्कृति मानिसको सिर्जनाशक्तिको भौतिक अभिव्यक्ति हो । यस किसिमका सांस्कृतिक तत्वहरूको आकार प्रकार हुन्छ । परापूर्वकालदेखि प्रचलनमा रहँदै र मान्दै आएका एवं निर्माण गरिएका वस्तुहरूलाई भौतिक संस्कृति भनिन्छ (खत्री र दाहाल २०५५, पृ. ५५) । यस किसिमका सांस्कृतिक सम्पदाहरूको विकास मानिसले आफ्नो आवश्यकता परिपूर्ति गर्नका लागि गरेको हो । यस्ता सांस्कृतिक सम्पदाहरूको स्वरूप हुने भएकाले संस्कृतिको यो स्वरूपलाई मूर्त सांस्कृतिक सम्पदा भनिएको हुनुपर्दछ । भौतिक भन्नाले भौतिक रूपमा सिर्जना भएका सांस्कृतिक तत्वलाई बुझाउँछ । भौतिक संस्कृतिभित्र मानिसबाट सिर्जना गरिएका मठमन्दिर, गुम्बा विहार, घर, मेसिन हातहतियार पाटी पौवा पोखरी भेषभुषा जस्ता कुराहरू पर्दछन् । यस्ता संस्कृति समाजको विकाससँगै मानिसहरूले विकास गर्दै परिस्कृत गर्दै लैजाने हुन्छन् । सत्यमोहन जोशीले बाजाका साधनहरूलाई भौतिक संस्कृति हुन भनेर व्याख्या गरेका छन् । मानिसको जीवनसित जोडिएका वस्तुहरूलाई समग्रमा भौतिक संस्कृति भनिन्छ । यस्ता कुरालाई तत्कालिन समयका मानिसहरूले आफ्ना आवश्यकता पुरा गर्नका लागि निर्माण गरेका हुनुपर्छ । परापूर्वकालदेखि चलिआएको र मान्दै आएको विभिन्न आकारप्रकार भएको देख्न, प्रयोग गर्न र छुन सकिने खालका वस्तुहरूलाई भौतिक संस्कृति भनिन्छ, । भौतिक संस्कृतिको मूर्त स्वरूप हुन्छ । यसलाई छुन र देख्न सकिन्छ । संस्कृतिभित्र मानिसले वर्षौंदेखि आर्जन गरेको ज्ञान, धर्म, विश्वास, रितिरिवाज चालचलन परम्परा, मूल्यमान्यता, भाषा, जात्रा, पर्व, उत्सव, कलाकौशल आचारविचार जस्ता कुराहरू पर्दछन् ।

## ४.२ इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा

प्रस्तुत अध्ययनको पहिलो समस्या इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा के-के हुन् ? भन्ने हो । यो समस्या सम्बोधनका निमित्त यस अध्ययनको पहिलो उद्देश्य इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको बारेमा खोजी तथा अध्ययन गर्नु हो । अतः उक्त समस्याको सम्बोधन एवं निर्धारित उद्देश्य परिपूर्तिका लागि इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा शीर्षकभित्र इन्द्रायणी मन्दिरको अवस्थिति, उत्पत्ति एवं इतिहास, इन्द्रायणी नामकरण, मन्दिरसँग सम्बन्धित अन्य ऐतिहासिक सामग्री, इन्द्रायणी मन्दिरको महिमा र मन्दिर परिसरका अन्य सम्पदा जस्ता विषयको विश्लेषण गरिएको हो ।

### ४.२.१. इन्द्रायणी मन्दिरको वास्तुकला

मन्दिरलाई देवताको बासस्थान वा घर मानिन्छ । प्राचीन समयदेखिको अध्ययन गर्ने हो मानिसको घरभन्दा मन्दिरलाई राम्रो, व्यवस्थित तथा मजबुद बनाइएको प्रशस्त उदाहरणहरू पाउन सकिन्छ । नेपालको  परिपेक्षमा हेर्दा इतिहास तथा पुरातत्वसँग सम्बन्धित अधिकांश प्रमाणहरू मन्दिरकै आसपासमा पाइएका छन् । नेपालमा विभिन्न कालखण्डमा विभिन्न कला तथा वास्तुकलाको विकास भए । वास्तुकलाको दृष्टिकोणले हेर्दा नेपालमा पाइने मन्दिरहरूलाई चार शैलीमा विभाजन गर्न सकिन्छ । ती निम्नानुसार रहेका छन् ।

- तलेशैली

- शिखरशैली

- गुम्बज वा मुगल तथा राजपुतना शैली

- मिश्रितशैली (क्षेत्री र रायमाझी, वि. सं. २०७६, पृ. २७०)

तलेशैली नेपालमा सुरुवात भएको शैली मानिन्छ । बनोटको आधारमा यो शैलीका मन्दिरहरू गोलाकार, वर्गाकार, आयाताकार तथा अष्टभुजाकार जग भएका हुने गर्छन् । तले मन्दिरहरूलाई यसमा भएको तला अनुसार स्थानीय भाषामा पनि नामाकरण गरिन्छ । जसमध्ये दुई तलेलाई *नेतजा,* तीन तलेलाई *स्वेतज,* र पाँच तलेलाई *न्या तज* भनिन्छ (क्षेत्री र रायमाझी, वि. सं. २०७६, पृ. २७२) । यो शैलीको मन्दिरको पहिलो तलाको छानो ठूलो र फराकिलो हुन्छ भने त्यस माथिको छानाहरू क्रमिक रूपमा सानो हुँदै जान्छ । मन्दिरको

सबैभन्दामाथिको तलाको छानोको मध्यभागमा गजुर राखिएको हुन्छ । गजुरको पिँधदेखि मुख्य द्वारको माथिसम्म धातुको लामो पताका झुण्ड्याइएको हुन्छ । यस शैलीका मन्दिरहरू पेटी वा जगमाथि निर्माण गरिएको हुन्छ । सोही जगमाथिको पहिलो तला नै मुख्य देवता राखिने गर्भगृहको रूपमा बनाइएको हुन्छ ।

विष्णुमती नदीको किनारमा रहेको इन्द्रायणी मन्दिर तले शैलीको मन्दिर हो । नेपाली तले शैलीमा निर्माण गरिएको यस मन्दिरमा जम्मा तीनवटा तला रहेका छन् (चित्र नं.१) । यो मन्दिरको द्वार उत्तर दिशामा फर्केको छ । यस मन्दिर परिसर प्रवेश गर्नको लागि पूर्व, उत्तर र दक्षिण गरी तीनवटा मार्गहरू रहेका छन् भने मन्दिरको पश्चिमतर्फ विष्णुमती नदी बगेको छ । यो मन्दिर काठ तथा इँटाले बनाइएको छ । मन्दिरमा प्रवेश गर्नको लागि एकै स्थानमा दुईवटा ढोका बनाइएको छ, जुन उत्तरतर्फ फर्केको छ । इन्द्रायणीको मूल मूर्तिलाई भुइँतलामा राखिएको छ । यो मन्दिर जमिन सतहदेखि दुई तहको पिठिकामाथि बनाइएको छ । मन्दिरको बाहिरी भागको पहिलो सतहमा मूलढोकादेखि बाहिर वरिपरि प्रदक्षिणा पथको रूपमा खाली ठाउँ राखिएको छ । प्रदक्षिणा पथको बाहिरपट्टि फलामको बार लगाई त्यसको माथि पूरै बार भरिने गरी दियोहरू राखिएका छन् । पहिलो सतहदेखिमाथि दोस्रो सतह पनि बनाइएको छ । मन्दिरको मूलढोका भने जमिनको सतहमा नै बनाइएको छ । मन्दिर वरिपरि बाह्रवटा कलात्मक खम्बाहरू बनाइएका छन् । त्यसपछि इँटा र सिमेन्टको गारो लगाइएको छ । गारोलाई मूलढोकाको ठाउँ छोडी चारैतिर लगाइएको छ ।

मूलढोकादेखि अगाडि मन्दिरको दायाँबायाँ प्रस्तरको खम्बामा फलामको सिक्रीद्वारा घण्टीहरू झुण्ड्याइएका छन् । त्यसको दुवै छेउमा द्वारपालको रूपमा सिंह र सिंहिनीको बसेको मूर्तिहरू स्थापना गरिएका छन् । यो ढोकाको चौकोस निकै कलात्मक छ र ढोकामाथि तोरण राखिएको छ । यस ढोकाको खापा भने छैन । त्यस ढोकादेखि भित्र अर्को सानो-ढोका छ, जुन ढोकाबाट गर्भगृहमा पुगिन्छ ।

मन्दिरमा जम्मा तीनवटा छाना बनाइएको छ । तीनैवटा छानालाई टिनले छाइएको छ । सबै छानालाई टुँडाल र इँट्टाको गारोले अड्याएको छ । पहिलो छानो सबैभन्दा ठूलो छ भने दोस्रो र तेस्रो छानो क्रमशः सानो बनाउदै लगेको छ । सबैभन्दा माथिको छानोको बीच भागमा सुनको जलप लगाइएको गजुर राखिइको छ । तीनैवटा छानालाई अड्याउन जम्मा ५२ वटा टुँडाल राखिइको छ । पहिलो तल्लाको टुँडालको बीचमा विभिन्न देवताहरू र अष्टमातृकाहरू

आफ्नो वाहनमाथि उभिएका छन् । तल्लो भागमा  स्त्रीपुरुष रतासनमा बसेका छन् र त्यसको माथिल्लो भागमा फूलका लहराहरू कुँदिएको छ । कुनाको टुँडालहरूमा शार्दूल चित्र कुँदिएको छ । एउटा टुँडालदेखि अर्को टुँडालको बीचमा रहेको खाली भागमा आँखीझ्याल (काठको जाली जस्तो झ्याल) वरिपरि राखिएको छ । सो झ्यालको वरिपरि फूलका लहराहरू बनाइएको छ । वरिपरि स-साना घण्टीहरूं झुण्ड्याइएको छ ।

त्यस्तै, दोस्रो तल्लाको छानो पनि पहिलो तल्लाको छांनो जस्तै गरी बीसवटा टुँडाल र टुँडालदेखि भित्रपट्टि इँट्टाको गारो लगाएको छ । सो गारोको बीचमा स-साना झ्यालले सजाइएको छ । टुँडालको तल्लो भागमा तल्लो भागमा काम कला तथा रतिकला कुँदिएको छ । त्यसमाथि कमलको आसनमा देवीहरूले आफ्नो वाहनमा टेकी उभिएको र टुँडालको माथिल्लो भागमा फूलका लहराहरू कुँदिएको छ । यो तलाको छानामा स-साना घण्टीहरू झुण्ड्याइएको छ । यो छानो तल्लो छानोभन्दा अलिक सानो छ । त्यसको माथि रहेको तेस्रो तलाको छानो ( जुन अन्तिम छानो हो) बाह्रवटा टुँडाल र गारोले अड्याएको छ । गारोको बीचमा झ्यालको आकृति राखिएको छ । सो तलाको चारकुनाको टुँडालमा शार्दुल मानव आकृतिको काँधमा टेकी उभिएको देखाइएको छ । अरू टुँडालहरूमा देवीले आफ्नो वाहनमाथि टेकेर उभिएको देखाइएको छ भने माथि फूलका लहराहरू कुँदिएको देखाइएको छ । यो छानोमाथि छत्रावलीसहित गजुर राखिएको छ । यो छानोको चार सुरमा चराको मूर्ति राखिएको छ । गजुरदेखि तलसम्म धातुको पताका झुण्डिएको छ ।

यो मन्दिरको गर्भगृहमा जाँदा मूलढोकादेखि एक खुट्किला तल झरेर मात्र जान सकिने बनाइएको छ । ढोकाबाट पस्दापस्दै दायाँबायाँ दुई जोर साँडेले चियाइरहेको देखिन्छ । जसको नाम *थु: सा:* (गोरुका प्रतिमा) राखिएको छ । बीचमा इन्द्रायणीको मूर्ति राखिएको छ । *थु: सा:* र इन्द्रायणीको मूर्तिको बीचमा दुबै तर्फ अन्य देव र दवीको प्रस्तरबाट बनेको मूर्ति रखिएको छ । गर्भगृहमा इन्द्रायणीको मूर्तिलाई सानो मन्दिर बनाइ भित्र राखिएको छ । यस भित्री मन्दिरको दायाँ बायाँ धातुबाट बनेको एक जोडी सिंह, एक जोडी शादुल दुईवटा ध्वज राखिएको छ । मन्दिरको पादपीठ लगायत दायाँ बायाँ स्तम्भ र तोरण चाँदीबाट बनेको छ । यस सानो मन्दिरलाई तले शैलिमा निर्मण गरिएको छ तर तले शैलीको मन्दिरमा हुने टुँडालको प्रयोग गरिएको छैन । कुल तीनवटा छाना रहेको यस मन्दिरलाई पुर्ण रूपले धातुबाट निर्माण गरिएको छ । छानाको बाहिरी पत्रमा सुनको जलप लगाइएको छ (चित्र नं. २) । मन्दिरको पहिले काठबाट बनेको हुन सक्ने बताइए पनि हाल सम्म यसको कुनै आधिकारीक प्रमाण प्राप्त

भएको छैन । छानामाथि छत्रावलीसहित गजुर राखिएको छ । सो गजुरदेखि माथि सप्तनागको फणाले ओत दिइएको छ । गजुरबाट दोस्रो तलाको छाना सम्म चाँदीको पताका झुण्ड्याइएको छ ।

विभिन्न स्थानका मन्दिरहरू जस्तै नक्साल भगवती, नाला भगवती, कमलादी गणेश आदि मन्दिरहरूमा पनि यस्तै मन्दिर भित्र सानो मन्दिर बनाएको पाइएको छ । विद्वानहरूका अनुसार यी मन्दिरहरू स्थापना हुँदा यस्तै साना मन्दिरका रूपमा स्थापना भएका थिए । पछी विभिन्न कालखण्डमा विभिन्न राजा, महाराजा तथा व्यक्ति विशेषले यी साना मन्दिरलाई हानि नहुने गरी त्यसै माथि ठूला मन्दिरहरूको निर्माण गराएका हुन् (प्रा. डा.मदन कुमार रीमाल, व्यक्तिगत अन्तर्वार्ता: वि. सं. २०७९-५-२२) ।

स्थानीयका अनुसार केही समय अगाडिसम्म मन्दिर खुला स्थानमा रहेको हुनाले मन्दिर प्रवेशको लागि कुनै निश्चित द्वार थिएन । पश्चिम दिशामा विष्णुमती नदी बग्ने भएकोले सो दिशाबाट भने प्रवेश गरिँदैन । तर, हाल इन्द्रायणी मन्दिर प्रवेशको लागि पूर्व, दक्षिण र उत्तरतर्फ तीनवटा द्वारहरू बनाइएका छन् । दक्षिणपट्टिको द्वार मन्दिरको पछाडि पर्ने हुनाले यस द्वारबाट मन्दिर दर्शन गर्ने दर्शनार्थीहरू प्रवेश गर्दैनन् । उत्तरद्वार शवहरूलाई दहन गर्नको निमित्त घाटमा लैजानको लागि मात्र प्रयोग गरिन्छ । स्थानीय जानकारका अनुसार पहिले यो द्वार नबन्दा पनि यही बाटो भएर शवहरू दहनको लागि लैजाने गरिन्थ्यो । त्यसैले हाल मन्दिरमा पूजा वा दर्शन गर्नुपरेमा प्रवेशको लागि केवल पूर्वी द्वारको मात्र प्रयोग गरिन्छ ।

### ४.२.२ तोरण

मन्दिरको प्रवेशद्वारमाथि गर्भगृहमा भएका देव वा देवीलाई प्रतिबिम्बित गर्ने अर्धगोलाकार वा अर्धचन्द्राकार आकृतिलाई तोरण भनिन्छ । धातु वा काठबाट बनाइने तोरणलाई कुनै मन्दिरको चारै दिशाको द्वारमा राखिएको हुन्छ भने कुनैमा एउटा द्वारमा मात्रै राखिन्छ । कतिपय स्थानमा झ्यालको माथि पनि तोरण राख्ने गरेको पाइएको छ । तोरणको मध्यभागमा गर्भगृहमा रहेको मूल मन्दिरमा रहेको देवी, देवता वा सो देवदेवीलाई जनाउने प्रतिक कुँदिएको हुन्छ । वरिपरि उक्त देव वा देवीसँग सम्बन्ध भएको अरू देवदेवी, अनुचर, वाहन आदि राखेर बुट्टा भरी आकर्षक बनाइएको हुन्छ । जलको प्रतिकको रूपमा बादल तथा जमिनको र आकाशको प्रतिकको रूपमा मकर एवं सर्प उत्कीर्ण गरिन्छ ।

इन्द्रायणी मन्दिरको मूलढोकामाथि रहेको तोरण धातुको पाताले मोरिएको छ । साथै सुनको जलप पनि लगाइएको छ । छेउबाट हेर्दा काठको तोरणलाई बाहिरबाट धातुको पाता पिटेर छोपिएको देखिन्छ । तोरणको पृष्ठभूमिमा जलको प्रतीकको रूपमा बादलको बुट्टा कुँदिएको छ। सबैभन्दामाथि दुवै पखेटा फिँजाएको र हात फैलाएको गरुडको प्रतिमा बनाइएको छ । गरुडको दुवै पाउले नाग र नागिनलाई खुट्टामा च्यापी उडिरहेको देखिन्छ । नाग र नागिनलाई मानवाकृतिमा देखाइएको छ । उक्त नाग नागिनको प्रतिमाको शिरमा तीनवटा फँडा र गलामा गहना देखाइएको छ । दुवै नागको पुच्छर ड्रागनको पुच्छरसँग जेलिएको देखाइएको छ। तोरणको मूल भागमा दुई हात्तीमाथि टेकेर आलिडासनमा उभिएकी अष्टभुजी एन्द्री/इन्द्रायणीको प्रतिमा राखिएको छ । जसको सम्पूर्ण लक्षण भित्रको मूल मूर्तिअनुसार रहेको छ । तिनको वरिपरि आ-आफ्नो वाहनमा आरुढ माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, चामुण्डा, महालक्ष्मी गरी सप्तमातृकाको मूर्ति राखिएको छ। तोरणको सबैभन्दामाथि कलात्मक गजुर राखिएको छ । तल्लो भागको दायाँ बायाँ मकरको आकृति बनाइएको छ । मकरको मुखबाट धानको बाला निकालिएको छ। सुरक्षाको लागि बाहिरबाट फलामको बार लगाइएको छ (चित्र नं. ३) ।

साधारणतः तोरणलाई मन्दिरको प्रवेशद्वारको माथि राख्ने चलन छ। तर यस मन्दिरको पूर्वी दिशाको बाहिरी गारोमा काठबाट बनेको अर्को तोरण पनि राखिएको छ। यो तोरणका आकृतिहरू मुख्य द्वारमा रहेको तोरणको आकृतिसँग मिल्दाजुल्दा छन् । उक्त तोरणको मुनि कुनै ढोका र झ्याल छैन । यो तोरण पाँचवटा अलग अलग काठबाट बनाइएर जोडिएको छ । तोरणको शिरमा काठको गजुर बनाइएको छ। (चित्र नं. ४ )।

## ४.२.३ टुँडाल

तले शैलीको मन्दिरमा प्रत्येक छानालाई आड दिनको निम्ति काठको कलात्मक थाम राखिएको हुन्छ । यसलाई मन्दिरको भित्ता र छानोलाई छुनेगरी ४५° को कोणमा मिलाएर राखिएको हुन्छ । यसरी गारोको सहारामा ढल्काएर अड्याइएको काठको थामलाई टुँडाल भनिन्छ । तले शैलीमा निर्मित मन्दिरको छाना गह्रुंगो हुने भएकोले यसलाई अड्याउनको निम्ति हरेक छानाको चारैतिर टुँडाल राखिएको हुन्छ । कुना कुनामा छानालाई जोडिएको हुनाले त्यसलाई अझ मजबुद तरिकाले अड्याउनको निमित्त अरू भन्दा लामो र मोटो टुँडालको प्रयोग गरिएको हुन्छ । यस्ता टुँडाललाई पनि गारोमा ४५° को कोणमा नै राखिएको हुन्छ ।

यस शैलीमा छानाको आकार तलबाट माथि क्रमशः सानो हुँदै जाने भएकोले टुँडालको आकार पनि तल्लो तलाको दाँजोमा माथिल्लो तलामा क्रमिक रूपमा सानो बनाइन्छ । मन्दिरको आकार र तलाको आधारमा टुँडालको संख्या फरक हुने गर्छ । टुँडालहरूमध्ये चार कुनामा राखिएको टुँडालहरू अन्यको दाँजोमा बलियो र लामो बनाइएको हुन्छ । टुँडालहरूलाई आकर्षक देखाउनको लागि यसमा विभिन्न मूर्तिहरू कुँदिएको हुन्छ । यहाँ कुँदिएका मूर्तिहरू कुनै न कुनै रूपमा मन्दिरमा रहेको मुख्य देवतासँग सम्बन्धित हुन्छ । चार कुनाको टुँडालहरूमा शार्दूल, घोडा, सिंह जस्ता आकृति कुँदिएको पाइन्छ ।

इन्द्रायणी मन्दिर तीन तलाको छ । जसमा चार दिशामा गरी कुल ५२ वटा टुँडालहरू रहेका छन् । जसमध्ये पहिलो तलामा बीस, दोस्रो तलामा बीस र तेस्रो तला कुल बाह्रवटा टुँडाल रहेका छन् । ती टुँडालहरूको दिशाअनुसारको व्याख्या तल गरिएको छ ।

**उत्तर दिशा :** मन्दिरको उत्तर दिशामा कुल चारवटा टुँडाल छन् । दायाँदेखि बायाँतर्फ क्रमशः निम्न देवदेवीका मूर्तिहरू कुँदिएका छन् । मन्दिरको उत्तरदिशातर्फ पर्ने दायाँतर्फको छेउमा भैरवको मूर्तियुक्त टुँडाल राखिएको छ । जुन भैरवलाई नरवाहनमा सवार भएको, दायाँतर्फको दुईवटा हातमा माथिबाट क्रमशः खड्ग र कपालपात्र लिएको, बायाँतर्फको दुईवटा हातहरूमा माथिबाट क्रमशः नरमुण्ड र अर्को हात विन्दु मुद्रामा र शरीर त्रिभङ्ग आसनमा देखाइएको छ । भैरवको निधारमा खुलेको नेत्र देखाइएको छ । अरू दुई नेत्रलाई ठूला ठूला देखाइएको छ भने मुखबाट दाह्रा बाहिर निस्केको देखाइएको छ । नरवाहनलाई अर्धकमलमाथि राखिएको छ । यस टुँडालमा कुँदिएको भैरव नीलो वर्णको छ ।

भैरवको मूर्ति रहेको टुँडालको बायाँतर्फ कौमारीको मूर्ति अंकित टुँडाल राखिएको छ । सिंहवाहनमा सवार भएकी, दायाँतर्फका दुई हातमध्ये एउटामा खड्ग र अर्कोमा कपालपात्र लिएकी, बायाँतर्फका दुई हातमध्ये एउटामा खेटक लिएको र अर्को विन्दु मुद्रामा र शरीर त्रिभङ्ग आसनमा रहेको देखाइएको छ । यी देवीको मूर्तिमा रक्त वर्ण र तीनवटा आँखा देखाइएको छ । यी देवीको वाहन सिंहलाई अर्धकमलमाथि राखिएको छ ।

कौमारीको मूर्ति अंकित टुँडालको बायाँतर्फ घोडामा सवार भैरव मूर्ति अंकित अर्को टुँडाल राखिएको छ । भैरवको दायाँतर्फका दुई हातमा खड्ग र कपालपात्र लिएको, बायाँतर्फको एक हातमा ध्वजा लिएको र अर्को हात विन्दु मुद्रामा र शरीर त्रिभङ्ग आसनमा रहेको देखाइएको छ । यी भैरवको पनि तीनवटा नेत्रमध्ये दुईवटा ठूलोठूलो र एउटालाई निधारमा ठाडो पारेर

देखाइएको छ। यस टुँडालमा कुनै रंग लगाइएको छैन। वाहनलाई अर्धकमलमाथि राखिएको छ।

भैरवको मूर्ति अंकित टुँडालको बायाँतर्फ नरवाहनमा सवार चामुण्डाको मूर्ति रहेको छ। चामुण्डाको दायाँतर्फको हातहरूमा माथिबाट क्रमशः खड्ग र कपालपात्र लिएको छ र बायाँतर्फको हातहरूमा माथिबाट क्रमशः हथौडा र अर्को हात विन्दुमुद्रामा देखाइएको छ। शरीर त्रिभङ्ग आसनमा देखाइएको छ। यी देवीलाई कंकाल स्वरूपमा नेत्र धसेको र पेटभित्र पसेको देखाइएको छ। यस टुँडाललाई रक्त वर्ण दिइएको छ। वाहनलाई अर्धकमलमाथि राखिएको छ।

**पश्चिम दिशा**: मन्दिरको पश्चिम दिशामा पनि कुल चारवटा टुँडाल छन्। दायाँदेखि बायाँतर्फ क्रमशः निम्न देवदेवीका मूर्तिहरू कुँदिएका छन्। मन्दिरको पश्चिमदिशातर्फ पर्ने दायाँतर्फको छेउमा वराह अनुहार भएको वाराहीको मूर्तियुक्त टुँडाल राखिएको छ। वराहीलाई गधामाथि आरुढ गराई दायाँतर्फको दुईवटा हातमा खड्ग र कपालपात्र लिएको, बायाँतर्फको दुईवटा हातमध्ये एकमा माछा र अर्को हात विन्दु मुद्रामा देखाइएको छ। निधारमा खुलेको नेत्र देखाइएको छ। टुँडाललाई रक्तवर्ण दिइएको छ र वाहनलाई अर्धकमलमाथि राखिएको छ।

वाराहीको मूर्ति अंकित टुँडालको बायाँतर्फ नागमा सवार भैरव मूर्ति अंकित अर्को टुँडाल राखिएको छ। भैरवको दाँयाँतर्फका दुई हातमा खड्ग र कपालपात्र लिएको, बायाँतर्फको एक हातमा चक्र लिएको र अर्को हात विन्दु मुद्रामा र शरीर त्रिभङ्ग आसनमा रहेको देखाइएको छ। यी भैरवको पनि तीनवटा नेत्रमध्ये दुईवटा ठूलोठूलो र एउटालाई निधारमा ठाडो पारेर देखाइएको छ। यसमा कुनै रंग लगाइएको छैन। वाहनलाई अर्धकमलमाथि राखिएको छ।

भैरवको मूर्ति रहेको टुँडालको बायाँतर्फ इन्द्रायणीको मूर्ति अंकित टुँडाल राखिएको छ। हात्तीमाथि आरुढ गराइएको मूर्तिको दायाँतर्फका दुई हातमध्ये एउटामा खड्ग र अर्कोमा कपालपात्र लिएकी, बायाँतर्फका दुई हातमध्ये एउटामा बज्र लिएको र अर्को विन्दु मुद्रामा र शरीर त्रिभङ्ग आसनमा रहेको देखाइएको छ।। निधारमा तेर्सो आँखा देखाइएको छ। यस मूर्तिलाई पहेँलो वस्त्रमा रातो वर्ण दिइएको छ। वाहनलाई अर्धकमलमाथि राखिएको छ।

इन्द्रयणीको मूर्ति रहेको टुँडालको बायाँतर्फ भैरवको मूर्ति अंकित टुँडाल राखिएको छ। सिंहमाथि आरुढ गराइएको मूर्तिको दायाँतर्फका दुई हातमध्ये एउटामा खड्ग र अर्कोमा कपालपात्र लिएको, बायाँतर्फका दुई हातमध्ये एउटामा डमरू लिएको र अर्को विन्दु मुद्रामा र

शरीर त्रिभङ्ग आसनमा रहेको देखाइएको छ । निधारमा ठाडो आँखा देखाइएको छ । यस तोरणमा कुनै रंग लगाईको छैन । वाहनलाई अर्धकमलमाथि राखिएको छ ।

**दक्षिण दिशाः** यस दिशामा पनि कुल चारवटा टुँडाल छन् । दायाँदेखि बायाँतर्फ क्रमशः निम्न देवदेवीका मूर्तिहरू कुँदिएका छन् । दायाँतर्फको छेउमा भैरवको मूर्तियुक्त टुँडाल राखिएको छ । भैरवलाई सुँगुरमा सवार भएको, दायाँतर्फको दुईवटा हातमा खड्ग र कपालपात्र लिएको, बायाँतर्फको दुईवटा हातमध्ये एउटामा चक्र र अर्को हात विन्दु मुद्रामा र शरीर त्रिभङ्ग आसनमा रहेको देखाइएको छ । देखाइएको छ । भैरवको निधारमा खुलेको नेत्र देखाइएको छ । अरू दुई नेत्रलाई ठूला ठूला देखाइएको छ भने मुखबाट दाह्रा बाहिर निस्केको देखाइएको छ । यस मूर्तिलाई पहेँलो वस्त्रमा रेतो वर्ण दिइएको छ । वाहनलाई अर्धकमलमाथि राखिएको छ ।

भैरवको मूर्ति रहेको टुँडालको बायाँतर्फ वैष्णवीको मूर्ति अंकित टुँडाल राखिएको छ । गरुडमाथि आरुढ, दायाँतर्फका दुई हातमध्ये एउटामा खड्ग र अर्कोमा कपालपात्र लिएकी, बायाँतर्फका दुई हातमध्ये एउटामा चक्र लिएको र अर्को विन्दु मुद्रामा रहेको देखाइएको छ । मुखबाट दाह्रा निकाली रौद्र स्वरूपमा देखाइएको छ। निधारमा ठाडो खुलेको आँखा देखाइएको छ। यस मूर्तिलाई पहेँलो वस्त्रमा हरियो वर्ण दिइएको छ। वाहनलाई अर्धकमलमाथि राखिएको छ ।

वैष्णवीको मूर्तिको बायाँ तर्फ भैरवको मूर्ति कुँदिएको छ । कुकुर माथि सवार भएको, दायाँतर्फको दुईवटा हातमा खड्ग र कपालपात्र लिएको, बायाँतर्फको दुईवटा हातमध्ये एउटामा खेटक र अर्को हात विन्दु मुद्रामा देखाइएको छ । भैरवको निधारमा खुलेको नेत्र देखाइएको छ । अरू दुई नेत्रलाई ठूला ठूला देखाइएको छ भने मुखबाट दाह्रा बाहिर निस्केको देखाइएको छ । यस मूर्तिलाई पहेँलो वस्त्रमा निलो वर्ण दिइएको छ । वाहनलाई अर्धकमलमाथि राखिएको छ ।

भैरवको मूर्तिको बायाँ तर्फ कौमारीको मूर्ति कुँदिएको छ । मयूरमाथि सवार भएको, दायाँतर्फको दुईवटा हातमा खड्ग र कपालपात्र लिएको, बायाँतर्फको दुईवटा हातमध्ये एउटामा आयुध भाँचिएको छ र अर्को हात विन्दु मुद्रामा देखाइएको छ । भैरवको निधारमा खुलेको नेत्र देखाइएको छ । अरू दुई नेत्रलाई ठूला ठूला देखाइएको छ भने मुखबाट दाह्रा बाहिर निस्केको देखाइएको छ । यस मूर्तिलाई पहेँलो वस्त्रमा निलो वर्ण दिइएको छ । वाहनलाई अर्धकमलमाथि राखिएको छ ।

**पूर्व दिशाः** चार दिशामध्ये अन्तिम पूर्वी दिशामा पनि कुल चारवटा टुडालहरू रहेका छन् । दायाँदेखि बायाँतर्फ क्रमशः निम्न देवदेवीका मूर्तिहरू कुँदिएका छन् । मन्दिरको दायाँ तर्फको छेउमा बटुक भैरवको मूर्ति कुँदिएको छ । कुकुर माथि सवार भएको, दायाँतर्फको दुईवटा हातमा खड्ग र कपालपात्र लिएको, बायाँतर्फको दुईवटा हातमध्ये एउटामा चक्र र अर्को हात विन्दु मुद्रामा देखाइएको छ । भैरवको निधारमा खुलेको नेत्र देखाइएको छ । अरू दुई नेत्रलाई ठूला ठूला देखाइएको छ भने मुखबाट दाह्रा बाहिर निस्केको देखाइएको छ । वाहनलाई अर्धकमलमाथि राखिएको छ ।

भैरवको मूर्तिको बायाँ तर्फ माहेश्वरीको मूर्ति कुँदिएको छ । नन्दीमाथि सवार भएको, दायाँतर्फको दुईवटा हातमा खड्ग र कपालपात्र लिएको, बायाँतर्फको दुईवटा हातमध्ये माथिको हात भाँचिएको छ र अर्को हात विन्दु मुद्रामा देखाइएको छ । निधारमा खुलेको नेत्र देखाइएको छ । यस मूर्तिलाई रातो वस्त्रमा स्वेत वर्ण दिइएको छ । वाहनलाई अर्धकमलमाथि राखिएको छ ।

माहेश्वरीको मूर्तिको बायाँ तर्फ भैरवको मूर्ति कुँदिएको छ । गरुडमा आरुढ गराएको, दायाँतर्फको दुईवटा हातमा खड्ग र कपालपात्र लिएको, बायाँतर्फको दुईवटा हातमध्ये एउटामा ध्वज र अर्को हात विन्दु मुद्रामा देखाइएको छ । भैरवको निधारमा खुलेको नेत्र देखाइएको छ । अरू दुई नेत्रलाई ठूला ठूला देखाइएको छ भने मुखबाट दाह्रा बाहिर निस्केको देखाइएको छ । यस मूर्तिलाई स्वेत वस्त्रमा रातो वर्ण दिइएको छ । वाहनलाई अर्धकमलमाथि राखिएको छ ।

भैरवको मूर्तिको बायाँ तर्फ ब्रह्मायणीको मूर्ति कुँदिएको छ । हंसमाथि आरुढ भइ, दायाँतर्फको दुईवटा हातमा खड्ग र कपालपात्र लिएको, बायाँतर्फको दुईवटा हातमध्ये एउटामा पुस्तक र अर्को हात विन्दु मुद्रामा देखाइएको छ । निधारमा खुलेको नेत्र देखाइएको छ । यस मूर्तिलाई रातो वस्त्रमा पहेँलो वर्ण दिइएको छ । वाहनलाई अर्धकमलमाथि राखिएको छ ।

## ४.२.४ मन्दिरमा भित्र रहेका मूर्तिहरू

यस मन्दिरको गर्भगृहमा इन्द्रायणी देवीको मुख्य मूर्ति रहेको छ । मन्दिरको गर्भगृहमा इन्द्रायणी देवीकै चारवटा मूर्ति रहेका छन् । यीमध्ये दुईवटा मूर्ति सधैंभरि मन्दिरको गर्भगृहमा नै राखिएको हुन्छ भने बाँकी दुईवटा मूर्ति द्योःछेमा राखिएको हुन्छ । जसमध्ये एउटा मूर्ति हरेक शनिबार मन्दिरमा ल्याउने गरिन्छ र अर्को एउटा मूर्ति भने वर्षमा एक पटक बाला

चतुर्दशीको दिन मन्दिरमा ल्याउने गरिन्छ । यी चार मूर्तिहरूमध्ये एउटा पित्तल, दुई वटा चाँदीबाट र एउटा कालो प्रस्तरबाट बनाइएको छ। पित्तलको मूर्तिलाई बाला चतुर्दशीको दिन मन्दिरमा ल्याउने गरिन्छ।

### ४.२.५ इन्द्रायणी देवीको प्रतिमालक्षण

इन्द्रकी शक्तिको रूपमा रहेकी इन्द्रायणी देवीको मूर्ति बनाउँदा इन्द्रको प्रतिमासँग मिल्दोजुल्दो बनाउने गरिन्छ। इन्द्रायणी देवीको प्रतिमा लक्षणबारे शास्त्रमा अनेक चर्चा गरेको पाइन्छ । विष्णुधर्मोत्तर पुराणमा यिनलाई हात्ती वाहनयुक्त, सुवर्ण वर्ण भएकी, सहस्र आँखा भएकी, दाहिनेतर्फका हातहरूमा सूत्र र बज्र धारण गरेकी, बायाँतर्फको एउटा हातमा कलश एवं बाँकी हातहरू अभय र वरद मुद्रामा राख्ने भनी वर्णन गरिएको छ। (क्षेत्री र रायमाझी, वि.सं २०७६, पृ. ६९)

ढल्कोस्थित इन्दायणी मन्दिरमा रहेको प्रस्तरमूर्ति लगभग ५० से.मि. अग्लो रहेको छ । हाल यो मूर्तिलाई छोपिने गरी यसको ठीक अघि चाँदीको अर्को मूर्ति राखिएको छ। यी दुवै मूर्तिको प्रतिमालक्षण एकैकिसिमको छ ।

प्रस्तर मूर्तिको ठीक अघि रहेको चाँदीको मूर्ति ५० से. मि. अग्लो रहेको छ । अष्टभुजासहितको यस मूर्तिको दायाँ भुजाहरूमा माथिबाट क्रमशः खड्ग, बज्र, बरद मुद्रा र कपालपात्र राखिएको छ । बायाँ भुजाहरूमा माथिबाट क्रमशः खेटक, बज्रघाट, ध्वज र बिन्दु मुद्रामा देखाइएको छ । आलिडासनमा रहेको मूर्तिको दुवै पाउमा हात्तीलाई वाहनको रूपमा देखाइएको छ। यस लाई ढल्कोका स्थानीय बासिन्दा सोमेन्द्र शाहीले व्यक्तिगत रूपले स्थापना गराएका हुन् (चित्र नं. ५) ।

इन्द्रायणी मन्दिरमा अर्को एउटा सानो चाँदीको मूर्ति पनि रहेको छ। यो मूर्ति हरेक हप्ताको शनिबार र हरेक महिनाको चतुदशीको दिनमा मन्दिरमा ल्याएर पूजा गर्ने चलन छ । बाँकीका दिनहरूमा यो मूर्ति गुठीयारहरूको रेखदेखमा *द्यो: छेमा* राखिन्छ। यो मूर्ति लगभग २० से. मि. अग्लो रहेको छ।

इन्द्रायणी मन्दिरमा वर्षको एकदिन मात्रै पूजा गरिने अर्को एउटा मूर्ति छ। पित्तलबाट बनेको इन्द्रायणी देवीको मूर्ति वर्षको ३६२ दिन *द्यो: छेमा* राखिन्छ भने बाला चतुर्दशीको

समयमा हुने जात्रा अवधिभर यो मूर्तिलाई इन्द्रायणी मन्दिर क्षेत्रमा खटमा राखेर घुमाउने चलन छ ।

इन्द्रायणी मन्दिरभित्र मूर्तिको ठीक पछाडिपट्टि एउटा निष्कल मूर्ति स्थापना गरिएको छ । हाल यो मूर्तिलाई मुख्य मूर्तिभन्दा पछाडि इँटाको गारोभन्दा बाहिर राखिएको छ । यस पत्थरलाई मुख्य मूर्तिको दाहिने भागमा रहेको सानो प्वालबाट हेर्न सकिन्छ । हाल यसमा नित्य र नैमित्तिक पूजा गरिँदैन ।

यस मन्दिरभित्र इन्द्रायणी देवीबाहेक वरिवरिका भित्तामा विभिन्न देवदेवीहरूको मूर्ति पनि राखिएको छ । अन्य सबै देवदेवीको मूर्तिहरू प्रस्तरबाट बनेका छन् । यी मूतिहरूलाई हरेक दिन पूजा गरिन्छ । मन्दिरको मूल द्वारबाट भित्र जाने बित्तिकै दायाँबायाँ एक एक जोडी *थु:सा:* को मूर्ति रहेको छ । यहाँ पूजा गर्दा पनि स्थानीयहरू थु:सा:लाई नन्दी र भृङ्गी मानेर पूजा गर्ने गरेको स्थानीयको भनाइ छ (चित्र नं. ६) ।

*थु:सा:* का प्रतिमालक्षण अनुसार हेर्दा सबै मूर्तिहरू साँढेका हुन् । जसलाई शिवालय वा शिवलिङ्गको वाहनको रूपमा पश्चिम दिशामा राखिन्छ । चारैवटा साढेका मूर्तिहरूमा लेपको प्रयोग भएको छ । लेपको प्रयोग लिच्छविकालीन कलाको मुख्य विशेषताहरू मध्येमा पर्दछ । यस आधारमा हेर्दा यी सबै साँढेहरू यस स्थानमा भएका लिच्छविकालको कुनै शिवलिङ्गहरूको वाहन हुन सक्ने तर्क मूर्तिविद् डा. सन्ध्या खनाल पराजुलीको रहेको छ ।

स्थानीय भाषामा गाईको बाच्छोलाई *थु:सा:* भनिन्छ । यहाँ प्रचलित किंवदन्तीअनुसार पहिले यस स्थानमा खेतबारी धेरै थिए । तर उब्जनी भने निकै कम हुन्थ्यो । त्यसमाथि पनि चर्न आउने जनावरले बाली खाँदा किसानहरू झन् मर्कामा पर्थे । सोही समस्या हटाउनको निमित्त किसानहरू थु:सालाई पूजा गर्न थाले । यसरी पूजा गर्दा गाई वस्तुहरूले बाली खान बन्द गरे । त्यसैले थु:सालाई यहाँ घरपालुवा जीवबाट आफ्नो बाली जोगाउने देवताको रूपमा पुज्न थालिएको हो । हाल यस क्षेत्रको जमिनमा खेती गरिएको छैन । तर यस मन्दिरमा *थु:सा:*को नित्य पूजा भने हुने गरेको छ ।

थु:सा:बाट घडीको विपरीत दिशाबाट क्रमशः व्याघ्रिनी, मनमैजु, महालक्ष्मी, चामुण्डा, बाराही, मनकामना, भैरवको मूर्ति रहेको छ । त्यसपछि इन्द्रायणीको मुख्य मूर्ति रहेको छ । इन्द्रायणको मूर्तिको दायाँतर्फ कुमारी, वैष्णवी, रुद्रायणी, ब्रह्मायणी, गणेश, सिंघ्रिणीको मूर्ति

रहेको छ । सिंघ्रिणीको दायाँतर्फ फेरि अर्को एक जोडी थुःसाः रहेको छ । माथि उल्लेखित मूर्तिहरूको संक्षिप्त प्रतिमालक्षण तल प्रस्तुत गरिएको छ ।

**व्याघ्रिनी**ः व्याग्र मुखाकृति भएको, दायाँ हातमा डमरु र कपालपमत्र लिएकी, बायाँ हातमा त्रिशुल र बिन्दु मुद्रामा रहेको, वाहन रहित आलिढासनमा रहेकी रौद्र स्वरूपकी व्याघ्रिनीको मूर्ति मन्दिरभित्र रहेको छ ।

**मनमैजु**ः स्थानीयले मनमैजुको नाम दिएको यस मूर्तिको प्रतिमालक्षण भने ब्रह्मायणीको रहेको छ । ब्रह्माकी शक्ति, हाँसमाथि सवार दायाँ हातहरूमा क्रमशः अक्षयमाला र वरद मुद्रामा रहेको र बायाँ हातहरूमा पुस्तक र कपालपात्र लिएकी मनमैजुको मूर्ति राखिएको छ ।

**महालक्ष्मी**ः दायाँ तर्फका हातहरूमा खड्ग र कपालपात्र लिएकी र बायाँ तर्फका हातहरूमा खेटक र विन्दु मुद्रमा देखाइएको एक देवीको मूर्ति छ । जसलाई महालक्ष्मीको रूपमा पूजा गरिन्छ । यी देवीलाई आलिढासनमा राखेर सिंहारुढ अवस्थामा देखाइएको छ ।

**चामुण्डा**ः नरवाहनमा आलिढासनमा रहेकी कंकाल स्वरूप दायाँ हातहरूमा माथिबाट क्रमशः खड्ग र कपालपात्र लिएकी, बायाँ हातहरूमा खेटक र विन्दुमुद्रामा देखाइएकी चामुण्डाको मूर्ति पनि इन्द्रायणी मन्दिरभित्र रहेको छ ।

**बाराही**ः अजिमाको मूल मूर्तिको बायाँपट्टि बराह मुखाकृति, दायाँ हातहरूमा क्रमशः खड्ग र कपालपात्र बायाँ हातहरूमा खेटक र विन्दु मुद्रा, सुँगुरमाथि आरुढमा रहेकी बाराहीको मूर्ति राखिएको छ ।

**मनकामना**ः बाराहीको दायाँतर्फ स्थानीयले मनकामनाको रूपमा पूजा गर्ने एउटा मूर्ति रहेको छ। मकराकृतिको तोरणसहितको उक्त मूर्तिको प्रतिमालक्षण हेर्दा यो इन्द्रायणी देवीको प्रतिमा लक्षणसँग मिल्दोजुल्दो छ। सो मूर्तिलाई ललितासनमा राखिएको छ। मूर्तिलाई हात्तीमा सवार भएको देखाइएको छ। दायाँ हातहरूमा माथिबाट क्रमशः बज्र र कपालपात्र, बायाँ हातहरूमा माथिबाट क्रमशः ध्वजा र विन्दु मुद्रामा रहेको छ। मन्दिरभित्र रहेको मूर्तिहरूमध्ये यो मूर्तिलाई सबैभन्दा पुरानो मानिएको छ । विद्वानहरू यो मूर्ति मध्यकालीन कलाशैलीसँग मिल्दोजुल्दो रहेको बताउँछन् ।

**भैरव**ः दायाँ हातहरूमा क्रमशः खड्ग र कपालपात्र बायाँ हातहरूमा खेटक र विन्दु मुद्रा भएको, नरवहानमा सवार रौद्र स्वरूपको भैरवको मूर्ति पनि मन्दिर भित्र रहेको छ ।

**कुमारीः** लुँती अजिमाको मूलमूर्तिको दायाँपट्टि आलिढासनमा रहेकी, नरवहानमा सवार दायाँ हातहरूमा माथिबाट क्रमशः अग्नि र कपालपात्र बायाँ हातहरूमा माथिको हातमा मयूरको प्वाँख र तल्लो हातलाई विन्दु मुद्रामा बनाइ रौद्र स्वरूपमा देखाइएकी कुमारीको मूर्ति रहेको छ ।

**बैष्णवीः** दायाँ हातहरूमा माथिबाट क्रमशः चक्र र कपालपात्र लिएको र बायाँ हातहरूमा गदा र विन्दु मुद्रामा गरुडासन भएकी वैष्णवीको मूर्ति पनि मन्दिरभित्र राखिएको छ ।

**रुद्रायणी**ः रुद्रकी शक्ति, आलिढासन, नन्दीमा सवार दायाँ हातहरूमा क्रमशः डमरु र कपालपात्र बायाँ हातहरूमा त्रिशूल र विन्दु मुद्रा रुद्रायणी देवीलाई देखाइएको छ ।

**ब्रह्मायणी**ः ब्रह्माकी शक्ति, हाँसमाथि सवार दायाँ हातहरूमा क्रमशः अक्षयमाला र कपालपात्र बायाँ हातहरूमा पुस्तक र विन्दु मुद्रामा ब्रह्मायणी देवीलाई देखाइएको छ ।

**गणेश**ः हात्तीको मुखाकृति भएको, दायाँ तर्फको हातहरूमा माथिबाट क्रमशः अक्षयमाला र लिएको, बायाँ हातहरूमा माथिबाट क्रमशः पर्शु र कपालपात्र देखाइएको छ । गणेशको सुण मूर्तिको बायाँपट्टी फर्कीएको छ भने ठूलो भुँडी देखाइएको छ । आलिढासनमा रहेको मूर्तिमा कुनै वाहन छैन ।

**सिंघ्रिनीः** सिंह मुखाकृति भएको, दायाँ हातमा डमरु र कपालपात्र लिएकी, बायाँ हातमा त्रिशूल र विन्दु मुद्रामा रहेको, वाहन रहित आलिढासनमा रहेकी रौद्र स्वरूपकी सिंघ्रिनीको मूर्ति राखिएको छ ।

## ४.२.६ मन्दिर वरपर रहेका अन्य भौतिक सम्पदाहरू

इन्द्रायणी मन्दिरको पश्चिम दिशामा विष्णुमती नदी बगेको छ भने दक्षिण दिशामा सडक छ । बाँकी २ पूर्व र उत्तर दिशामा केही मन्दिर, केही खुला रूपमा रहेको मूर्ति चैत्य तथा व्यक्तिगत घरहरू पनि रहेका छन् । यहाँ व्यक्तिगत घरहरूको बारेमा चर्चा नगरी मन्दिर परिसरमा भएका भौतिक सम्पदाहरूको बारेमा मात्र चर्चा गरिएको छ । यस मन्दिरमा प्रवेश गर्नको लागि पूर्व, उत्तर र दक्षिणमा तीनवटा द्वार निर्माण गरिएको छ ।

**पूर्वी द्वार** : यस द्वारलाई मन्दिरमा पूजा गर्ने भक्तजनहरूको लागि मुख्य द्वार मानिएको छ । यो द्वारबाट प्रवेश गर्ने बायाँपट्टि डोम शैलीमा बनाइएको एउटा सानो मन्दिर छ । यस मन्दिरमा शिवलिङ्ग स्थापना गरिएको छ । यही मन्दिरको पछाडि एउटा बगैँचा बनाइएको छ

। बगैँचाभित्र कैलाशमा विराजमान शिवको प्रतिमा बनाइएको छ । त्यस्तै, बाटोको दायाँपट्टि चारवटा पञ्चध्यानी बुद्धका चैत्यहरू निर्माण गरिएको छ । सो चैत्यलाई पारगरी दुई खुड्किला तल झरेपछि इन्द्रायणी मन्दिर परिसरमा पुगिन्छ ।

**उत्तरी द्वारः** उत्तरी द्वारबाट प्रवेश गरी सिधा जाँदा मन्दिरको मूल ढोकामा पुगिन्छ । धार्मिक उद्देश्यले मन्दिर प्रवेश गर्नको लागि उत्तरी द्वारलाई उचित मानिँदैन । यो द्वार विशेषगरी इन्द्रायणी मन्दिर पछाडि रहेका घाटहरूमा अन्तिम संस्कार गर्ने शवहरू लैजान प्रयोग गरिन्छ । यस द्वारबाट शव लैजाँदा इन्द्रायणी देवीको सिधा नजर पर्ने गर्छ, जसले गर्दा मृतकको आत्माले शान्ति पाउँछ भन्ने जन विश्वास रहेको छ । उत्तरी द्वारबाट मन्दिर प्रवेश गर्दा मूर्त सम्पदाहरूमा तीनवटा घाटे भकारी, एउटा बौद्ध स्तुप, स्तम्भमाथि राखिएको एउटा हनुमानको मूर्ति र एउटा ब्रह्मनाल रहेको छ ।

**दक्षिण द्वारः** दक्षिण द्वार मन्दिरको पछाडिबाट मन्दिर प्रवेश गर्नको लागि बनाइएको द्वार हो । यहाँबाट सिधै मन्दिर परिसरमा प्रवेश गर्न सकिन्छ । परिसरमा पुगेपछि एउटा बौद्ध स्तुप देखिन्छ भने दाहिने भित्तामा कमशः सरस्वती, बुद्ध र विष्णुको वासुदेव मूर्ति रहेको छ ।

## ४.२.७ मुख्य मन्दिर परिसर

मन्दिर परिसरमा इन्द्रायणी देवीको मन्दिरबाहेक अरू सम्पदाहरू पनि रहेका छन् । मन्दिरको मूल ढोकाबाहिर दायाँबायाँ दुवैतिर गरी दुईवटा अभिलेख राखिएका छन् । मन्दिरको अगाडि दुईवटा प्रस्तर स्तम्भहरू छन् । जसमा माथि कमलको आसनमा एउटामा दायाँ हात उठाएको अवस्थामा शार्दूलको मूर्ति छ भने अर्कोमा मयूरका मूर्तिहरू राखिएका छन् । इन्द्रायणी देवीलाई कौमारीको रूपमा पनि मानिने भएकोले यस स्तम्भमा कौमारीको वाहन मयूरलाई राखिएको मन्दिरका पुजारी राजु कर्माचार्य बताउँछन् (राजु कर्माचार्य, व्यक्तिगत अन्तर्वार्ताः वि. सं. २०७९-७-२२) ।

### ४.२.७.१ मोनोलिथिक चैत्य

इन्द्रायणी मन्दिरको उत्तर-पूर्वी दिशामा एउटै प्रस्तरबाट बनेको (मोनोलिथिक) चैत्य रहेको छ । यस चैत्यमा कुनै अभिलेख कुँदिएको छैन तर लेपको प्रयोग भएको देख्न सकिन्छ र यसको गवाक्षमा कुनै मूर्ति छैन । लिच्छविकालीन मूर्तिकलाको मुख्य विशेषता मूर्तिमा लेपको प्रयोग हुनु हो (Khanal Parajuli, 2021, p 31) । चैत्यमा गवाक्ष खाली राख्ने, टुप्पोमा चारकुने

खाडल हुने, चैत्यको बाहिरी भागमा लेप लगाउने लगायतका विशेषताले गर्दा यस चैत्यलाई लिच्छविकालमा नै बनेको मान्न सकिन्छ । यस प्रमाणले गर्दा यस क्षेत्रको प्रचीनता लिच्छविकाल सम्म पुऱ्याउन सकिन्छ ।

#### ४.२.७.२ शिवलिङ्ग

इन्द्रायणी मन्दिरको पश्चिम दिशातर्फ फलामको बारले घेरेर तीनवटा शिवलिङ्ग राखिएको छ (चित्र नं. ७) । यसमा जलहरीसहित शिवलिंगको आधाभन्दा बढी भाग पुरिएको अवस्थामा छ । तीनैवटा शिवलिङ्ग खुला (छत विहिन) अवस्थामा रहेका छन् । उत्तर-दक्षिण दिशामा क्रम मिलाएर रखिएका यी शिवलिङ्गहरू मध्ये उत्तरी दिशामा रहेको यी दिशामा रहेकोमा बसाह राखिएको छ ।

हेर्दा निराकार स्वरूपको निष्कल वर्गका जस्ता देखिने शिवलिङ्गहरूमा लेपको प्रयोग भएको छ । तीनैवटा शिवलिङ्गहरूको अधिकांश भाग पुरिएको अवस्थामा छ । अधिकांश भाग पुरिएकोले शिवलिंगको जलहरी, ब्रह्म, विष्णु र रुद्र भागको विभाजन गर्न सक्ने अवस्था छैन । त्यसैले आकार र लेपलाई मात्र आधार मान्दा यी शिवलिङ्गहरूलाई लिच्छविकालको कला भन्न सकिन्छ । मन्दिर भित्र थु:सा:को नाममा चारवटा नन्दी राखिएको छ । यी सबै *थु:सा:*हरूमा लेपको प्रयोग भएको छ । यी *थु:सा:* बाहिर रहेका शिवलिङ्गहरूकै वाहन हुनुपर्ने मत मूर्तिविद् खनालको छ । *थु:सा:*को संख्यालाई आधार मान्ने हो भने यस क्षेत्रमा समकालीन चौथो शिवलिङ्ग पनि हुनुपर्ने देखिन्छ । जुन हालसम्म प्राप्त भएको छैन ।

#### ४.२.७.३ बज्रधातु चैत्य

इन्द्रयणी मन्दिरको पुर्वी दिशामा सेतो रंगमा बज्रधातु चैत्य रहेको छ । तिब्बती शैलीमा निर्माण गरिएको यस चैत्यमा बनाइएको डोमको चारैतिर स-साना ताराको मूर्तिहरू रखिएको छ । इटाको डबली माथि बनाइएको चैत्यको वरिपरि फलामको बारले घेरिएको छ । बारमाथि वरिपरि बत्ती बाल्नको लागि दियो राखिएको छ (चित्र नं. ८) ।

### ४.२.८ मन्दिर परिसरमा रहेको घाट

हरेक जीवको जन्मपछि मृत्यु अनिवार्य छ । मानिसमात्र यस्तो जीव हो जसले मृत्यु भएको शरीरलाई व्यवस्थित गर्छन् । यही मृत शरीरको व्यवस्थापन गर्ने संस्कारलाई अन्तिम संस्कार भनिन्छ (श्रेष्ठ, वि. सं. २०७८, पृ. ६९) । जातजाति, वर्ण, धर्म आदिका अनुसार

अन्तिम संस्कार वा मृत्यु संस्कार गर्ने तरिकाहरू फरक फरक हुन्छ । तर सबै जातजाति र धर्ममा अन्तिम संस्कारको मुख्य कर्म भनेकै मृत शरीरको व्यवस्थापन हो ।

इन्द्रायणी मन्दिर मूलतः हिन्दू धर्मसँग सम्बन्धित रहेकोले यहाँ भएका घाटहरूमा पनि हिन्दू परम्परा अनुसार नै मृत्यु संस्कार गरिन्छ। विशेषगरी नेवार समुदायका विभिन्न जातजाति (जो इन्द्रायणी मन्दिरको गुठीमा आबद्ध छन्)ले यहाँ रहेका घाटहरूको प्रयोग गर्छन् ।

इन्द्रायणी मन्दिरसँग सम्बन्धित कुल छ वटा घाटहरू रहेका छन् । जसमध्ये मन्दिर परिसरभित्र पाँच वटा घाट छन् भने मन्दिर परिसरबाहिर एउटा घाट रहेको छ । स्थानीय गुठियारहरूका अनुसार यी सबै घाटहरू नेवार जातिभित्रका फरक फरक थरहरूको लागि छुट्याइएको छ । मन्दिर परिसरबाहिर रहेको एउटा घाट देउपालाहरूको परिवारका मृतक सदस्यहरूको दाहसंस्कारमा मात्रै प्रयोग गरिन्छ। त्यस्तै, मन्दिर परिसरभित्र रहेका पाँच घाटहरू फरक फरक समुदायको दाहसंस्कारमा प्रयोग गर्ने गरिएको छ । मन्दिरको ठीक पछाडि दक्षिणपट्टिको सबैभन्दा छेउको घाट इन्द्रायणी मन्दिरको गुठियारमध्ये महर्जन थर भएका गुठियारको मृत्युमा दाहसंस्कारका लागि प्रयोग गरिन्छ । त्यस्तै, महर्जनको घाटको दक्षिण पश्चिममा रहेको अर्को घाट शाही र खड्गी थरका गुठियारको दाहसंस्कारका लागि प्रयोग गरिन्छ । महर्जन घाटको पश्चिमतर्फ रहेको घाट धोबी समुदायका गुठियारहरूको दाहसंस्कारका लागि प्रयोग गरिन्छ। धोबी घाटसँगै जोडिएका उत्तरपट्टि दुई घाटहरू रहेका छन् । यी घाटहरू सन्यासीहरूका लागि छुट्याइएको स्थानीय बताउँछन् । यद्यपि यी दुई घाटहरू हाल प्रचलनमा छैन ।

## ४.२.९ मन्दिर परिसरमा रहेका अभिलेखहरू

प्रस्तरमा वा कुनै कडा वस्तुमा लेखिएका विभिन्न प्रकारका स्रोत सामग्रीलाई अभिलेख भनिन्छ । कसैले दानदातव्य या त्यस्तै महत्वपूर्ण कार्य गरेको, कुनै नीतिनियममा परिवर्तन गरेको खण्डमा त्यसलाई कालान्तरमा सन्तान दरसन्तानले जानून् या त्यसको विवरण जीवित रहोस् भन्ने उद्देश्यले अभिलेख राख्ने परम्परा पाइन्छ । विगतमा कागजको आविष्कार भइनसकेको समयमा प्रस्तर लगायतका अन्य वस्तुहरूलाई अभिलेख राख्ने कार्यमा प्रयोग गरिएको पाइन्छ। त्यसमा पनि प्रस्तर कडा वस्तु भएकाले र प्रस्तरमा लेखिएका सामग्रीहरू हजारौं वर्षसम्म पनि जस्ताको त्यस्तै रहने हुनाले धेरै जस्तो शिलालेख राख्ने परम्परा धेरै पहिले शुरु भएको देखिन्छ । राजामहाराजा र धनीमानी वा शक्तिशाली व्यक्तिहरूले अभिलेख

राख्ने कुरालाई धेरै नै महत्व दिने गरेको पाइन्छ । विशेषगरी ऐतिहासिक कालमा दानदातव्य, यज्ञयज्ञादि वा दुई देशबीचमा भएको सम्झौता गरेपछि त्यसको स्मरणमा अभिलेख राख्ने चलन रहेको पाइन्छ (खतिवडा, वि.स. २०५५, पृ. २४) ।

त्यसबेला राजामहाराजाहरूले विभिन्न प्रकारका प्रशस्ति लिएका तथा महत्वपूर्ण घोषणाहरू गरेका विवरण पनि अभिलेखमा उत्कीर्ण गर्ने परम्परा रहेको देखिन्छ । अभिलेखहरू इतिहास र संस्कृतिको अध्ययनका स्रोत पनि मान्ने गरिएका छन् । अभिलेखको महत्वलाई व्याख्या गर्दै इतिहासविद्हरूले नेपालको लिच्छवि लगायत विभिन्न कालको इतिहास अध्ययन गर्ने मुख्य स्रोतहरू नै अभिलेख हुन् भनेका छन् । यसरी अभिलेख विगतको मानिसका भिन्न प्रकारका कीर्तिमानी कार्यको विवरण राख्न लेखिएका सामग्री हुन् भने हालसम्म पनि दानदातव्य दिए शिलालेखमा नाम उत्कीर्ण गराउने परम्परा नेपाली समाजमा अझै पनि कायम रहेको पाउन सकिन्छ । इन्द्रायणी मन्दिर परिसरभित्र यस्तै कुनै शिलामा, कुनै मूर्तिको पादपीठमा तथा कुनै मन्दिर परिसरमा रहेको घण्टीमा अभिलेखहरू पाइएका छन् ।

पहिलो अभिलेख मन्दिरको मूल ढोकाबाहिर पूर्वी दिशाको पेटीमा राखिएको छ । नेपाल संवत् ९०२ मिति राखिएको यस अभिलेख २८ हरफको छ (चित्र नं. ९) । जसमा करिब आधा संस्कृत भाषामा र बाँकी नेवारी भाषामा लेखिएको छ । इन्द्रायणी देवीको स्तुति र राजेन्द्रलक्ष्मीका छोरा रणबहादुर शाहको तरिफ गरेपछि '*किलाग्ल तोल*' (किलागल टोल) का मुक्तिमाधवले लुँती इन्द्रायणी मन्दिरको जीर्णोद्वार गरी देवीको वार्षिक पूजा र जात्राको बन्दोबस्त गर्न २०० मोहरको गुठी राखिएको बयान गरिएको छ । साथै, यस मन्दिरको हेरचाह गर्न ४ जना नवनियुक्त मानिसको नाम पनि उल्लेख गरिएको छ (रेग्मी, वि. सं. २०५०, पृ. १३७) ।

गर्भगृहमा रहेको इन्द्रायणीको मूर्तिलाई तोरणयुक्त तीन तलाको धातुको तले शैलीको मन्दिरभित्र राखिएको छ । सो मन्दिरको दोस्रो तलाको झल्लरीमा '*ॐ मनिपद्मे हूँ*' र संवत् १००८ लेखिएको छ (रेग्मी, वि. सं. २०५०, पृ. १३८)।

मन्दिरको मूल ढोकाबाहिर पश्चिमी दिशाको पेटीमा अर्को एउटा अभिलेख राखिएको छ । नेपाल संवत् १००८ मिति उल्लेख गरिएको यस शिलालेखमा मन्दिरको केही सुधार गरी सुवर्णचूडामणि चढाएको वर्णन गरिएको छ (चित्र नं. १०) । यस कामका दाता भक्तपुर मल्ल

राजाका मन्त्री सहश्रारामका सन्तान कान्तिपुर निवासी महंतराम र उनका तीन छोरा भनी लेखिएको छ (रेग्मी, वि. सं. २०५०, पृ. १३८) ।

मन्दिरको मूल ढोकाको उत्तरतर्फ दुईवटा चारकुने प्रस्तर स्तम्भहरू राखिएका छन् । पूर्वतर्फको स्तम्भको माथि दायाँ हात उठाएको सिंहको धातुको मूर्ति राखिएको छ । पश्चिमतर्फको स्तम्भको माथि मयूरको धातुको मूर्ति राखिएको छ। दुवै स्तम्भको मन्दिरतर्फको भागमा अभिलेख कुँदिएको छ । सिंह राखिएको स्तम्भमा नेपाल संवत् १०१५ मिति उल्लेख गरिएको अभिलेख छ (चित्र नं. ११) । यहाँ उल्लेख भएअनुसार सो मितिमा भाइ नरसिंहले आफ्ना दाजु सिंहवीरको नाममा '*लोहखंब*' र त्यसमाथि सुनको मयूर स्थापित गरेका थिए ( रेग्मी, वि. सं. २०५०, पृ. १३९) । त्यस्तै, मयूर राखिएको स्तम्भमा नेपाल संवत् १०२० मिति उल्लेख गरिएको अभिलेख राखिएको छ। अभिलेखमा भएको अरु विवरण स्पष्ट देखिँदैन (चित्र नं. १२) ।

माथि उल्लेखित अभिलेखहरूबाहेक मन्दिरको वरिपरि राखिएका नौ वटा घण्टीहरूमा पनि अभिलेख कुँदिएको छ। यी सबैमा वि. सं. २०३४ साल लेखिएको प्रष्ट देखिन्छ। वि. सं. २०३४ सालमा मन्दिरको जीर्णोद्धार भएको भनाइ स्थानियको रहेको छ। सो जिर्णोद्धार गरेपछि यी घण्टीहरू विभिन्न व्यक्तिहरूले चढाएका थिए ।

## ४.३ अमूर्त वा अभौतिक संस्कृतिको आधारणा

मानिसले देख्न तथा छुन नसक्ने तर महसुस गर्न सक्ने कियमकलापलाई अमूर्त संकृतिको रूपमा व्याख्या गरिएको छ । यसले धर्म, विश्वास, तन्त्रमन्त्र, धामी, रीतिरिवाज, परम्परा जस्ता कुरालाई समेट्छ । अमूर्त संस्कृतिलाई अभौतिक संस्कृति पनि भन्ने गरिन्छ। मानिसका क्रियाकलाप पछि उसको सोच, योजना, मान्यता, सिप, व्यवहार जस्ता कुराहरूलाई समष्टिमा अभौतिक वा अमूर्त संस्कृति भनिन्छ (नेपाल, वि. सं. २०७४, पृ. ११-१५) ।

परम्परा, भाषा, सामाजिक मूल्य, मान्यता, संस्कार, विचार, ज्ञान, प्रथा, तथा प्रथाजनित कानुन, लोकगीत, लोकनृत्य, लोककथा, लोकगाथा, लोकधर्म, आदिजस्ता सम्पूर्ण सांस्कृतिक निधिहरू अभौतिक संस्कृति अन्तर्गत् पर्दछन्। अमूर्त संस्कृति पनि मूर्त जस्तै समाज विकासको प्रक्रियामा भएको हो तर्क विद्वानहरूको छ। यस प्रकारका सांस्कृतिक सम्पदाहरूमा अमूर्तता पाइन्छ । जसलाई देख्न छुन सकिँदैन । भौतिक संस्कृतिको तुलनामा अभौतिक संस्कृतिको परिवर्तन हुने सम्भावना ज्यादै थोरै हुने गर्दछ ।

### ४.३.१ अमूर्त संस्कृतिको परिचय

कुनैपनि भौतिक आकार नभएको, अनुभव गरी आनन्द लिन सकिने संस्कृति नै अमूर्त संस्कृति हो । भौतिक स्वरूप नभएका सामाजिक मूल्यमान्यता, परम्परा, विश्वास, भाषा, संस्कार, चाडपर्व, जात्रा उत्सव, लोकसाहित्य, बुद्धि, सीप, ज्ञान, कलाकौशल, सामाजिक सङ्गठन आदि सबै अमूर्त संस्कृति हुन् । त्यसैले यसलाई छुन र देख्न सकिँदैन । यस्ता संस्कृतिलाई अभौतिक संस्कृति पनि भनिन्छ (धिमाल, वि. सं. २०७२) । अमूर्त संस्कृति नासवान् हुँदैन । तर समय र परिवेशअनुसार परिवर्तन भने हुन सक्छ । समाजलाई नीतिनियम अनुशासनमा राख्ने तथा आपसी सद्भाव बढाउने काममा अमूर्त संस्कृतिको विशेष भूमिका रहेको हुन्छ । अमूर्त संस्कृतिको परिभाषा दिँदै देख्न, सुन्न सकिने तर कुनै निश्चित भौतिक आकार नभएको र महसुस गरी आनन्द लिन सकिने प्रकृतिका संस्कार र संस्कृतिलाई अमूर्त संस्कृति भनिएको छ (अलौकिक, २०७६) ।

नेपाल पर्यटन तथा संस्कृति मन्त्रालयले अमूर्त सम्पदाको सूचीकरण भाषा तथा मौखिक परम्परमा प्रचलनमा रहेको, लोपोन्मुख र लोप भइसकेको भाषा र भाषिकाहरू, प्रदर्शनकारी कला, नृत्य, सङ्गीत, नाटक, लोकगीत, मजन, वाद्यधुन, संस्कृति तथा सामाजिक जीवनमा जातजातीय संरचना, आदिवासी जातिहरू, परम्परागत वर्णवादी जातिहरूबारेका आख्यानहरू, विश्वास र व्यवहार, संस्कार, चाडपर्व, उत्सव, जात्रा, मेला, सामाजिक रीति र परम्परा, मान्यता, रहनसहन, ज्ञान विज्ञानमा पुरोहित तथा विज्ञप्रथा, उपचारपद्धति, ज्योतिष, टुनामुना, धामी झाँकी प्रथा, अन्य विश्वास र मान्यताहरू, मठ- मन्दिर-गुम्बा सांस्कृतिक गतिविधिहरू सञ्चालन हुने तीर्थस्थल लगायत ऐतिहासिक स्थानहरूका बारेमा मौखिक ज्ञानलाई अमूर्त ( अभौतिक) संस्कृतिभित्र राख्ने गरिन्छ ।

मानिसले जीविकोपार्जन गर्ने क्रममा परम्परागत रूपमा सिक्दै, भोग्दै र निर्माण गर्दै आएको जीवनशैली नै संस्कृति हो (अलौकिक, २०७६) । अमूर्त संस्कृतिलाई मूर्ति नभएको स्वरूप, रूप नभएको, आकार नभएको, इन्द्रिय वा अनुभव गर्न नसकिने, निराकार स्वरूपलाई अमूर्त भनेर शब्दकोशहरूमा व्याख्या गरिएको छ । त्यस्तैगरी, संस्कृतिविद् साफल्य अमात्यले उत्तरी हिमाली क्षेत्रका मनिरुम्द नाचदेखि, पहाडका घाटुनाच, सोरती, उपत्यकाको देवीनाच लगायत तराईको धाननांच, होली नृत्यहरू देशका विभिन्न समुदायले खुसी बाँड्न नाच्ने गर्दछन्, यसलाई अमूर्त संस्कृति मान्नुभएको छ (अमात्य, वि.सं. २०६० पृ. ३) । अमूर्त

संस्कृतिको परिभाषा गर्दै युनेस्कोले मानवजातिको सांस्कृतिक सम्पदा भन्नाले छुन सक्ने प्रयोग गर्न सक्ने, भौतिक वस्तु मात्र नभई, अनुभव गर्न सक्ने अमूर्त पक्ष पनि हुन् भन्ने अवधारणा जुन विकसित भएको छ, यसैलाई मनन् गरी यस्तो अमूर्त संस्कृतिको पनि संरक्षण गर्नुपर्ने ठहर गर्दै सन् २००३ मा अमूर्त सांस्कृतिक सम्पदाका पक्षहरूलाई संरक्षण गर्ने प्रस्तावलाई अनुमोदन गरेको छ ।

युनेस्कोको वर्गीकरणका आधारमा इन्द्रायणी पीठका अमूर्त सांस्कृतिक सम्पदा समाज, धर्म, संस्कृति एक सिक्काको दुई पाटा जस्तै हुन् । समाज विनाधर्म, संस्कृति हुँदैन । धर्म संस्कृतिविनाको समाज पनि बन्दैन । हरेक समाजका आफ्नै धर्म संस्कृतिहरू हुन्छन् । जति पनि सांस्कृतिक पर्व जात्राहरू छन्, ती सबै धार्मिक ग्रन्थमा आधारित रहेका छन् । धार्मिक ग्रन्थको घटनाको परिदृश्य सांस्कृतिक जात्रा हो । सांस्कृतिक पर्व, जात्राले धार्मिक घटनाको दृश्यलाई देखाउने काम गर्दछ । नेपालमा वर्षभरिमा लगभग महिनैपिच्छे विभिन्न किसिमका पर्वपूजाहरू हुने गर्दछन् । यी विभिन्न समयमा हुने जात्राहरू विविध सम्प्रदायसँग सम्बन्धित आदेश, कर्मकाण्डमा मिश्रित भएर जात्रालाई यथार्थता दिने गरेको पाइन्छ । नेपालमा मनाइने विविध जात्राहरूमध्ये ढल्को इन्द्रायणीमा मनाइने जात्रा पनि महत्वपूर्ण छ । इन्द्रायणीमा धेरै देवीदेवतासँग सम्बन्धित जात्रा, पर्वपूजा प्रचलनमा रहेका छन् । यसमध्ये पनि इन्द्रायणीसँग सम्बन्धित पर्वपूजाहरू परापूर्वकालदेखि नै प्रचलनमा आएको मानिन्छ । इन्द्रायणीलाई भगवतीको रूपमा पुजिने भएकाले त्यससँग सम्बन्धित चाडपर्व, जात्रा र पूजाहरू यस स्थानमा सम्पन्न गरिन्छ । अमूर्त संस्कृतिका पाटाहरूमध्ये इन्द्रायणी मन्दिरसँग जोडिएका केही पक्षहरू निम्नानुसार छन् ।

### ४.३.२ मन्दिरमा गरिने पूजाहरू

इन्द्रायणी मन्दिरमा नित्य पूजा, पर्व विशेष पूजा र जात्रा विशेष पूजा गरी तीन किसिमको पूजा हुने गर्छ । नित्य पूजा हरेक दिन गरिन्छ भने पर्व विशेष पूजा र जात्रा विशेष पूजा नेपाली चन्द्रमास पात्रो अनुसार विशेष दिनमा गरिन्छ ।

#### ४.३.२.१ नित्य पूजा

नित्य पूजा भन्नाले दैनिक रूपमा गरिने पूजा भन्ने बुझिन्छ । हिन्दू परम्परा अनुसार हरेक मन्दिर, देव स्थल तथा देवालयहरूमा नित्य पूजा हुनैपर्छ । त्यसैले सबै मन्दिरमा जस्तै

यस मन्दिरमा पनि दैनिक रूपमा पूजा हुने गर्छ। नित्य पूजा हरेक दिन बिहान देवीलाई धूप, अण्डा, फूल, अक्षता, टीका आदि जस्ता वस्तुहरू चढाई बज्राचार्य थरका पुजारीद्वारा गरिन्छ। त्यस्तै, हरेक दिन साँझ बत्ती बाली आरती गर्ने चलन पनि छ। सोही मन्दिरको पाटीमा बस्ने देउपाला महिलाहरूले साँझमा बत्ती बाल्ने गर्छन्। अन्य मन्दिरमा जस्तै यहाँ पनि नित्य पूजा गर्दा पुजारीबाहेक अरूलाई प्रवेश दिइँदैन।

## ४.३.२.२ पर्व विशेष पूजा

पर्व विशेष पूजा भन्नाले हरेक वर्षको कुनै विशेष दिनमा विशेष तरिकाले गरिने पूजालाई जनाउँछ। नेपालमा खासगरी यस्ता दिनहरू चान्द्रमास पात्रोको आधारमा निर्धारण गरिन्छ। इन्द्रायणी मन्दिरमा बाला चतुर्दशीको दिन पनि पर्व विशेष पूजा गरिन्छ। चान्द्रमास पात्रोअनुसार मार्ग कृष्ण चतुर्दशीमा पर्ने यस पूजाको लागि चार दिन अघिबाटै तयारी सुरु हुन्छ। मार्ग कृष्ण दशमीको दिनदेखि मन्दिरको द्वार बन्द गरेर पूजाको तयारी गरिन्छ। यो चार दिनसम्म मन्दिरमा नित्य पूजा समेत गरिँदैन। बाला चतुर्दशी सुरु हुने रातमा नै यहाँ पूजा सुरु हुन्छ। अघिल्लो दिन मन्दिरमा राँगाको बली चढाइन्छ र उक्त राँगाको टाउको पूजा गर्नको लागि सम्हालेर राखिन्छ। बाला चतुर्दशी सुरु हुने राति एक बजेदेखि बालाः चह्लेको पूजा सुरु हुन्छ। पूर्ण रूपमा तान्त्रिक विधिबाट हुने यस पूजामा जिउँदै जनावरहरूलाई अग्निकुण्डमा होमिन्छ। जनावरहरूमा एक जोडी सर्प, एक जोडी फट्याङ्ग्रा, एक जोडी माछा, एक जोडी भंगेरालाई जिउँदै हवन गरिन्छ। यो जात्रामा *थने* (काठमाडौंको माथिल्लो भाग) तिरका धेरैजसो भक्तजनहरूको सहभागिता हुने गर्थ्यो। स्थानीय लगायत अरू मानिसहरूको पनि उत्तिकै सहभागिता हुने गर्थ्यो। तर स्थानीयको सहभागिता घट्दै गएपछि अहिले भने यो जात्रा लोप हुने स्थितिमा छ। जात्राको दोस्रो दिन पहिलो दिनको तुलनामा अलिक धेरै मान्छेको सहभागिता हुने गर्छ। तेस्रो दिन (मुख्य जात्राको दिन) जात्रा सुरु गर्न ज्वालामाई, मचाखाचाः र इन्द्रायणीको खट बोक्न बाहिरबाट भरियाहरू बोलाई जात्रा पूरा गर्ने गरिन्छ।

## ४.३.३ जात्रा विशेष

इन्द्रायणी (लुँती अजिमाको) जात्रा चान्द्रमास पात्रोअनुसार मार्ग कृष्ण त्रयोदशीदेखि आमावस्यासम्म गरी जम्मा तीन दिन मनाइन्छ। दिदीबहिनीको जात्राभन्दा चार महिना अगाडि मनाइने यो जात्रामा इन्द्रायणी लगायत धोबीचौरको भुँडेगणेश, क्षेत्रपाटीको स्वां छपु गणेश,

शोभा भगवती, ज्वालामाई र मचा खःको पनि पूजा गरिन्छ । यी सबैलाई इन्द्रयणीको सन्तान मानिने भएकोले जात्रामा इन्द्रायणीसँगै यी सबै देवदेवीको खट घुमाइन्छ (मानन्धर, २००८, पृ. २६ ) ।

मन्दिरमा राखिएको मुख्य मूर्तिबाहेक हरेक देवदेवीको मूर्ति पित्तलबाट बनाइएको छ । जुन द्योः छैँमा (देवताको घर) मा गुठीयारको रेखदेखमा राखिन्छ । जात्रामा समाहित गर्नको निमित्त त्रयोदशीमा दुईदिनको लागि यी मूर्तिहरू द्योः छैँबाट निकालिन्छ र आ-आफ्नो मन्दिरमा लगी पूजा गरिन्छ । पूजा सकेपछि यी सबै मूर्तिलाई खटमा राखी लुँती अजिमाको मन्दिरमा लगिन्छ (चित्र नं. १३) । मन्दिरमा लगेपछि सबै मूर्तिलाई मन्दिर र होमकुण्डलाई भित्र पारी तीनपटक परिक्रमा गरेर मन्दिरभित्र लगिन्छ । यस जात्रामा विन्याननीका प्रजापतिहरू, तलाछीका मानन्धरहरू तथा ठःहिटीका थकु जुजुहरूको मुख्य संलग्नता रहन्छ । थकु जुजुलाई यस जात्रामा राजाको रूपमा, मानन्धरलाई व्यवस्था मिलाउने मन्त्रीको भूमिका तोकिएको हुन्छ । प्रजापतिलाई सिपाहीको भूमिको तोकिएको हुन्छ । जात्राको पहिलो दिन मूर्तिहरूलाई द्योः छैँबाट मन्दिरमा ल्याउँदा थकु जुजुले पूजाको सम्पूर्ण व्यवस्था मिलाउने गर्छन् । त्यस्तै, मानन्धरहरूले बाजा बजाई भजन गाउने गर्छन् । प्रजापतिहरूले खट बोक्ने गर्छन् । त्रयोदशीको रातमा इन्द्रायणी मन्दिरमा राँगाको बली दिइन्छ । सोही रात बलीपछि मन्दिर परिसरमा रहेको होम कुण्डमा कर्माचार्य पुजारीहरूद्वारा विशेष होम गरिन्छ । होम गर्दा जलाइने आगो स्वाःछपु गणेशको मन्दिर परिसरमा जगाएको धुनीबाट ल्याइन्छ । होम गर्दा पहिले बली दिएको राँगाको टाउकोको आहुती दिइन्छ । संसारलाई जमिन, जल र आकाश गरी तीन भागमा विभाजन गरी यिनैको प्रतिकको रूपमा क्रमशः फट्याङ्ग्रा, माछा र भँगेराको आहुती दिइन्छ र अन्त्यमा सर्पको आहुती दिइन्छ । आहुती दिनको लागि प्रत्येक जीवको दुई जोडी ल्याइएको हुन्छ । जसमध्ये एक जोडीको आहुती दिइन्छ भने अर्को जोडीलाई हावामा छोडिन्छ ।

जात्राको दोस्रो दिन बिहानदेखि नै मन्दिरमा भक्तजनहरूले बली दिएर पूजा गर्दछन् । यहाँ बली दिनको आ-आफ्नो मान्यता अनुसार कुखुरा, हाँस, बोका तथा फूलको मात्र बली दिई पूजा गर्छन् । यस पूजामा नेवार जातिका विशेष गरी श्रेष्ठ, मानन्धर, ज्यापू तथा तल्लो जातिमा गणना गरिएका खड्गी, शाही तथा देउलाहरूको मुख्य भूमिका रहने गरेको छ । इन्द्रायणी मन्दिरमा जस्तै भुँडे गणेश, स्वां छपु गणेश, शोभा भगवतीको मन्दिरमा पनि भव्य पूजा गरिन्छ । यहीदिन साँझ सम्पूर्ण देवी, देवताहरूको मूर्तिलाई मन्दिरबाट निकालिन्छ र आ-आफ्नो खटमा राखी बाजागाजासहित ठहिटीमा ल्याइन्छ । यस ठाउँमा खट राख्दा सबैभन्दा

पहिले स्वाँ छपु गणेश, दोस्रोमा भुँडे गणेश, तेस्रोमा शोभा भगवती, चौथोमा ज्वालामाई, पाँचौंमा मचा खः र अन्तिममा इन्द्रायणीको खटलाई क्रमबद्ध रूपमा मिलाएर राखिन्छ ।

जात्राको तेस्रो दिनमा बिहानै ठहिटीका मानन्धरहरू र विज्याननीका ज्यापूहरूले दफाबाजा बजाउँदै भजन गाउँछन् । त्यसपछि थकु जुजुहरूले विधिवत् रूपमा सबै खटहरूमा पूजा गर्छन् । थकु जुजुको पूजा सकिएपछि सबै खटहरूलाई विशेष भक्तजनको घरमा पूजाको लागि लगिन्छ । त्यहाँ पूजा सकेपछि सबै खटलाई पुनः ठहिटीमा लगिन्छ र पहिलेकै क्रमानुसार राखिन्छ । यसपछि सम्पूर्ण खटलाई प्राचीन शहरको परिक्रमा गराइन्छ । यो क्रम ठहिटीबाट सुरु भई विभिन्न स्थानहरू, ज्याठा, तलाछीँ, नाय त्वाः, कमलाछी, भोटाहिटी, महाबौद्ध, भौँसीटोल, टेबहाल, धरहरा, खिचापोखरी, पाको, दफ्तर, यंगाल, लगन, ब्रह्म टोल, ह्युमतः, जैसीदेवल, भीमसेन स्वान, मरुहिटी, चसान, भुरुङ्खेल, क्षेत्रपाटी हुँदै पुनः ठहिटीमा ल्याइन्छ । (मानन्धर, २००८, पृ. २७) । शहर परिक्रमा गर्दा पोडे, ज्यापू, कसाई तथा मानन्धरहरू परम्परागत बाजा गाजासहित जात्रामा सहभागी हुन्छन् । शहर परिक्रमा सकिएपछि सबै देवीदेवतालाई पुनः एकपटक पूजा गरी त्यहीँबाट सबैलाई आ-आफ्नो द्योः छेँमा लगिन्छ र जात्रा विसर्जन गरिन्छ ।

### ४.३.४ लुँती अजिमाको जात्रामा बलीको चलन

लुँती अजिमाको जात्रामा काठमाडौंको माथिल्लोमा पर्ने ज्याठा, त्यौड, ठहिटी, क्षेत्रपाटी, पकनाजोल, ढल्को आदि क्षेत्रका बासिन्दाको मुख्य सहभागिता रहने गर्छ । चान्द्रमास अनुसार प्रत्येक वर्ष मंसिर कृष्ण त्रयोदशी, चतुर्दशी र आमावस्याको दिन यो जात्रा मनाउने गरिन्छ । यसमा गुठीयारहरू मिलेर राँगो र बोकाको बली चढाएर शक्तिको पूजा गर्ने गर्छन् । यो जात्रामा शक्ति प्राप्त गर्न पशुबली दिने चलन छ । लुँती अजिमामा पूजा र जात्रा गरी ढल्कोको माथिल्लो भागका बासिन्दाको पञ्चयज्ञ सम्पन्न हुन्छ । यहाँ होम गर्नुभन्दा पहिले पितृहरूको पूजा हुन्छ । जसलाई पितृ यज्ञ भनिन्छ ।

इन्द्रायणीमा पूजा र जात्रा गर्नको लागि सबभन्दा पहिले द्योःछेंमा राखिएको मूतिलाई खटमा राखेर बाजागाजाको साथमा ल्याइन्छ र मन्दिरमा सजाएर राखिन्छ । होमपूजा त्रयोदशीको मध्यरातमा सुरु हुन्छ । यस होममा चढाउनको निम्ति कम्तिमा ३२ प्रकारका अन्न, गेडागुडी लगायत खाद्य वस्तुहरू राखिन्छ । यज्ञमा आहुती दिनको लागि एक जोडी भँगेरा, एक जोडी फट्यांग्रा, एक जोडी माछा, एक जोडी सर्प र राँगाको टाउकोको समेत तयार

पारिन्छ । यस यज्ञलाई स्थानीयले सर्पाहुती यज्ञ भन्दछन् । यस होमबाट देव यज्ञ पनि सम्पन्न हुने मान्यता रहेको छ ।

होम कार्य सम्पन्न भएपछि पुजारीहरू मन्दिरभित्र प्रवेश गरेर मूलढोका बन्द गरी गोप्य तान्त्रिक विधिले शक्ति पूजा गर्ने गर्छन् । अर्कोदिन विभिन्न गुठीहरूबाट राँगाको बली चढाएर पूजा गरिन्छ । यहाँ बली चढाएको राँगाको रगत र मासु मन्दिर परिसरमा घुमाउँदा चारैतिर छर्कने र खस्ने हुन्छ । यसरी खसेको रगत र मासुको स्वाद पाएर भूतप्रेत पिचासहरू र अन्य गणहरू समेत सन्तुष्ट हुन्छन् भन्ने मान्यता रहेको छ । यस प्रकियमलाई भूतयज्ञ भनिन्छ । सोही बली चढाएको पशुको धाँटीको मासु र अन्य कमलो मासु पोलेर सम्यह्‍यबजी तयार पारेर मन्दिरमा प्रसाद चढाइन्छ । सोही शक्तियुक्त सम्यह्‍यबजीलाई मन्दिर परिसरभित्र बसेर गुठीयारले प्रसादको रूपमा ग्रहण गर्छन् । प्रसाद ग्रहणपछि यज्ञ सम्पन्न हुन्छ ।

साधारणतः सबै देवालयमा जस्तै यो मन्दिरमा पनि भाले पशुको भोग चढाउने चलन छ । बलीको लागि पशुको छनौट गर्दा विभिन्न विधान अनुरूप गरिन्छ । छनोट गर्ने पशुमा निम्न गुण हुनु जरुरी मानिन्छ ।

- राम्रो र फुर्तिलो ।

- कुनै रोगहरू नलागेको ।

- शरीरमा चिल्लो छाला भएको ।

- शरीरमा कुनै प्रकारको अपाङ्गगता नभइको ।

- टाउको र सिङ्गमिलेको ।

- पुच्छर लामो र सुन्दर ।

- शरीरमा घाउखटिरा वा कुनै दाग चोट नलागेको ।

- खुट्टाको खुर राम्रो र रोग नलागेको ।

त्यस्तै भोजको लागि बली दिने पशुमा पनि निम्न गुणहरू हेरिन्छ ।

- दुवै आँखाले राम्ररी देख्न सक्ने ।

- दुवै कान लामो, प्रष्ट देखिने र दुवै कानले राम्ररी सुन्न सक्ने ।

- नाक प्रष्ट र सुँघ्न सक्ने ।

- जिब्रो साधारण र चोट नलागेको हुनुपर्ने ।

- तल्लो र माथिल्लो गिज़ा प्रष्ट हुनपर्ने ।

स्थानीयका अनुसार पहिले पहिले भोग चढाउने पशुलाई सकेसम्म आफ्नै रेखदेखमा वा आफ्नै घरमा पाल्ने चलन थियो । पछि आफैँले पाल्न सम्भव नहुँदा किनेर ल्याउन थालियो । यसरी बलीका लागि पशु किनेर ल्याउँदा पृष्ठभूमिलाई विशेष ध्यान दिइन्थ्यो । पशु छनौट गर्दा जंगल, तलाउ पोखरी, खेतबारी पराल आदिको सुविधा भएको स्थान हेरिन्थ्यो । यसरी ल्याइएका पशुहरूलाई बलीको समयसम्म आहारको विषयमा विशेष ध्यान दिइन्थ्यो ।

छनौट गरिएको पशुलाई बली चढाउन संकल्प गरिन्छ । यस प्रक्रियामा पशुलाई मनाउन विभिन्न विधिहरू अपनाइन्छ । यस अनुरूप उक्त पशुको पूजा गरी प्रसाद खुवाइन्छ र पशुको कानमा मन्त्र फुकिन्छ । यसरी बलीको लागि मनाउने कामलाई *मुहायकेगु* भनिन्छ । यसमा पशुले स्वीकृती दिएमा मात्र बली चढाइन्छ नत्र चढाइँदैन । यसरी तयार पारिएको पशुलाइ मन्दिरमा ल्याएर बली चढाइन्छ । बली चढाउन मन्दिरमा पूजा गरी राखिएको चुप्पी/खड्गलाई भैरवको खड्ग मानेर ढोगेर उठाइन्छ । खड्ग उठाउने व्यक्तिको हातमा पनि पूजा गरिन्छ ।

त्यसपछि बली चढाउने व्यक्तिले आफ्ना सहयोगीको साथ लिएर पशुलाई बाँधेर पल्टाउँछन् । त्यसपछि बली दिन तयार पशुको घाँटी समातेर रगतको मूल नलीको छनौट गर्छन् । उक्त नली काट्दा निस्किएको रगतको फोहोरालाई मन्दिरको वरिपरि चढाइन्छ । यसरी रगतलाई तेज तत्व र जल तत्वको रूपमा चढाइन्छ । त्यसपछि पशुको टाउको घाँटीबाट छुट्याई मन्दिरमा राखिन्छ । यसो गर्दा आकाश तत्व र वायु तत्वलाई सांकेतिक रूपमा चढाइने मान्यता छ । त्यसपछि पशुको टाउकोमाथि कपूर र धुपबत्ती बालेर चढाइन्छ । त्यसबेलामा मन्त्र पढिन्छ । त्यसपछि बली दिइएको पशुको घाँटीको मासु टुका पारी मन्दिरमा चढाइन्छ । यसलाई पृथ्वी तत्वको प्रतीक मानिन्छ । यसरी पशुबली चढाउँदा पञ्चतत्वको प्रतीक चढाएको मानिन्छ ।

बली चढाउने प्रक्रिया सकिएपछि बली चढाएको पशुको घाँटीको मासुको टुका र अन्य नरम मासुको टुकाहरू तुरुन्त पोलेर छोयला मासुको रूपमा तयार पारिन्छ । यसलाई

समयबजीमा राखेर चढाइन्छ। यसरी समयबजी मन्दिरमा चढाउँदा पनि पञ्चतत्वको प्रतीक चढाएको मान्यता रहेको छ।

- स्याबजीको प्रयोग गरिन्छ जसलाई आकाश तत्वको प्रतीक मानिन्छ।

- कालो भट्टमास वा वःमरि चढाइन्छ जसलाई वायु तत्वको प्रतीक मानिन्छ।

- रक्सीलाई तेज तत्वको प्रतीक मानिन्छ।

- अदुवा (पालु)लाई जल तत्वको प्रतीक मानिन्छ।

- यहीँ तयार पारिएको छोयला मासु पृथ्वी तत्वको प्रतीकको रूपमा चढाइन्छ। यसरी समयबजी मन्दिरमा चढाउने काम सम्पन्न हुन्छ।

यसरी छोयला मासुसहितको समयबजी मन्दिरमा चढाइसकेपछि सो शक्तियुक्त समयबजी त्यहाँ शक्ति पूजामा भाग लिन आएका सबैले प्रसादको रूपमा ग्रहण गर्दछन्। पशुवलि चढाउने एउटा मुख्य उद्देश्य यस पीठमा शक्ति उत्पन्न गराएर सोही स्थानमा बसेर समयबजी ग्रहण गरी शक्ति प्राप्त गर्नु पनि हो। प्रसाद खाइसकेपछि मन्दिरमा बली चढाएको पशुको टाउको पीठबाट उठाएर सफा गरी सिकाभू भोजको लागि तयार पार्न लगिन्छ (Kayastha, 2022-11-15) लुँती अजिमा जात्राको पशुबली विशेष)।

## ४.३.५ मन्दिरसँग जोडिएका अन्य जात्राहरू

काठमाडौं उपत्यकामा कुल पाँचवटा इन्द्रायणीको मन्दिर भए तापनि यस मन्दिरको जात्रासँग केवल कीर्तिपुरको इन्द्रायणी मन्दिरको जात्रासँगमात्र सम्बन्धित रहेको छ। स्थानीयका अनुसार पहिले यज्ञकुण्डमा परेवाको पनि आहुती दिने चलन थियो। तर एकपटक यसैगरी आहुती दिने क्रममा अग्नि कुण्डमा हालिसकेको परेवा त्यहाँबाट उडेर भागेको थियो। केही प्वाँख जलेको उक्त परेवा थकाइ मार्दै उड्ने क्रममा सात स्थानमा विश्राम गरी कीर्तिपुरमा गएर बसेको थियो भन्ने किंवदन्ती छ। यसरी यज्ञकुण्डबाट जीवित निस्कन सफल भएकाले सोही परेवाको सम्झनामा कीर्तिपुरमा बखुँ जात्रा वा सात गाउँले जात्रा मनाइन्छ। नेवारी भाषामा परेवालाई *बखुँ* भनिन्छ।

*बखुँ* जात्रा वा *बखुँमल* जात्रा चान्द्रमास पात्रोअनुसार हरेक वर्ष मङ्सिर शुक्ल अष्टमीको दिनमा मनाउने गरिन्छ। यो जात्रामा बाला चतुर्दशीको दिनमा लुँती अजिमाको

मन्दिरमा होम गर्दा बनेको खरानीलाई विभूतिको रूपमा ढल्कोका स्थानीयलाई थाहा नहुने गरी (चोरेर) अनिवार्य ल्याउनुपर्ने हुन्छ (व्यक्तिगत अतर्वार्ता महर्जन, भरतः वि सं. २०७९-४-२८) ।

यस अध्यायमा शोध पत्र तयार पार्नुको दुइवटा मुख्य उद्देश्यहरूलाई समेटेको छ । यस क्षेत्रमा रहेका मूर्त तथा अमूर्त सांस्कृतिक पक्षको अध्ययन गर्नका निमीत्त विभिन्न समयमा स्थलगत अध्ययन गरी तयार पारिएको छ । साथै जात्राको दिनमा स्थलगत अवलोकन गरि यो अध्याय तयार पारिएको छ । जसले इन्द्रायणी मन्दिरमा क्षेत्रमा भएका मूर्त सम्पदालाई सूचीबद्ध गरेको छ भने यस मन्दिरसँग जोडिएको अमूर्त संस्कृति जस्तै नित्य तथा नैमित्यिक पूजा, जात्रा, होम आदिको बारेमा यहा प्रकास पारिएको छ । यसै अध्यायलाई तयार पार्ने क्रममा मन्दिर प्रारिसरमा रहेको तर हालसम्म प्रकासमा नआएको लिच्छविकालीन शिवलिङ्ग र चैत्य फेला परेका छन् जसले यस क्षेत्रको इतिहासमा नयाँ आयामको सृजना गरेको छ ।

# अध्याय पाँच

# संस्कृतिमा आधुनिकीकरणको प्रभाव

## ५.१ इन्द्रायणी मन्दिरमा प्रचलित संस्कृति र आधुनिकीकरणको प्रभाव

आधुनिक समाजमा विकास अपरिहार्य छ । विकासले हरेक मानिसको जीवनलाई सहजीकरण गर्न मद्दत गर्दछ। प्रविधिको विकासले हरेक क्षेत्रमा सहजता सिर्जना गरेको भएपनि कतिपय क्षेत्रमा भने यसको नकारात्मक असर पनि पर्ने गरेको छ । स्थानीय परम्परा, कला तथा संस्कृतिलाई निरन्तरता दिने सवालमा आधुनिकताले ठूलो असर पुऱ्याएको स्थानीयको गुनासो छ । यस मन्दिरको संस्कृति तथा परम्परामा पनि आधुनिकताको ठूलो छाप परेको सरोकारवाला गुठियार तथा पुजारीहरूले गुनासो गरेका छन् । उनीहरूका अनुसार आधुनिकताले मन्दिरको विविध पक्षमा असर पारेको छ । जसलाई संक्षिप्त रूपमा तल चर्चा गरिएको छ ।

आधुनिकताका कारण इन्द्रायणी मन्दिरको नित्य तथा नैमित्तिक पूजामा ठूलो असर परेको पुजारी एवं गुठियारहरूको भनाइ छ । यस मन्दिरमा गरिने नित्य तथा नैमित्य पूजामा चढाइने सम्पूर्ण फूल, चामल, अक्षता, गेडागुडी आदि वस्तुहरू स्थानीय उत्पादनहरू मात्र हुनुपर्ने नियम थियो । केही वर्षअघिसम्म यो नियम पालना पनि हुने गरेको स्थानीय न्हुछेमान महर्जन बताउँछन् (न्हुछेमान महर्जन, व्यक्तिगत अन्तर्वार्ता; वि. सं. २०७९-०८-०५) । तर आधुनिकताको विकाससँगै खेतीयोग्य जमिन बस्तीमा परिणत हुँदा स्थानीय उत्पादनबाट पूजा सम्भव नभएपछि आयातीत सामानले पूजा गर्न थालिएको छ ।

नैमित्तिक पूजा अन्तर्गत् बाला चतुर्दशीमा होम गर्दा दिइने आहुतीमा सर्प लगायत जीव आवश्यक पर्ने भएपनि यो संस्कार अहिले हराइसकेको छ। नियम अनुसार यज्ञमा आहुती दिने सर्प, भँगेरा, फट्यांग्रा, माछा लगायत जीव ढल्को क्षेत्रकै हुनुपर्ने हो। तर अहिले यो भेट्न कठिन भएपछि  यो विधि नै अहिले परिवर्तन गरिएको छ। यी जीव नभेटेपटि आहुती दिँदा त्यसलाई प्रतिकात्मक रूपमा जनाउने सामग्रीको प्रयोग गर्ने गरिएको छ। यद्यपि अहिलेसम्म पनि भँगेरा र परेवा भने उडाउने गरिएको छ।

संस्कार र संस्कृतिका अलावा वातावरणीय रूपमा पनि यो क्षेत्रमा आधुनिकताको असर देखिएको छ। बढ्दो शहरीकरणका कारण मन्दिर विष्णुमती नदीको किनारमा रहेको इन्द्रायणी

मन्दिर आसपास आफैंमा फोहोरयुक्त अवस्थामा छ । हालको समयमा नदी एकदम दूषित भएकोले नदी प्रदूषणको प्रत्यक्ष असर यस मन्दिरमा पनि परेको छ। साथैं नदीसँग जोडिएका कतिपय संस्कारहरू समेत लोप हुने अवस्थामा छ । स्थानीयका अनुसार कुनै समयमा यस मन्दिरको गुठीको नाममा करिब ६० रोपनी जग्गा रहेको थियो तर हाल त्यो जग्गा मन्दिरको परिसरमा मात्र सीमित भएको छ। यो पनि आधुनिकताका कारण परेको असर हो ।

## ५.२ मन्दिरको वर्तमान अवस्था तथा व्यवस्थापन

इन्द्रायणी मन्दिरको स्थापना कहिले र कसको पालामा भयो भन्ने प्रश्नको ठोस जवाफ हालसम्म पाउन सकिएको छैन । तर, मन्दिरको प्रवेशद्वारसँगै रहेको नेपाल संम्वत् ९०२ को अभिलेखमा जीर्णोद्दारको प्रसंग रहेकोले यो मन्दिर मध्यकालमा स्थापना भइसकेको मान्न सकिन्छ। सो समयभन्दा अगाडि यो मन्दिर कुन रूपमा थियो भन्ने प्रश्नको जवाफ हालसम्म पाइएको छैन । स्थानीय तथा मन्दिरको पुजारीका अनुसार विगत २०० वर्षदेखि मन्दिरको वास्तु अहिलेको जस्तै रहेको छ ।

हाल मन्दिरको सम्पूर्ण व्यवस्थापन स्थानीय व्यक्ति, क्लब, समिति तथा गुठियारहरूको तर्फबाट भएको छ। सर्पाहुती होम गर्दाको समयमा वडा कार्यालयबाट केही रकमको व्यवस्था हुने गरेको छ। मन्दिरको सुरक्षा, नित्य तथा नैमित्यिक पूजा, जात्रा आदिको सम्पूर्ण व्यवस्थापन यही क्लब, सुधार समिति र गुठीयारहरूबाट भइरहेको छ।

निष्कर्षमा भन्दा वर्तमान समाजमा विकास अवरिहार्य छ। संसारका कतिपय देशहरूले विकासका लागि विभिन्न प्रविधिको आविष्कार गरेका छन्। यो भनाईलाई मान्ने हो भने समाज विकासमा आधुनिकीकरणको आवश्यकतालाई नकार्न सकिन्न। आधुनिकीकरणको पथमा जाँदा संस्कृति तथा परम्परालाई विशेष ध्यान दिनुपर्ने हुन्छ ।  तर लुँती अजिमा मन्दिरमा आधुनिकीकरणको कारणले कतिपय सम्पदाहरूलाई लोप हुने अवस्थामा लगेको छ । यहाँको नित्य तथा नैमित्यिक पूजा, जात्रा, होम लगायत मूर्त तथा अमूर्त दुबै सम्पदाहरूमा नकारात्मक असर पारेको छ ।

## अध्याय छ

# प्राप्ति, छलफल र निष्कर्ष

## ६.१. मुल प्राप्ति

प्रस्तुत शोधमा समस्याको रूपमा पहिचान भएका प्रश्नहरूको उत्तर खोज्ने प्रयास भएको छ । शोधको तथ्यांक संकलनको क्रममा समस्या कथनमा उल्लेख भएका मुख्य तीन विषयलाई प्राथमिकता दिइएको थियो । इन्द्रायणी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक पक्षको खोजी, मन्दिरसँग जोडिएका अमूर्त सांस्कृतिक पक्षको खोजी र आधुनिकीकरणले भौतिक तथा अभौतिक पक्षमा पारेको असरमा यो शोध केन्द्रित रहेको छ । जसबाट निम्नानुसार तथ्यहरू प्राप्त भएका छन् ।

इन्द्रायणी (लुँती अजिमा) मन्दिरको सांस्कृतिक अध्ययन शीर्षकको यस शोधमा दस्तावेज अध्ययन, अन्तर्वार्ता, लक्षित समूहसँगको कुराकानी, छलफल, अन्तरक्रिया र शोधार्थीको कार्यक्षेत्रको अनुभवका आधारमा निम्नानुसार तथ्यहरू प्राप्त भएका छन् ।

### ६.१.१ इन्द्रायणी क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा

काठमाडौंको ढल्कोमा अवस्थित इन्द्रायणी (लुँती अजिमा) ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक हिसाबले महत्वपूर्ण क्षेत्र हो भन्ने तथ्य विभिन्न साहित्यिक तथा पुरातात्विक स्रोतबाट यसअघि नै प्रमाणित भइसकेको छ । तर यस शोधको क्रममा इन्द्रायणी क्षेत्रमा थप पुराना मूर्त सांस्कृतिक सम्पदाको पहिचान भएको छ । यसअघिसम्म १२ औं शताब्दीका राजा गुणकामदेवकालीन सांस्कृतिक सम्पदाको प्रमाण भेटिएको यस क्षेत्रमा यस शोधको क्रममा पाँचौ/छैठौं शताब्दीका पुरातात्विक प्रमाण भेटिएको छ । मन्दिरको पश्चिमतर्फ भेटिएको लेप लगाइएको तीनवटा शिवलिंगलाई विद्वानहरूले पाँचौ/छैठौं शताब्दी दाबी गरेका छन् । त्यस्तै मन्दिरको उत्तर पुर्वी दिशामा रहेको एउटै ढुंगामा बनेको चैत्य पनि लिच्छविकालिन समयको दावी गर्न सकिने आधारहरू फेला परेका छन् । प्रस्तुत शोधको मूर्त सांस्कृतिक सम्पदा अन्तर्गत्को मुख्य प्राप्ति नै तिनै लिच्छविकालीन शिवलिंगहरू र चैत्य हुन् । यसअघि इन्द्रायणी मन्दिरको पारिपट्टि रहेकी शोभा भगवती (जसलाई इन्द्रायणीकी छोरी मानिन्छ)को मूर्तिलाई विद्वानहरूले लिच्छविकालीन प्रमाणित गरिसकेका थिए । तर शोभा भगवतीकी आमा मानिने इन्द्रायणीमा भने पूर्वमध्यकालभन्दा पुराना प्रमाण भेट्न सकिएको थिएन । जसले गर्दा इन्द्रायणी

देवी शोभा भगवतीकी आमा हुन् भन्ने किंवदन्तीमाथि शंका उब्जिने गरेको थियो । तर यो शोधबाट मुख्यगरी इन्द्रायणीमा पनि लिच्छविकालीन प्रमाण भेटिएको छ। जसले किंवदन्तीलाई थप पुष्टि गरेको छ । शोधको क्रममा इन्द्रायणी मन्दिरभित्र स्थानीयले मनकामना देवीको रूपमा पूजा गर्ने गरेको मूर्ति पनि इन्द्रायणी देवीकै रहेको भेटिएको छ। मध्यकालीन समयमा निर्माण भएको सो मूर्ति मन्दिरभित्र रहेका मूर्तिमध्ये सबैभन्दा पुरानो रहेको भेटिएको छ।

## ६.१.२ इन्द्रायणी क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदा

इन्द्रायणी मन्दिर क्षेत्रमा विभिन्न अमूर्त सम्पदाहरू भेटिएका छन् । बाला चतुर्दशीमा हुने जात्रा, नवरात्रिमा हुने विशेष पूजा, इन्द्रायणीप्रतिको स्थानीयको आस्था, विश्वास लगायतका अमूर्त सांस्कृतिक सम्पदाहरू शोधको क्रममा भेटिएका छन् । बाला चतुर्दशीको समयमा हुने जात्राको क्रममा केही समयअघिसम्म दुई जोडी सर्प, दुई जोडी भँगेरा, दुई जोडी परेवा र दुई जोडी माछाको आवश्यकता पर्ने गर्दथ्यो । दुई जोडीमध्ये एक जोडीलाई आहुती दिइन्थ्यो भने एक जोडी हावामा छाड्ने चलन रहेको थियो । तर कुनै समयमा आहुती दिइएको परेवा उँडेर विभिन्न स्थान हुँदै कीर्तिपुरको हाल इन्द्रायणी मन्दिर रहेको ठाउँमा पुगेर बसेको भन्ने विश्वासका आधारमा अहिले परेवाको आहुती दिन बन्द गरिएको छ । यसरी दिइने आहुतीले इन्द्रायणी देवीको पुनर्ताजगी हुन्छ र त्यसले वर्षभरि स्थानीयलाई सुरक्षित राख्न सहयोग मिल्छ भन्ने विश्वास गरेको पाइएको छ यसरी गरिएको हामलाई पञ्चबली यज्ञ वा सर्पाहुती यज्ञ भनिन्छ। यो पनि मन्दिरसँग जोडिएको अमूर्त सांस्कृतिक पक्ष हो। यसरी आहुती दिने भोग्य वस्तु र नित्य तथा नैमित्तिक पूजाका सबै सामग्रीहरू स्थानीय हुनुपर्ने मान्यता पनि यहाँको अमूर्त सांस्कृतिक सम्पदाको रूपमा भेटिएको छ। आसपासमा रहेका अन्य पीठहरूमा पाहाः चह्रे (घोडे जात्रा) को दिनमा जात्रा हुने गरेको भएपनि यो मन्दिरमा चार महिनाअघि नै जात्रा हुनुको कारण, यज्ञमा जम्मा भएको खरानी ढल्कोका बासिन्दाले थाहा नपाउने गरी कीर्तिपुरसम्म लैजानुपर्ने विश्वास जस्ता अमूर्त पक्ष पनि यो शोधको क्रममा भेटिएको छ । आहुती दिइएको एक जोडी परेवा केही प्वाँख डढेपछि अकस्मात् उँडेर कीर्तिपुरको इन्द्रायणी मन्दिरमा गएर बसेको भन्ने विश्वासका आधारमा अहिलेसम्म पनि इन्द्रायणीबाट खरानी लैजाने चलन बसेको शोधको क्रममा भेटिएको छ। कीर्तिपुरमा मङ्सिर शुक्ल अष्टमीमा चल्ने बखुँ वा सातगाउँले जात्राको सम्बन्ध पनि यहाँको इन्द्रायणीसँग सम्बन्धित रहेको शोधको क्रममा भेटिएको छ। इन्द्रायणीमा आहुती दिइएको परेवा सात ठाउँमा बसेर हाल कीर्तिपुरमा रहेको इन्द्रायणी मन्दिरमा पुगेको विश्वासको आधारमा सात गाउँले जात्रा मनाउने गरेको पाइएको

हो जसलाई स्थानिय भाषामा बखुँमल जात्रा भनिन्छ । नेवारी भाषामा बखुँ भनेको परेवा रहेकोले यो जात्रा समेत सोही परेवासँग सम्बन्धित रहेको तथ्य भेटिएको छ ।

### ६.१.३ सांस्कृतिक गतिविधिमा आधुनिकताले पारेको असर

इन्द्रायणी मन्दिरमा रहेका मूर्त तथा अमूर्त सम्पदाहरूमा पछिल्लो समय धेरै परिवर्तन आएको शोधको क्रममा भेटिएको छ । आधुनिकताका कारण मूर्त सम्पदा क्षयीकरणको अवस्थामा रहेका छन् भने अमूर्त सम्पदाहरूमा पनि परिवर्तन आएको छ । स्थानीय सबिन बज्राचार्यसँगका अन्तर्वार्ताको क्रममा दुई दशकअघिसम्म इन्द्रायणी मन्दिरको नाममा करिब ६० रोपनी जग्गा रहेको भएपनि हाल अतिक्रमण भएर मन्दिर परिसरमा मात्रै सीमित भएको छ (सबिन बज्राचार्य, व्यक्तिगत अन्तर्वार्ताः वि. सं. २०७९-४-२८) । यसलाई पनि आधुनिकता र शहरीकरणले पारेको असरको रूपमा लिइएको छ । आधुनिकताले यहाँका मूर्त पक्षमा धेरै असर गरेको नभेटिए तापनि अमूर्त पक्षमा भने ठूलो असर पारेको भेटिएको छ । नित्य तथा नैमित्तिक पूजामा स्थानीय सामग्री अनिवार्य रहेको भएपनि अहिले स्थानीय सामग्री नभेटिँदा आयातीत सामग्रीबाट काम चलाउनुपर्ने बाध्यता देखिएको छ । जसले स्थानीय विश्वास र आस्थामा गहिरो असर पारेको छ । स्थानीय तीर्थमान शाक्यसँगको अन्तर्वार्तामा १० वर्षअघिसम्म एक जोडी सर्पको आहुती दिने परम्परा जीवित रहेको भएपनि हाल सो परम्परा लोप भइसकेको छ (तीर्थमान शाक्य, व्यक्तिगत अन्तर्वार्ताः वि. सं. २०७९-८-५) । मन्दिर क्षेत्र नजिकै सर्प पाउने एउटा निश्चित ठाउँ थियो । त्यहाँ गएर तान्त्रिक विधिबाट सर्पलाई नियन्त्रणमा लिइन्थ्यो । तर अहिले सर्प पाउने ठाउँमा घर बनेको र तान्त्रिक विधि अपनाउने जानकारको समेत अभाव हुँदा पछिल्लो एक दशकदेखि सर्पको आहुती दिन बन्द गरिएको छ । यो पनि शोधको क्रममा भेटिएको अर्को तथ्य हो ।

## ६.२ निष्कर्ष

मातृशक्तिको पूजा परम्पराको इतिहास आजभन्दा ४५०० वर्षपहिले सिन्धुघाटी सभ्यतामा पनि भएका विविध प्रमाणहरू भेटिएका छन् । भारतवर्ष र यसभन्दा बाहिर पनि मातृशक्तिको पूजा हुने गरेको पुरातात्विक प्रमाण भेट्न सकिन्छ । नेपालमा लिच्छविकालदेखिका समय उल्लेखित अभिलेखयुक्त नारीमूर्तिहरू भेटिएका छन् । अतः लिच्छविकालभन्दा पहिलेदेखि नै नेपालमा शाक्त सम्प्रदायको महत्व बढ्दै गएको भेटिएको छ । सोही समयमा नेपालका विभिन्न ठाउँमा शक्तिपीठको स्थापना भएका प्रमाणहरू भेटिन्छन् । इन्द्रायणी मन्दिर पनि यिनै

महत्वपूर्ण शक्तिपीठमध्येको एक हो । आसपासका शक्तिपीठहरूमा पूर्वलिच्छविकालीन प्रमाण भेटिए पनि इन्द्रायणी मन्दिर परिसरमा भने हालसम्म पूर्वमध्यकालीन (गुणकामदेवकालीन) संरचना मात्रै भेटिएको थियो । तर, यस शोधको क्रममा इन्द्रायणी मन्दिर परिसरमा लिच्छविकालीन विशेषतासँग मिल्दोजुल्दो लेपसहितको शिवलिंग भेटिएपछि यो क्षेत्रलाई पनि लिच्छविकालीन मान्न सकिने आधार भेटिएको छ । मूर्तिविद् सन्ध्या खनाल पराजुलीले यो शिवलिंग सातौं शताब्दीको आसपासको हुन सक्ने बताउनुभएको छ । तर विष्णुमतिपारि रहेको शोभाभगवती मानदेवकालीन मानिएको छ । किंवदन्ती अनुसार इन्द्रायणीलाई शोभा भगवतीकी आमा मानिने भएकोले यो क्षेत्र पनि मानदेवकालीन वा अझ पुरानो मान्न सकिन्छ । त्यसैले यसको ऐतिहासिकता पत्ता लगाउनको लागि थप पुरातात्विक अध्ययन आवश्यक रहेको भेटिएको छ । यसका अलावा शोधको क्रममा आधुनिकताले मन्दिरको मूर्त तथा अमूर्त सम्पदामा गहिरो असर पारेको भेटिएकोले यसको सांस्कृतिक संरक्षणमा सरोकारवाला निकायले समयमा नै चासो दिनुपर्ने देखिन्छ ।

## परिशिष्ट एक

### अन्तर्वार्तामा सहभागी स्थानीय तथा विज्ञहरूको नाम र ठेगाना

| क. सं. | नाम | ठेगाना | विज्ञता | अन्तर्वार्ता मिति |
|---|---|---|---|---|
| १ | आभाष राजोपाध्याय | झोँछे | चाँगुनारायण मन्दिर पुजारी | २०७९-५-१८ |
| २ | तीर्थमान शाक्य | ढल्को | स्थानीय | २०७९-८-५ |
| ३ | न्हुछेमान महर्जन | ढल्को | स्थानीय | २०७९-०८-०५ |
| ४ | नगेन्द्र राजोपाध्याय | सीतापाइला | संस्कृति विद | २०७९-३-१२ |
| ५ | भरत महर्जन | कीर्तिपुर | संस्कृति विद् | २०७९-४-२८ |
| ६ | मदन कुमार रिमाल | कीर्तिपुर | प्राध्यापक | २०७९-०५-२६ |
| ७ | रवि देउला | ढल्को | स्थानीय | २०७९-०५-२७ |
| ८ | राजु कर्माचार्य | ढल्को | लुँती अजिमा मन्दिर पुजारी | २०७९-७-२२ |
| ९ | सबिन बज्राचार्य | इन्द्रचोक | फोटो पत्रकार | २०७९-४-२८ |
| १० | सानुमाया महर्जन | ढल्को | स्थानीय | २०७९-३-१८ |
| ११ | सुदर्शन अर्याल | टोखा | सस्कृत विद् | २०७९-५-१० |

**नोट : माथि उल्लेखित स्थानीय तथा विज्ञहरूसँग व्यक्तिगत कुराकानी गरिएकोले नामोल्लेख गरिएको छ । तर सामूहिक छलफलमा सहभागी व्यक्तित्वहरूको नाम उल्लेख गरिएको छैन ।**

# परिशिष्ट दुई

## अन्तर्वार्ताको क्रममा सोधिएका प्रश्नको ढाँचा

### ढल्कोका स्थानीयको लागि अन्तर्वार्ताको नमुना

यो प्रश्नावली मैले मेरो स्नातकोत्तर शोध कार्यका लागि तयार पारेको हुँ । यसमा उल्लिखित विविध पक्षका बारेमा आफ्नो राय प्रकट गरी सहयोग गरिदिनु भए आभारी हुने छु । यहाँका उत्तर शोध प्रयोजनका लागि मात्र उपयोग हुने विश्वास दिलाउँछु ।

नाम, थर :

वतन :

उमेर :

लिङ्ग :

पेशा :

१) लुँती अजिमा मन्दिरको ऐतिहसिकता कहिले देखि सुरु हुन्छ ?

२) यस मन्दिरलाई स्थानीयले कस्तो महत्व दिएको छ ?

३) यस मन्दिरमा नित्य तथा नैमित्यिक पूजाको लागि को पुजारी रखिएको छ ?

४) नित्य पूजामा के कस्ता सामग्रीको प्रयोग हुन्छ ?

५) नैमित्यिक पर्वहरू के के छन् र तिनलाई क-कस्ले सञ्चालन गर्छ ?

६) यस मन्दिरसँग सम्बन्धित जात्राहरू केके छन् ?

७) जात्राहरू कस्ले सञ्चालन गर्छ ?

८) जात्रा कति दिन चल्छ र कहाँ कहाँ लगिन्छ ?


९) यस मन्दिरमा हुने जात्रामा पहिले र अहिले के-कस्ता पविर्तनहरू आए ?

१०) विगत २० वर्ष र अहिलेमा सांस्कृतिक क्रियाकलापमा के-कस्तो भिन्नता आए ?

११) यहाँको घाटमा कको घाटमा क-कस्को अन्तिम संस्कार गरिन्छ ?

# परिशिष्ट तीन

## चित्र सूची



चित्र नं. १ : तीन तले इन्द्रायणी मन्दिर   तस्वीरः प्रकास वाग्ले




चित्र नं. २. मन्दिर भित्रको सानो मन्दिर   तस्वीरः महेश सापकोटा



चित्र नं. ३ मन्दिरको मुख्य द्वारमाथि रहेको तोरण        तस्वीरः महेश सापकोटा



चित्र नं. ४ मन्दिरको पुर्वी दिशामा रहेको तोरण        तस्वीरः महेश सापकोटा



चित्र नं. ५ मन्दिरमा रहेको इन्द्रायणी देवीको मुख्य मूर्ति        तस्वीरः महेश सापकोटा



चित्र नं. ६ मन्दिर भित्र रहेको थु: सा: भनिने नन्दीको मूर्ति        तस्वीरः महेश सापकोटा



चित्र नं. ७ मन्दिर परिसरमा रहेको लिच्छविकालिन भनिने शिवलिङ्ग तस्वीरः महेश सापकोटा




चित्र नं. ८ अभिलेख सहितको बज्रधातु चैत्य तस्वीरः महेश सापकोटा




चित्र नं. ९ ने. सं. ९०२ को अभिलेख तस्वीरः महेश सापकोटा



चित्र नं. १० ने सं. १००८ को अभिलेख तस्वीरः महेश सापकोटा



चित्र नं. ११ ने सं. १०१५ को अभिलेख तस्वीरः महेश सापकोटा



चित्र नं. १२ ने. सं. १०२० को अभिलेख तस्वीरः महेश सापकोटा



त्रिचत्र नं. १३ मन्दिर परिकमा गरिँदाको इन्द्रायणी देवीको खट    तस्वीरः प्रकास वाग्ले

# सन्दर्भ सूची


अमात्य, साफल्य, (वि.सं. २०६०), *पानी र संस्कृति,* काठमाडौं: खानेपानी संस्थान ।

अलौकिक, अजय, (वि. सं. २०७६-०३-१२) *अमूर्त सम्पदा संरक्षणमा चीन:* अन्नपुर्ण पोस्ट् https://annapurnapost.com/news/amuurt-smpdaa-snrkssnnmaa-ciin-130745

कोइराला, कुलचन्द्र, (वि.सं. २०६५), *शाक्त सम्प्रदाय र शक्ति पीठ,* काठमाडौं: कुलचन्द्र कोइराला स्मृती प्रतीष्ठान ।

खत्री, प्रेम र दाहाल, पेशल, (वि.सं. २०५५), *नेपाली संस्कृति र सभ्यता,* काठमाडौं: वीनर प्रिन्टिङ्ग प्रेस ।

खतिवडा, सोमप्रसाद, (वि.सं. २०५५), *अभिलेख विज्ञान एवं मुद्राशास्त्र,* काठमाडौं: एम. के पब्लिशर्स एण्ड डिष्ट्रीबयूटर्स ।

गुठी लगत तथा अभिलेख शाखा कार्यालय, भद्रकाली: बटुक १२० ।

जोशी, हरिराम, (वि.सं. २०६०), *नेपालका चार्डपर्व,* ललितपुर: जोशी रिसर्च सेन्टर ।

झा, आधानाथजी, (१९८७), *शक्तिपीठका प्रादुर्भाव कल्याण,* गोरखपूर: गीता प्रेस

धिमाल, सोम, (वि. सं. २०७२), अमूर्त सांस्कृतिक सम्पदा: Hamar Pahura.com https://hamarpahura.com/2694

न्यौपाने, गोविन्द, (वि.सं.२०७३-०६-०१), *सस्कृति परम्परामा शाक्त दर्शन,* अन्नपुर्ण पोस्ट् https://annapurnapost.com/news/55740-55740

नकर्मी, पुण्य, (१९८४), *विष्णुमतीको इन्द्रायणी मन्दिर* : एक परिचय, Nepalese Culture (अं ४)

नाथ, नरहरी, (वि. सं. २०१३), *देवमाला वंशावली,* काठमाडौं, शिद्धाचल मृघस्थली

नेपाल, भीमप्रसाद, (वि. सं. २०७४), *नेपालको जीवन्त संस्कृतिमा २०७२ सालको महाभूकम्पले पारेको असर* : नेपाल (अं २)

पोखरेल, निर्मला, (वि.सं. २०७७), *शक्तिका स्रोत नवदुर्गाहरु,* Nepalese Culture (अं १४)

पोद्दार, हनुमान प्रसाद, (वि. सं. २०६६), *श्रीमद्वाल्मीकीय रामायण,* गोरखपुर: गीता प्रेस

पौडयाल, वीणा, (वि. सं. २०६०), *काठमाडौं उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू,* काठमाडौंः साझा प्रकासन

बज्राचार्य, धनबज्र, (वि. सं. २०५३), *लिच्छवि कालका अभिलेख,* काठमाडौंः नेपाल एसियाली अनुसन्धान केन्द्र

बराल, बासु, (वि. सं. २०५०), हिन्दू सामाजिक सङ्गठनको प्रारूप, काठमाडौ)ः साझा प्रकासन

मानन्धर, टिना, (२००८) *इन्द्रायणी जात्रा,* मलिना २

राउत, कुमार (वि. सं. २०७७-०४-१५), मौलिक संस्कृति पुस्तान्तरणमा समस्या, राजधानी https://rajdhanidaily.com/id/18859/

रेग्मी, जगदीशचन्द्र, (वि. सं. २०५०), *शाहकालिन कला र वास्तुकला,* काठमाडौं, साझा प्रकासन

लुइटेल, तिल प्रसाद र दाहाल, रोशन, (वि. सं. २०७४), *चार वेदको सार,* काठमाडौंः मञ्जरी पब्लिकेशन,

शिल्पकार, प्रकाशमान, (वि. सं. २०७८), *कल्खु अजिमा शरण,* काठमाडौंः सफल इन्टरनेस्नल मल्टिसर्भिस प्रा. लि.

क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र, (वि.सं २०७६), *नेपाली कला, वास्तुकला र प्रतिमालक्षण,* काठमाडौंः एसिया पब्लिकेसन ।

क्षेत्री, गणेश र सोमप्रसाद खतिवडा, (वि.सं.२०५४), *हिन्दू समाज र धर्म,* विराटनगरः शिवा प्रकाशन ।

श्रेष्ठ, कल्पना, (वि. सं. २०७८), *काठमाडौँ उपत्यकाको सांस्कृतिक परम्परा,* काठमाडौंः पल्लव प्रकासन प्रा. लि. ।

Aryan, K C (1980) *The little goddesses*, New Delhi : Rekha Prakashan

Bangdel, L S (1982) *The early sculptures of Nepal,* New Delhi: Vikas Publishing House

Deo, S. B. (1964), *Archaeological Investigation in Nepal Terai*, Dept. of Archaeology, H. M. G. Nepal

Gurung, jagaman, *नेपाल मण्डलका तान्त्रिक सम्पदाका विशेषता* (2021-07-05) Home [Nepali Sarvamanya Tantra] (2021-07-05) https://www.facebook.com/nepalisarvamnayatantra/videos/769237170893562/

Kayastha, B N, *लुँती अजिमा जात्राको पशुबली विशेष* (2022-11-15) Home [ Cultural heritage of Nepal] (2022-11-15) Facebook https://www.facebook.com/groups/890756631365857/?multi_permalinks=1541299929644854&ref=share

Khanal Parajuli, S (2022) *Shivalinga: Symbolism, Typology and a Glance on Licchavi Shivalingas,* Nepalese Culture, 14, p 29-32

Kido, A B.S. 2068, *Study on formation of urban issue in Bhaktapur in Kathmandu valley*, Nepal p 27

Makey, S (1984) *Shakta Iconology of Nepal*, Ancient Nepal N. 91

Shastri, H K (B.S. 2028) *South Indian Images of god and goddess*, Madras Government press

Wright, D. (1972 ) *History of Nepal, Kathmandu*: Nepal Antiquated Book Publishers, p 78